# नेपालको सार्वजनिक प्रशासनका मामिलाहरू

## अङ्क ५

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर
२०७६

# नेपालको सार्वजनिक प्रशासनका मामिलाहरू
# अङ्क ५

अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

२०७६

**सम्पादक**
नरायण गोपाल मलेगो
त्रिलोचन पोखेल
अनिल कुमार गुप्ता

**समीक्षक**
उत्तम आचार्य
रघु बिष्ट
शिवहरि अधिकारी
गिताञ्जली उपाध्याय
अनिता पौडेल
प्रतिभा ढुंगाना
शैलेन्द्र भट्ट
रोशनी भुजेल
प्रमोद निरौला

**भाषा सम्पादक**
उत्तम आचार्य

**प्रतिलिपि अधिकार**
अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

*info@nasc.org.np, rcsd@nasc.org.np*
*Available online http://www.nasc.org.np*
*© 2019 Nepal Administrative Staff College*
*ISSN 2467-9127 (print)*
*ISSN 2467-9135 (online)*

**प्रकाशन मिति**
आषाढ २०७६

*यो अंकका लेखहरूमा व्यक्त गरिएका विचारहरू लेखकका व्यक्तिगत हुन् । तिनीहरूले प्रतिष्ठान वा लेखक आबद्ध संस्थाको प्रतिनिधित्व गर्दैनन् ।*

## प्रकाशनको बारेमा

सार्वजनिक प्रशासन गतिशिल हुन्छ । सामाजिक, राजनीतिक, आर्थिक तथा विश्व परिवेशमा आउने परिर्वतनले सार्वजनिक प्रशासनलाई गतिशिल बनाउँछ । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल सार्वजनिक प्रशासनको नयाँ युगमा प्रवेश गरेको छ । एकात्मक राज्य व्यवस्थाबाट संघीय राज्य व्यवस्थामा रुपान्तरणको क्रममा रहेको नेपालको सार्वजनिक प्रशासनलाई नागरिकको विश्वास आर्जन गर्दै थप प्रभावकारी र नजितामुखी बनाउँनु आवश्यक छ । यसै क्रममा प्रतिष्ठानले सार्वजनिक प्रशासनको क्षमता अभिबृद्धि गर्न राजपत्राकित तृतीय श्रेणीका नवनियुक्त अधिकृतहरुको क्षमता विकासको लागि संचालन गर्दै आएको आधारभूत प्रशासन प्रशिक्षणमा प्रशिक्षार्थी अधिकृतहरुलाई नेपाली समाज र नागरिकलाई नजिकबाट बुझ्ने र उनीहरुको आकंक्षा अनुरुप गुणस्तरीय सेवा प्रदान गर्न अभिप्रेरित गर्ने उद्देश्य राखी सार्वजनिक प्रशासनका विभिन्न पक्षहरुमा अध्ययन अनुसन्धान गराउदैं आएको छ ।

ती अध्ययनमा आधारित भएर तयार पारिएका लेखहरुलाई सम्पादन गरी प्रतिष्ठानले निरन्तर रुपमा सार्वजनिक प्रशासनका मामिलाहरुको संगालो प्रकाशन गरिरेहेको छ । नेपाल सरकारका नवनियुक्त प्रशिक्षार्थी शाखा अधिकृतहरुले ३२ औं आधारभूत प्रशासन प्रशिक्षणको क्रममा लेख्नु भएको नेपालका सार्वजनिक प्रशासनका मामिलाहरु अङ्क ५ सार्वजनिक प्रशासन भित्रका विभिन्न पक्षहरुलाई समेटी तयार पारिएको यथार्थ लेखहरुको संगालो हो । यसमा लेखकहरुले सार्वजनिक प्रशासनमा देखापर्ने घटनाहरुको तथ्यपरक चित्रण गर्नुका साथै यसमा रहेका समस्या समाधानका विकल्पहरु पनि प्रस्तुत गरेका छन् । यो अंकमा २२ वटा लेखहरु समेटिएका छन् जुन सार्वजनिक प्रशासनमा रुची राख्ने पाठकहरुलाई नेपालको सार्वजनिक प्रशासनको यथार्थलाई बुझ्नका निमित्त सहयोगी हुनेछ । लेखहरु तयार गर्ने लेखकहरुलाई व्यक्त गर्दछौं । लेखहरुको मूल्यांकन र छनौटमा भूमिका खेल्नु हुने समीक्षकहरु रघु बिष्ट, शिवहरि अधिकारी, गिताञ्जली उपाध्याय, अनिता पौडेल, प्रतिभा ढुंगाना, शैलेन्द्र भट्ट, रोशनी भुजेल, प्रमोद निरौला तथा भाषा सम्पादन गर्नु हुने उत्तम आचार्यलाई धन्यवाद दिन चाहन्छौं । यो प्रकाशनलाई आफ्ना अमूल्य सुझावहरु तथा उत्प्रेरणा प्रदान गर्नु हुने प्रतिष्ठानका कार्यकारी निर्देशक श्री पुण्यप्रसाद न्यौपाने, उपकार्यकारी निर्देशक खुमराज पुञ्जाली र वरिष्ठ अध्ययन निर्देशक श्री कमलनयन प्रधानलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**सम्पादक**

# विषय सूचि


विकास निर्माणले निम्त्याएको विनास- *उषा थपलिया पाण्डे* १-३
कैदीबाट जन्मिएका बालकको शैक्षिक भविष्य- *केशबकुमार अधिकारी* ४-८
कपिलवस्तु नगरपालिकाको सडक निर्माण योजना- *गायत्र श्रेष्ठ* ९-१३
शुक्लाफाँटा सहकारीमा विवाद- *गोपाल शर्मा* १४-१७
ज्ञान बहादुर खत्रीको जग्गाधनी प्रमाण पूर्जामा नाम संसोधन- *टंक प्रसाद पन्थी* १८-२०
जग्गाको हदवन्दी र अंशियार कायम- *तोयानाथ लम्साल* २१-२४
घर जग्गा सम्बन्धी विवादमा न्यायिक समितिको सक्रियता- *दिपक दाहाल* २५-२८
स्थानीय बस्तीको झगडा र वाँसको मूल्य- *दिनेश ज्ञवाली* २९-३५
मालपोत कार्यालय र नापी कार्यालयको सहकार्य र सम्बन्ध- *प्रज्ञा ढकाल* ३६-४०
गौर बस टर्मिनल संचालनमा देखिएको विवाद- *विनोद खनाल* ४१-४४
योजना कार्यान्वयनमा उपभोक्ता समिति र स्थानीय लाभग्राहीबीच समस्या -*विनोद सापकोटा* ४५-४८
गोरखा नगरपालिकामा सूचना प्रबिधिको प्रयोग र व्यवस्थापनमा
देखापरेका समस्या- *विष्णु प्रसाद पाण्डेय* ४९-५२
मालपोत कार्यालयबाट भएको त्रुटीलेगर्दा कुलप्रसाद लोहनीले
भोग्नुपरेको सास्ती- *ममता कुमारी ओझा* ५३-५६
व्यक्तिको नाममा दर्ता स्रेस्ता बदर गरी नेपाल सरकारको नाममा स्रेस्ता कायम- *महेश सुबेदी* ५७-६०
मोलहु यादव र रामपृत यादवबीचको लेनदेन विवाद- *रुद्र बहादुर पछाई* ६१-६३
ज्येष्ठ नागरिकप्रतिको कनिष्ठ व्यवहार विरुद्ध न्यायिक समितिको सचिवालय- *रेखा दास* ६४-६७
वावुको नाँउबाट छोरीको नाँउमा घरजग्गा नामसारी गराउदाको सास्ती- *शिव नारायण शाह* ६८-७४
वैदेशिक रोजगारीको नाममा महिला बेचबिखन तथा ओसारपसार
न्युनीकरणमा जि.प्र.का बाँकेको राहदानी फाँटको भूमिका- *सुनिता पहरी* ७५-७७
छाडा चौपायाहरुको व्यवस्थापनमा भीमदत्त नगरपालिका- *हर्क बहादुर रोका* ७८-८१
A Dilemma Between Rights of Specially Abled and
Procedural Hegemony- *Antosh Pradhan* ८२-८४
Green City Initiative in Ilam Municipality- *Babita Jaiswal* ८५-८८
Problem in Providing Computerized Land Ownership Card- *Moho Datta Adhikari* ८९-९१

# विकास निर्माणले निम्त्याएको विनास

**उषा थपलिया पाण्डे**

## १.पृष्ठभूमि

मुलुकमा विद्यमान राजनीतिक स्थायित्व, निर्वाचित जनप्रतिनिधि र सचेत नागरिक भएको अनुकूल अवस्थामा विकास निर्माणका कार्यहरू तीव्र रूपमा भइरहेको पाइन्छ । यद्यपि विकास निमाणका नाममा भने थुप्रै सडकबाटोहरूनै बढी निर्माण भएको पाइन्छ । जसबाट मुलुकका दुरदराजमा समेत सडकबाटो पुगि आमनागरिक लाई आवतजावतमा सहज बनाएको हुन्छ । सडकबाटो विकासको महत्वपूर्ण खम्बाका रूपमा रहेको हुन्छ । जहाँ सडक पुगेको हुन्छ, त्यहाँका अन्य विकासका क्षेत्र जस्तै कृषि, उद्योग, व्यापार, पर्यटन आदिको विकास गर्न सहज वातावरण तयार भएको हुन्छ । अन्ततः समग्र मुलुकको नै आर्थिक विकासमा टेवा पुर्याउने भएकोले पनि सडकबाटो निमाण अधिकांश जनप्रतिनिधि अर्थात् आम-नागरिकको पहिलो आवश्यकता र प्राथमिकता बनेको हुन्छ ।

मुलुकको संघीयस्वरूप बमोजिम स्थानीय सरकारको रूपमा गाउँपालिका र नगरपालिका रहेको हुन्छ । गाउँपालिका र नगरपालिकामा स्थानीय विकासको लागि जनताका आवश्यकतामा आधारित भएर जनताको सहभागितामा विकास योजना निर्माण गर्ने गरिन्छ । अधिकांश स्थानीय तहले मोटरबाटोलाई विकासको सम्वाहकको रूपमा लिने तर अन्धाधुन्ध रूपमा जतासुकै भिराला पहाडमा कुनै भौगर्भिक अध्ययन बिना र यसले पार्न सक्ने प्रभावको गाम्भिर्यतासमेतलाई ध्यान नदिइ निर्माण हुने गरेको पाइन्छ । जसको परिणाम स्वरूप बाढी, पहिरो, मानव वस्ति डुवानमा परी करोडौंको मानवीय तथा भौतिक क्षति मुलुकले व्यहोर्न पर्ने हुन्छ । यसै अनुरूप यस पुतलीबजार नगरपालिकाको गौरव योजनाको रूपमा रहेको ३,८ र ९ नं. वडालाई पृथ्वी राजमार्ग संग जोड्ने प्रगतिनगर-बाहकोटनाम्चे-काल्खु-राम्चे मोटरबाटो स्तरोन्नति गर्ने योजनाको कुल लागत रू ६०,००,०००/-रहेकोमा नगरसभाबाट विनियोजित रू ४८,००,०००/- र उपभोक्ता समितिले कुल लागतको २०%(१२,००,०००/-)व्यहोर्ने गरी मिति २०७४/११/१३ मा ११ सदस्यीय उपभोक्ता समितिका अध्यक्ष श्री डोल बहादुर मल्लले मिति २०७४/११/२५ मा काम शुरू गरी मिति २०७५/२/२९ मा कार्य सम्पन्न गर्ने गरी न.पा.सँग कार्यसम्पादन सम्झौता भएको र मिति २०७४/०३/४ मा कार्य सम्पन्न गरी भुक्तानी लिएको देखिन्छ ।

## २. समस्याको कथन

पुतलीबजार नगरपालिकाको गौरव आयोजनाको रूपमा रहेको प्रगतिनगर-बाहकोट-नाम्चे-कोल्मा-राम्चे मोटरबाटो निमाणका क्रममा डोजरले खन्दा निस्किएका ढुङ्गा र माटो थुपार्दा ढिस्को निर्माण भएको थियो । स्थानीयबासीले थुपारेको माटो व्यवस्थापन गर्नुपर्छ, वर्षा लागेपछि यसले समस्या दिन्छ भनेर पटक पटक भन्दा पनि कतैबाट यसको कुनै चासो नदिएको र मिति २०७५/०३/०५ गतेको राति अविरल पानी परेपछि पहिरोको रूपमा तल खस्न गयो । जसबाट केही खेतियोग्य जमिन बगरमा परिणत भइ लाखौ रूपैंयाको बालीनाली नष्ट भयो भने नगरवासीलाई खानेपानीको सेवा प्रवाह गर्दै आएको यु.के. मिनरल वाटर मा समेत क्षति पुर्याएको र साँघुरिएको अरौंदी खोलामा पहिरो को

ढुङ्गामाटोले पानी थुनिइ वडा नं. १ का करिव डेढसय घरपरिवार डुवानको जोखिमा परेकोले स्थानीयबासी मिलेर न.पा.मा आक्रोशित रूपमा आई लापरवाही तरिकाले गरेको विकासको परिणामले मानव निर्मित प्रकोपको शिकार हुनु परेको छ, यसको रोकथाम र क्षतिपूर्ति यथाशिघ्र गर्नुपर्ने भनी माग गर्नुभएको थियो ।

## ३.समस्याको विश्लेषण

### ३.१ समस्याको इतिहास

पुतलीबजार नगरपालिकाको वडा नं. ३, ८ र ९ का करीव ३०० घरधुरी का करिव २००० जनसंख्यालाई बजार सम्म सीधा पहुँच पुर्याउने उद्देश्यले न.पा.ले गौरव योजनाको रूपमा प्रगतिनगर-बाहकोट-नाम्च-काल्खु-राम्चे मोटरबाटो योजना उपभोक्ता समिति मार्फत् निर्माण गराउने सम्झौता गरिएको थियो । बाटोको स्तरन्नोति गर्दा भौगर्भिक अध्ययन अर्थात प्राविधिक समितिको स्वीकृत नलिइ जथाभावी रूपमा डोजर लगायत भारी  उपकरणको प्रयोग गरि पानीको प्राकृतिक प्रवाह थुनिएको र थुपारेर राखेको ढुङ्गामाटो पानी पर्दा एकैचोटी बगाउदा पहिरो गइ मानवीय क्षति नभए पनि ठूलो धनजनको क्षति भएको थियो ।

### ३.२ समस्याका कारणहरू

माथि उल्लेखित समस्याका कारणहरू देहाय बमोजिम रहेका छन ।

- माथिको समस्याको प्रमुख कारण भनेको मोटरबाटोको स्तरोन्नति गर्दा पहाडको कटाइ बढी हुनजाने हुनाले पहाड काट्नेवित्तिकै रिटेनिङ वाल लगाउनु पर्ने सो नगरिएको ।
- दोस्रो कारण भनेको उपप्रमुखको अध्यक्षतमा अनुगमन तथा निरीक्षण गर्न गएको टोलीले र स्थानीय सर्वसाधारणले पटक पटक थुपारेको माटो ढुंगा फाल्न निर्देशन दिंदा उपभोक्ता समितिले बेवास्ता गरेको र यस्ता उपभोक्ता समितिलाई कारवाहीको दायरमा लिन नसक्नु पनि हो ।
- ठूला योजनाहरू निर्माण गर्दा योजनाले पार्न सक्ने प्रभावको गाम्भिर्यतालाई हेरेर प्रारम्भिक वातावरणीय परीक्षण (आईई) र वातावरणीय प्रभाव मूल्याकंन (ईआईए) गर्नुपर्ने सो नगरिएको कारण नै यहाँ लगायत थुप्रै ठाउँमा मानवनिर्मित प्रकोप बाट ठूलो समस्या भोग्नु परेको छ ।
- पहाडको भीरालो ठाउँ, जहाँ भौगोर्भिक रूपमा संवेदनशील रहेको हुन्छ । त्यस्तो स्थानको भारी उपकरण जस्तै डोजर, स्काभेटर आदिको प्रयोग गर्नुपूर्व प्राविधिक समितिबाट निरीक्षण पश्चात मात्र गर्नुपर्नेमा आ-आफ्नै तरिकाले जथाभावी सञ्चालन गरेको ।

### ३.३ प्रभावहरू

मानवीय जनजीवनलाई सहज बनाउने उद्देश्यले नै विकास निर्माणका कार्य गरिन्छ तर यसको असर प्रभावको बारेमा अध्ययन नै नगरी जथाभावी रूपमा निमाण गरिनाले कयौं मानवीय तथा धनजनको क्षति व्यहोर्नु पर्ने हुन्छ । यसप्रकारको विकास नै विनासको कारक बन्ने गरेको पाइन्छ । माथि उल्लेखित समस्याबाट देहाय बमोजिम प्रभाव पर्ने देखिन्छ :

- खेतीयोग्य जमिन बगरमा परिणत भएर घर भित्रिने बेलाको बालीनाली नष्ट हुँदा पिडित परिवारमा खाद्यान्नको अभाव हुने,

- पहिरोले अरौदी खोलाको पानी थुनिएर मानव बस्तितर्फ पानीको बहाव बढेकोले डुवानमा पर्न सक्ने जोखिम रहेको,
- खानेपानीका संरचनाहरूमा मात्रै क्षति नभएर मुहान सुक्ने र सर्ने समस्या देख्ना पर्न सक्ने,
- वर्षातको समय भएकोले यस्तो जोखिम युक्त बाटो निर्माणको कार्यले मानिसमा जतिसुकै समयमा पहिरो जाने र कतिखेर जोखिममा परिने हो भन्ने त्रास रहने,
- यस किसिमको विकासले कसैलाई सहज बनाएको हुन्छ भने कसैको घर बेघर बनाइ सुकुम्बासी नै बनाइदिएको हुन्छ ।

## ४. समस्या समाधानका लागि चालिएका कदमहरू

यस पुतलीबजार नगरपालिकाले समस्या समाधानका लागि उपप्रमुखको अध्यक्षतामा, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, प्राविधिक कर्मचारी रहेको एक छानविन समिति गठन गरी तुरून्त घटनास्थल पुगी निरीक्षण गर्ने कार्य गरिएको र स्थलगत निरीक्षण पश्चात जोखिम न्यून गर्नका लागि तुरून्त गरिने आधारभूत रोकथामका कार्य र दीर्घकालमा कसरी गर्दै लाने भनेर छलफल गरी प्राविधिक कर्मचारीलाई प्रतिवेदन तयार गर्न लगाइएको थियो । प्राविधिक कर्मचारीको सिफारिसमा तत्काल जोखिम न्यून गर्न सर्वप्रथम पुरेको माटो निकाली पूनः पहिरोको ढुङ्गामाटो खोलामा नपरोस भनि तारजाली र बासका चेक ड्याम्प बनाउने कार्य गरिएको थियो । बाटो निर्माण गर्दा ठाँउ ठाउँमा बाँकि भएका माटोको थुप्रो हटाउने कार्यलाई सक्रियताकासाथ अगाडि बढाइएका थियो र थुनिएको खोलाको ढुंगामाटो डोजरद्वारा झिकी खोलाको पानीको लेभेलमा ल्याउने कार्य गरिएको थियो ।

## ५. निश्कर्ष

मुलुक संघीयतामा गइसकेको र संघीयताको मर्म अनुरूप स्थानीय जनताको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने गरी उनीहरूकै सहभागितामा विकास निर्माण गर्ने अधिकार स्थानीय सरकारको रूपमा गाउँपालिका र नगरपालिकामा रहेको हुन्छ । तर, यस्ता विकास निर्माणका नाममा भने राजनीति र कमिसनको प्रभावबाट विस्तृत अध्ययन र परीक्षण नै नगरी जथाभावी रूपमा सडकबाटो खन्ने प्रवृति रहेको पाइन्छ । विकासलाई वातावरणमैत्री बनाइ यसप्रकारको प्रवृतिको अन्त्य गरी, विकासलाई विनासको कारक तत्व बन्न नदिइ दीगो विकास गर्ने तर्फ ध्यानदिनुपर्ने अहिलेको प्रमुख आवश्यकता हो ।

# कैदीबाट जन्मिएका बालकको शैक्षिक भविष्य

**केशबकुमार अधिकारी**

## १ पृष्ठभूमि

कार्यालय आवद्धताका क्रममा पहिलो कार्यालयको रुपमा जिल्ला प्रशासन कार्यालय, प्युठानमा कामकाज गर्दाको क्रममा सोही कार्यालय सँगै रहेको तथा प्रमुख जिल्ला अधिकारीको विशेष जिम्मेवारी अन्तर्गत पर्ने जिल्ला कारागार कार्यालय, प्युठानमा कैदी जीवन बिताईरहेका मानिसहरु बारे जान्न उत्सुकता भएर उक्त कार्यालयमा पुगे । त्यहाँ पुग्दा ७५ जना कैदी बन्दीहरु मध्ये १६ जना महिला कैदी बन्दीहरु रहेको पाएँ । उनीहरुको अवस्थाबारे जानकारी लिन कैदी बन्दीहरुसँग सामान्य संवाद समेत गरे । सोही क्रममा उक्त कारागारभित्र एक जना बच्चालाई देखे, सो बारे मलाई जान्न मन लागेर कार्यालय प्रमुख सूर्यराज पन्तसँग जानकारी माग्दा उक्त बच्चा कारागार भित्रकै एक जना महिला कैदि बन्दीको रहेको र त्यो बच्चाको जन्म कारागार भित्रै भएको र हाल उ ४ वर्ष पुग्न लागेको जानकारी पाएँ । सो पछाडि मैले उक्त बच्चा तथा कैदी जीवन बिताईरहेका निजका आमा बारे विस्तृतमा जानकारी लिँए ।

प्यूठान जिल्ला साबिक वाढीकोट गा.वि.स. वडा नं. ८ मा बस्ने थम्मन सिहं पुन मगरको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी मधु घर्ति मगर भएको कर्तव्य ज्यान मुद्दामा जोद बहादुर घर्तिको श्रीमती मधु घर्ति मगरलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको ११३(१) नं. को कसुरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर भई मिति २०७०/०९/०२ गते पक्राउ परी थुनामा राखी निजलाई मिति २०९०/०९/०१ गते सम्मका लागि २० बर्षको कैद सजाय सुनाइएको छ । कैद सजाय सुनाउनु भन्दा अगाडि नै गर्भवती रहेकी मधु घर्ती मगरको कोखबाट छोरा सौभाग्य घर्ति मगरको मिति २०७१/०३/२० मा प्युठान कारागार भित्रै जन्म भएको हो । निज कैदी तथा बच्चा बारे यति जानकारी प्राप्त भइसकेपछाडि मैले निजको शारीरिक, मानसिक पीडा बारे सामान्य विश्लेषण गरे । कैदी जीवन बिताईरहेका महिलाहरु माथि हुने शारीरिक, मांसिक पिडा जस्ता आधारभूत हक अधिकारको बारे खासै अध्ययन भएको देखिदैन । त्यसकै उदाहरणको रुपमा हाल जिल्ला कारागार, प्युठानमा कैदि जीवन बिताईरहेको मधु घर्ती मगरलाई लिन सकिन्छ । उनले बिगत ५ वर्षदेखि कारागारमा कैदी जीवन बिताउँदै गर्दा भोगिरहेका शारीरिक पीडा एवम् बच्चाको भविष्य बारे अन्यौल हुँदा त्यसमाथि थपिएका मांसिक पीडाले असाध्यै पिरोलेको अवस्था छ । अपराधिक क्रियाकलाप गर्दा सजाय पाई कैदी जीवन बिताउनुपर्ने कानुनलाई सामान्य रुपमा लिन सकिन्छ तर कारागारभित्र बस्दा कसैको आधारभूत मानव अधिकार अन्तर्गतका संवैधानिक रुपमै व्यवस्था गरिएको मौलिक हक, अधिकारको हनन् हुनु हुँदैन । तथा निज बालकको कुनै पनि आधारभूत बालअधिकार तथा मूलतः शैक्षिक भविष्य अन्धकार हुनु हुँदैन ।

## २. समस्याको कथन

कारागारभित्र कैदी जीवन बिताईरहेका महिलाबाट जन्मिएका बच्चाको पनि अन्य सामान्य अवस्थामा रहेका बालबालिका झैँ आधारभूत मौलिक हक, अधिकार अन्तर्गत पर्ने तथा बालबालिकाका लागि नेपालको संविधान तथा कानुनले व्यवस्था गरेको मुख्य तथा अनिवार्य अधिकारको रुपमा रहेको शिक्षा, पोषण, संरक्षण र सहभागिता सम्बन्धी अधिकारबाट नै वञ्चित हुनसक्ने अवस्था देखिएको छ सौभाग्य

घर्ती मगरको । २०७५।०३।२० गते ४ वर्ष उमेर पुरा हुन लागेको निजलाई, कैदी बन्दीकै रुपमा राखेको, शैक्षिक गतिविधिमा कुनै पनि किसिमको संलग्नता नगराईएको तथा गराउन कुनै खास किसिमको पहल नगरिएको अवस्था छ । घर परिवारबाट पनि कोही सम्पर्कमै नआएकोले सौभाग्य घर्ती मगरलाई संरक्षण दिने व्यक्ति पनि नभएको कुरा जगजाहेर नै छ । सामान्य परिवारमा जन्मेका बालबालिकाले आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयमा विचार राख्न पाउने, सो विचारको उचित कदर र मान्यता पाउनुपर्ने निर्णय प्रक्रियामा भाग लिन पाउनुपर्ने जस्ता आधारभूत अधिकारको उपभोग गर्छन भने सौभाग्य घर्ति मगरको लागि यी सबै अधिकार कारागारभित्रै बन्द भएको छ । काठमाण्डौंस्थित संघ, संस्थाले निश्चित उमेर पुगेका बालबालिकालाई मात्र बालगृहमा लिने प्रवृति र कारागारभित्रै जन्मिने बच्चाको बढ्दो संख्याको कारण सौभाग्य घर्ति मगरका लागि राम्रो पठनपाठनको व्यवस्था मिलाउन नसक्नु कारागार व्यवस्थापनको मुख्य समस्याहरु रहेका देखिन्छ । काठमाण्डौंमा पढ्ने व्यवस्था मिले पनि सौभाग्यले आफ्नो एक मात्र अभिभावक, आमासँग निरन्तर सम्पर्कमा रहन नसकेमा पारिवारिक सम्बन्धबाट टाढा हुँदा भविष्यमा कुनै गलत किसिमको क्रियाकलापमा लाग्न सक्ने खतरा देखिन्छ ।

## ३. मामिलाको विश्लेषण

कारागार कार्यालय, प्युठानका जेलर श्री सूर्यबहादुर पन्तले सूचना दिए बमोजिम श्री गन बहादुर घर्ति मगरको नाती प्रदेश नं. ५ प्यूठान जिल्लाको झिमरुक गाउँपालिकाको वडा नं. १ मा बस्ने श्री जोत बहादुर घर्ति मगर तथा श्रीमती मधु घर्ति मगरको छोरा सौभाग्य घर्ति मगर हाल ४ वर्षको हुन लागेको र प्राथमिक तह शिक्षाको कुनै व्यवस्था मिलाउन कारागार व्यवस्थापन प्यूठानले नसकेको अवस्थामा मिति २०७५/०२/०२ गतेका दिन जिल्ला बाल कल्याण समिति प्यूठानको अध्यक्ष श्री मेघराज भट्टले सौभाग्यलाई ECDC, बुढानिलकण्ठमा भर्ना गर्ने सिफारिस गरेको थियो । यही सिफारिस कार्यान्वयन गर्ने सिलसिलमा जेलर श्री सूर्य राज पन्तले प्रमुख जिल्ला अधिकारी डा. कृष्णबहादुर घिमिरे सँग समन्वय गरिरहेको बेला म पनि त्यहाँ उपस्थित भई उक्त मामलाको चुरोकुरोमा पुग्ने निर्णय गरेँ । कारागार ऐन, २०१९ को दफा ८ बमोजिम थुनिए वा कैद परेकी स्वास्नी मानिसको कारागार भित्र छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा/छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई बर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनु पर्छ, भन्ने व्यवस्था रहेकोमा घरबाट कोही व्यक्ति सम्पर्कमा नआउँदा सौभाग्य घर्ती मगरलाई सरक्षंकसँग पनि राख्न नसक्ने अवस्था देखिएको छ र ऊ अहिले पनि कारागारमा आमासँग नै बसोबास गरिहेको छ ।

कारागारको बच्चालाई कारागारदेखि दैनिक रुपमा विद्यालयबाट ओहोर दोहोर गर्दा सुरक्षा चुनौती देखिएको छ । सरकारी विद्यालयले बच्चा विद्यालयमा हुदाँको अवस्थामा समेत जिम्मेवारी नलिन खोज्दा बच्चाको भविष्य अन्यौलमा पर्नसक्ने अवस्था पनि देखिएको छ । कारागार व्यवस्थापनले पनि कारागारमै जन्मेको बच्चाको पठनपाठन गर्ने कुनै नीतिगत व्यवस्था नगरेको अवस्थामा सौभाग्य घर्ती मगरको शैक्षिक भविष्य अन्यौलमा परेको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकालाई सरंक्षण, विकास, पोषण र सहभागीताको अधिकार सुनिश्चित गरेको छ । प्युठान कारागार अतिनै सानो र अव्यवस्थित रहेको र १० जना महिला कैदी राख्ने ठाउँमा १६ जना महिला कैदीलाई राखिएको छ । कारागारभित्र पठनपाठन/पत्रपत्रिकाको राम्रो व्यवस्था नहुँदा कैदीहरुलाई देश, विदेशमा भईराखेको राजनीतिक, प्रशासनिक एवम् प्राविधिक गतिविधि तथा परिवर्तन बारे कुनै पनि किसिमको जानकारी

एवम् सूचना प्राप्त नै हुँदैन । मधु घर्ती मगर जेलबाट भोलिका दिनमा कैद मुक्त भएपनि आफनो छोराको पठनपाठनलाई निरन्तरता कसरी दिनेप्रश्न अझै स्पष्ट रुपमा आकंलन गर्न सक्ने अवस्था देखिएको छैन । संघीय शासन संरचना अनुरुप हालको प्रशासनिक संरचनालाई पुनर्सरचना गर्दा पीडित बालबालिकाको संरक्षणको जिम्मेवारी पाएका हाल जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयसमेत अगामी आर्थिक वर्षको श्रावण मसान्त देखि स्थानीय तहमा गाभिने भएकोले त्यस कार्यालयबाट सौभाग्य घर्ती मगरलाई पठनपाठनको लागि आवश्यक पर्ने आर्थिक तथा भौतिक श्रोत उपलब्ध गराउन नसकिने भन्ने जानकारी प्राप्त हुन आएको छ । सौभाग्य घर्ती मगरको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बाल कल्याण अधिकारी र प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुँदा हुँदै पनि निजले त्यस्तो बालकको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सकेको छैन् । सौभाग्य घर्ती मगरको त्यस्तो नातेदार कोही पनि नभएकोले निजको पालनपोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिने कुरा भएता पनि कार्यान्वयन गर्न नसकिएको अवस्था विद्यमान रहेको छ ।

## ४. गरिएको व्यक्तिगत प्रयास

अनौपचारिक रुपमा नै जेलर सूर्य राज पन्तसँग सौभाग्यको शैक्षिक भविष्यबारे संवाद गर्दा, तत्कालका लागि सौभाग्यलाई जिल्ला कारागार कार्यालय नजिकै रहेको मल्लरानी इंगलिस बोर्डिंग स्कूलमा भर्ना गराई दिदाँ उसलाई प्रहरीको साथमा कारागारबाट स्कूल लैजान तथा ल्याउन पनि सहज हुने भनि मैले राखेको प्रस्तावमा उहाँले पनि सहमती दिनुभयो । त्यस पछि प्युठान जिल्ला अन्तर्गतका विभिन्न कार्यालयहरुमा कार्यालय आबद्धताका लागि आएका शाखा अधिकृतहरुमध्ये हामी ३ (केशब, प्रशान्त, शशि) जना आफ्नो व्यक्तिगत स्रोतबाट सौभाग्य घर्ती मगरलाई उक्त विद्यालयमा भर्ना गराई, उसका लागि तत्काल आवश्यक रहेको विद्यालय पोशाक तथा स्टेशनरी समेत खरिद गरिदियौं । प्यूठान जिल्लामा कार्यालय आबद्धतामा रहेका शाखा अधिकृतहरुले सौभाग्य घर्ती मगरका लागि उच्च शिक्षासम्मको व्यवस्थापन गर्ने प्रयत्न गरेका छन् । उच्च शिक्षामा लाग्ने खर्चको लागि कार्यालय आबद्धता सकाएर नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा फर्किसकेपछी त्यहाँ तालिमरत सबै शाखा अधिकृत साथीहरुलाई सौभाग्य घर्ती मगरको अवस्था बारे जानकारी गराई आर्थिक स्रोतका विषयमा छलफल गर्ने र त्यहाँबाट संकलित आर्थिक स्रोत प्युठान नगरपालिकास्थित साईन रेसुङ्ग डेभलपमेन्ट बैंकमा सौभाग्य घर्ती मगरको नामबाट मुद्दती खाता खोली जम्मा गरिदिने र सौभाग्यले एस.इ.इ. पास गरिसकेपछी जिल्ला प्रशासन कार्यालय, प्यूठानले सिफारिस गरेपछि मात्र झिक्न मिल्ने व्यवस्था गरिदिने भनि हामी ३, प्रमुख जिल्ला अधिकारी तथा सम्बन्धित बैंकसँगको छलफलको निष्कर्श बमोजिमको योजना रहेको छ ।

प्रमुख जिल्ला अधिकारी डा. कृष्णबहादुर घिमिरेको सल्लाह बमोजिम सौभाग्यको एस.इ.इ. सम्मको शिक्षाका लागि हाल कार्यालय आबद्धतामा रहेका हामी शाखा अधिकुतहरुले प्युठान जिल्ला अन्तर्गत रहेका आवासिय निजी विद्यालयहरु सँग संवाद गर्‍यौ । संवादका क्रममा हामीले, विशेष संरक्षणको आवश्यकता रहेको सौभाग्यलाई छात्रवृत्ति प्रदान गरी पठनपाठनको व्यवस्था मिलाई दिन हुन विद्यालय व्यवस्थापनलाई अनुरोध गर्‍यौं । हामीले संवाद गरेका ४ वटा निजी आवासीय विद्यालयहरुले बच्चा हाल ४ वर्षको मात्र रहेकाले अहिल्यै भर्ना गर्न अलि अप्ठ्यारो हुने तर अर्को शैक्षिक सत्रदेखि अर्थात् कम्तिमा उ ५ वर्ष पुरा गरिसकेपछी भर्ना गरी पठनपाठनको व्यवस्था मिलाईदिने प्रस्तावमा सकारात्मक सहमति दिएकाले अर्को वर्षको शैक्षिक सत्रशुरु हुने बित्तिकै कुनै १ विद्यालयले सौभाग्लाई भर्ना गरी

पठनपाठन गर्ने व्यवस्थापन मिलाउने छन् । यसै जिल्लामा पठनपाठनको व्यवस्था मिले पछि सौभाग्य घर्ती मगर आफनो आमासँग बेलाबेलामा भेटघाट गर्ने मौका पनि पाउने छ । त्यस्ले भविष्यमा सौभाग्यलाई एकलौटपन हुन दिदैन र असल बाटो हिड्न प्रेरित गर्नेछ ।

## ५. निष्कर्श

वास्तवमा, कैदी बन्दीहरुले कारागारमा दैनिक जीवन व्यतित गर्ने क्रममा मानव भएको नाताले प्राप्त गर्न पाउनुपर्ने सामान्य मानवअधिकार तथा संवैधानिक रुपमै व्यवस्था गरिएको मौलिक हक, अधिकारको समेत अनुभूत गर्न पाएको देखिँदैन । कारागारको क्षमता भन्दा अत्यधिक कैदीहरुलाई राख्दा बस्ने, खाने, शौचालय जाने जस्ता नियमित एवं अनिवार्य तत्वहरुको परिपुर्तिमासमेत बाधा पुगेको देखिन्छ । खासगरी महिला कैदी बन्दीहरुका लागि छुटै आवासको व्यवस्था हुनुपर्ने तथा निजबाट जन्मिएका बच्चाहरुलाई कैद नगरी भविष्य उज्यालो हुने तर्फ नीतिगत एवं कानुनी व्यवस्था गर्ने तर्फ ध्यान दिन जरुरी देखिन्छ । भविष्यमा यस्तो गर्न सकिएको खण्डमा कागजी लिखत भण्डारका रुपमा रहेका हाम्रा कयौँ कानुन, नीति, सम्झौता लगायतका दस्तावेजहरुको अक्षरसः पालन हुन सक्ने देखिन्छ, जसको फलस्वरुप मुलुको भविष्य पनि गन्तव्य पथको सही दिशामा अगाडि बढ्न सक्ने देखिन्छ ।

# कपिलवस्तु नगरपालिकाको सडक निर्माण योजना

**गायत्र श्रेष्ठ**

## १. पृष्ठभूमि

शान्तिका अग्रदूत गौतमवुद्ध नगरी कपिलवस्तु नगरपालिकामा सडक योजना सञ्चालान फरक ढंगबाट भएको पाइयो । नगरपालिकाका ईन्जिनीयर चण्डी प्रसाद देवका अनुसार वि.स. २०६८ पछिका दिनमा योजना संचालन मापदण्ड कार्यान्वयनमा ल्याएपछि योजना सञ्चालनमा प्रभावकारिता आउन सुरुवात भयो । कपिलवस्तु नगरपालिकाले नगरस्तरीय योजनाहरु उपभोक्ता समिति तथा टेण्डर प्रणालीबाट सञ्चालन गर्दै आएको छ । उपभोक्ता समिति तथा टेण्डर जुन प्रणालीबाट वार्षिक स्वीकृत योजना सञ्चालन भएपनि कुनै पनि योजनालाई सुरुवातमा पेश्की नदिने, साना योजनालाई कार्यसम्पन्न पश्चात मात्र पुरै भुक्तानी दिने र ठूला आयोजनाको सन्दर्भमा प्रगति Running bill का आधारमा मात्र भुक्तानी दिने कार्यबाट योजनाहरु तोकिएको समयसिमा भित्रै सकिने, कसैले योजना बीचैमा नछाड्ने, नियमित प्राविधिक चेक जाँच तथा समय समयमा अनुगमन र सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुनुवाई हुने जसको परिमाण स्वरुप योजनाको गुणस्तर बढ्ने, जनताको अपनत्व तथा स्वामित्व बढन गई योजना दिगो एवं लाभदायी बन्न पुगेको देखिन्छ । आ.व.०७४।०७५ नगर परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम साना ठूला गरी जम्मा ३८५ रहेकोमा २५० योजना सम्पन्न भइसकेको र बाँकी पनि सम्पन्न हुने क्रममा रहेको छ । अध्ययन मामलाको सन्दर्भमा आ.व. ०७४।७५ को नगर सभाबाट स्वीकृत कपिलवस्तु नगरपालिका वडा नं. ७ धमौलीदेखि कनकटवा हुँदै हुलाकी सडकसम्म जोड्ने सडक कालो पत्रे गर्ने योजनालाई लिएको छ । यो त एउटा प्रतिनिधि योजना मात्र हो । विगत लामो समयअघि शुरु भएपनि खासै महत्व पाउन नसकेको, जनताको आर्थिक, सामाजिक क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने, यो सडकको कालोपत्रे गर्ने योजनाको सफल कार्यान्वयनबाट यस क्षेत्रका स्थानीयवासी जनताको गरिबी, बेरोजगारी, अशिक्षा, कुपोषणको न्यूनीकरण भई समुन्नत समाज निर्माण सम्भव हुने देखिन्छ । यस सडक योजनाको सञ्चालनमा देखिएको प्रभावकारिताको बारेमा अध्ययन केन्द्रीत रहेको छ ।

## २.समस्याको कथन

नेपालमा योजनाहरु असाध्यै राम्रा बन्ने तर त्यसको कार्यन्वयन प्रभावकारी नहुने, आवश्यकता विश्लेषण नगरी दवाव र प्रभावका आधारमा योजनाहरु छुट्याउने अनि पुरा नहुने प्रवृति हावी रहदै आएको छ । योजना तर्जुमामा वास्तविक लक्षित वर्गको सार्थक सहभागिता नहुने केही elite वर्गहरुको अधिपत्य रहने प्रवृति विगतदेखि हालसम्म विद्यमान छ । यस सन्र्दमा धमौलीदेखि कनकटवा हुदै हुलाकी सडक जोड्ने सडकलाई प्रतिनिधि उदाहरणको रुपमा लिन सकिन्छ । यो सडक विगतमा साविक धर्मपानीया गाउ विकास समिति अर्न्तगत पर्दथ्यो । विगत करिव १५ वर्षअघि कच्ची बाटोको रुपमा निर्माण भएको यो सडकको ग्राभेल कालो पत्रे गर्न कार्यका लागि खासै चर्चा पाउन सकेको थिएन । हरेक आ.व.को वार्षिक कार्यक्रममा यस क्षेत्रका जनताले माग गरेपनि कतैकसैबाट सुनवाई नभएको उक्त क्षेत्रका स्थानीय वासीको गुनासा रहेको छ । आर्थिक सामाजिक रुपमा आम जनतासँग प्रत्यक्ष साराकार राख्ने यो सडक वर्षातको समयमा खाल्डा खुल्डी भई यातायात अवरोध हुने, दुर्घटना हुने जसका कारण उक्त

क्षेत्रमा उत्पादित कृषिजन्य फसल, दुध आदि बस्तु तथा अन्य चिजहरुलाई बजारसम्म लान अत्यन्तै कठिन हुने गर्दथ्यो । यसर्थ यस क्षेत्रको जनताको आर्थिक, सामाजिक रुपान्तरण हुन सकिरहेको थिएन । तत्कालीन जनप्रतिनिधि विहिन अवस्था र यस क्षेत्रको जनताको पहुँच कमीले यो सडक महत्वपूर्ण हुँदा हुँदै पनि कसैको नजर पर्न सकिरहेको थिएन । कपिलवस्तु नगरपालिका वडा नं. ७ स्थित धमौलीदेखि कनकटवा हुदै हुलाकी सडकसम्म जोड्ने सडक विगत केहि वर्षअगाडि कच्ची सडकको रुपमा निर्माण भएपनि कालो पत्रे हुन सकेको थिएन के कस्ता कारणबाट समयमा सडकले प्रथामिकता पाउन सकेन ? यस सडकले धमौली वासीको आर्थिक सामाजिक रुपान्तरणमा के कस्तो प्रभाव पारेको छ ? साथै यस सडकलाई कसरी व्यवस्थित वनाउनु सकिन्छ ? भन्ने विषयमा मामला अध्ययन केन्द्रित रहेको छ ।

## ३.मामला विश्लेषण

धमौली वासी जनताको एक मात्र राष्ट्रिय राजमार्गलाई जोड्ने यो सडक विगत करिव १५ वर्ष अघि कच्ची सडकको रुपमा निर्माण भएपनि समयमा कालोपत्रे हुन नसक्दा विशेषगरी वर्षातको समयमा पानी सडकमा जम्न गई ठाउँ-ठाउँमा खाल्डो परी यातायत आवतजावतमा अत्यन्त समस्या भोग्दै आएका थिए । उक्त सडकको विगतको इतिहास त्यसको निर्माण हुन नसक्नुका कारण र त्यसको असरको वारेमा चर्चा गरिएको छ ।

## ३.१ मामलाको इतिहास

साविक कपिलवस्तु जिल्ला धर्मपानिया गा.वि.स. अन्तर्गत पर्ने राष्ट्रिय राजमार्गलाई जोड्ने यस क्षेत्रको महत्वपूर्ण सडक धमौलीदेखि कनकटवा हुदै हुलाकी सडक जोड्ने यस सडक कच्ची सडकको रुपमा करिव १५ वर्ष अघि निर्माण भएको थियो । विगत लामो समयसम्म यस सडकको स्तरोन्ती नहुदा यस क्षेत्रको जनता आर्थिक सामाजिक रुपमा पछाडि परेको यस क्षेत्रको जनताको गुनासा रहेको छ । स्थानीय प्रतिनिधि विहिन अवस्था, सीमित स्रोत साधन र पहुँचको अभावमा स्थानीय तथा केन्द्रीय निकायबाट यस सडकले महत्व पाउन सकेको थिएन । वर्षातको समयमा सडकमा पानी जम्ने अनि पर्ने खाल्डाखुल्डीको कारण यातायतका साधनहरु फस्ने, दुर्घटना हुने र कतिपय समय त यातायत नै बन्द हुने गरेको स्थानीय बासीको भनाई रहेको छ । यस क्षेत्रमा विशेष गरी कुर्मी, यादव, ब्रम्हाण जातिहरु बसोवास गर्दछन । यस क्षेत्रको मुख्य पेशा कृषि, पशुपालन रहेको छ । यस क्षेत्रमा उत्पादित कृषिजन्य सामग्री बजार सम्म पुऱ्याउन नपाउदा अत्यन्त पीडित भएको महशुस स्थानीय वासीको रहेको छ । यसरी यस क्षेत्रमा उत्पादित वस्तुहरुलाई चाँडै बजार पुऱ्याउन नसक्दा विग्रने हुदा वर्ष भरिको आम्दानीमा असर पर्न गई सामाजिक, आर्थिक विकासमा समेत असर पुगेको देखिन्छ । विगत आ.व.का गाउपरिषदहरुमा बारम्वार माग राखे पनि कहिल्यै कार्यक्रममा यस सडक योजना प्राथमिकतामा पर्न सकेन । यस सडकको महत्वलाई कसैले बुझ्न नसकेको, कसैले यस क्षेत्रको विकास र उन्नति नचाहेको आरोप स्थानीयवासीको छ ।

राज्यको पुनसंरचनासँगै यस क्षेत्र कपिलवस्तु नगरपालिकाको वडा नं. ७ मा पर्न गयो । सो क्षेत्रमा जनप्रतिनिधिको आगमनसँगै नगर तथा वडा स्तरीय योजनाका रुपमा यस सडकले प्राथमिकता पायो । आ.व. ०७४।०७५ को नगरपरिषदबाट स्वीकृत वार्षिक कार्यक्रममा धमौलीदेखि कनकटवा हुदै हुलाकी सडक जोड्ने सडकको कालोपत्रे गर्ने योजनाका लागि रु ५०,००,००० विनियोजन गरियो । सडक कालोपत्रे गर्ने काम ठेक्काको माध्यमबाट प्रतिस्पर्धा गराई कम वोलकवोल अंकमा अव्दुल निर्माण सेवा

प्रा.लि. लाई छनौट गरी नगरपालिका र ठेक्दारबीच मिति २०७४।१०।१५ बाट काम शुरु गरी मिति २०७५।२।१५ मा सम्पन्न गर्ने सम्झौता गरी सो योजना सञ्चालन गर्न मिति २०७४।१०।११ गते कार्यालयले कार्यदेश दिइएको देखिन्छ । तत् पश्चात् तिव्र रुपमा काम शुरु भई तोकिएको समयमा करिव ३ किमी लम्वाई रहेको यो सडक हाल ६७४ मिटर कालोपत्रे भएको छ । यस सडकले राष्ट्रिय राजमार्गका रुपमा रहेको हुलाकी मार्गलाई जोड्ने हुदा भावी दिनमा यस सडक निर्माण योजनालाई निरन्तरता दिन सकेमा यस क्षेत्रको सुनौलो भविष्य देखिन्छ ।

### ३.२ कारण

माया देवी गाउँपालिका तथा वाणगंगा नगरपालिका समेतलाई जोड्ने यस सडकको करिब १५ वर्ष अघि कच्ची सडकको रुपमा निर्माण भएपनि कालोपत्रे गर्ने कार्यका लागि प्राथमिकता पाउन सकिरहेको थिएन । यस क्षेत्रको विकास निर्माणमा आवज उठाउने स्थानीय जनप्रतिनिधि विहिन अवस्था रहेको थियो । साविक धर्मपानीया गा.वि.स. ले सीमित स्रोत साधनको कमीका कारण प्रथामिकतामा राख्न सकेको थिएन भने अर्का तर्फ अशिक्षा, जनचेतना, नेतृत्वको कमिका कारण आफ्ना मागहरु माथिल्लो निकायसम्म पुऱ्याउन नसक्दा केन्द्रको दृष्टिकोण पुग्न सकिरहेको थिएन । थोरै वजेटबाट यस किसिमको योजना सञ्चालन गर्न कठिनाई हुने भएकोले केन्द्रको मुख ताक्नु पर्ने वाध्यता रहेको थियो । यस क्षेत्रको जनताको कम सक्रियाता र सरोकारवालाको दृष्टिकोण पुग्न नसक्दा पनि यस सडकको समयमै कालोपत्रे हुन सकेको थिएन ।

### ३.३ असरहरु

उक्त सडकले राष्ट्रिय राजमार्गलाई समेत जोड्ने भएकाले समयमा कालो पत्र हुन नसक्दा उक्त क्षेत्रको जनता आर्थिक, सामाजिक विकासका दृष्टिले पछाडि परेको पाइयो । विशेष गरी यस क्षेत्र कृषिका लागि महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा उत्पादन भएको कृषि उत्पादनजन्य सामग्रीहरु बजार सम्म लैजाने एक मात्र सडक यही भएकोले यो सडक समयमै कालो पत्र नहुदा वर्षातको समयमा सडकमा पानी जम्ने खाल्डा खुल्डी बन्ने जसका कारण यातायात अवरुद्ध हुने, गाडीहरु फस्ने, दुर्घटना हुने जस्ता समस्याबाट उक्त क्षेत्रको जनताले उत्पादन गरेको कृषिजन्य उत्पादनहरु तरकारी खाद्दान्न समयमा बजारमा पुऱ्याउन नसक्दा कुहिने, बिग्रने, बजारसँग पहुँच नहुने अवस्था रहेको पाइयो । त्यस्तै शिक्षा, स्वास्थ्य लिन जान समेत असुविधा रहेको जसका कारण पढ्न विद्यालय नजाने, बिचैमा छाड्ने, समयमा उपचार नपाउदा मृत्यु समेत हुने गरेको जनगुनासो पाइयो । यो सडक समयमा निर्माण भै नसक्दा यस क्षेत्रको जनताको आर्थिक, सामाजिक विकासमा प्रत्यक्ष असर परेको देखियो ।

## ४. समस्या समधानाका लागि भएको प्रयासहरु

राज्य पुर्नसंरचना सँगै उक्त धमैली क्षेत्र कपिलवस्तु नगरपालिका वडा नं.७ मा पर्न गयो । विगतमा धमौली देखि कनकटवा हुदै हुलाकी राजमार्ग जोड्ने कच्ची सडक निर्माण भए पनि यसको कालोपत्रे हुने काम हुन सकिरहेको थिएन । यसबाट यस क्षेत्रका स्थानीयवासीहरु यतायातको असुविधाबाट ग्रसित रहेका थिए । वर्षातको समयमा विशेष गरी सडकमा पानी जमी खाल्डाखुल्डी परी यातायातका साधनहरु फस्ने, दुर्घटना हुने, यातायात नै वन्ध हुने अवस्था विगत देखि भोग्दै आएका स्थानीय वासीको गुनासाहरु रहेका छन । यस क्षेत्र नगरपालिका क्षेत्र भित्र परे सगै उक्त योजानाले प्राथमिकता

पाई धमौली बासी जनताको समस्या समाधान गर्न कपिलवस्तु नगरपालिकाको कार्यालयले गरेको प्रयास बारे चर्चा गरिएको छ ।

विगतदेखि धमौली बासी जनताले यातायातको क्षेत्रमा भोग्दै आएको समस्या समाधान गर्न कपलिवस्तु नगरपालिकामा जनप्रतिनिधिहरुको आगमन सँगै विगत देखि अपुरो र अधुरो रहेको धमौली देखि कनकटवा हुदै हुलाकी राजमार्गलाई जोड्ने यस सडकको कालो पत्रे गर्न आ.व. ०७४/७५ को नगरपरिषदबाट रु ५० लाख रुपैया नगर स्तरीय योजनाका रुपमा बजेट विनियोजन गरेको पाइयो । नगरपालिकाले उक्त सडकको कालोपत्रे गर्न ठेक्का प्रणालीबाट संचालन गर्न मिति २०७४।०८।१४ मा पहिलोपटक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकासित गरेको, सो सूचना बमोजिम तीनवटा ठेकेदार कम्पनीहरुले निवेदन दर्ता क्रमश: गौरी कन्सट्रक्सन ४८९९१३३, अनुष कन्सट्रक्सन ५०१४३४४.४९ र अब्दुल कन्सट्रक्सन रु ४८९३४८३.०८ सहितले गराएको, सो योजनाका जम्मा रु ४९०११४९ भ्याट बाहेक ४३३७३०० लागत अनुमान रहेको देखिन्छ । कम बोलअकंको रु ४८९३४८३.०८ अब्दु कन्सट्रक्सनलाई सो सडक कालो पत्रे गर्न छनौट गरी निर्माण अनुमति दिने निर्णय गरियो । मिति २०७४।१०।११ मा नगरपालिका र ठेक्दारबीच मिति २०७४।१०।१५ बाट काम शुरु गरी मिति २०७५।०२।१५ मा सम्पन्न गर्नुपर्ने कार्यादेशसहित योजना सम्झौता गरेका थियो । उक्त योजनाको काम निर्धारित समयमा नै सुरु भएको देखिन्छ । सो योजनाको कार्यालयबाट नियमित अनुगमन गर्ने काम भइरहयो यस टोलीमा म पनि सरिक भए । योजनालाई व्यवस्थित तथा गुणस्तरिय वनाउन स्थानीयवासी जनताको समेत प्रत्यक्ष संलग्नता हुन पर्ने भनी स्थानीयवासीसँग साक्षत्तर गरी सचेत गराउने प्रयास गरे । सो अनुगमनमा गई फर्के पछि प्रमुख प्रशासकीय अधिकृतज्यूसँग सो सडकको प्रगति वारे अवगत गराए साथै सो सडक र्मंमत सुधारमा नगरपालिकाको दृष्टिकोण सदैव रहनु पर्ने, यो सडक यस क्षेत्रको जनताको आर्थिक सामाजिक विकाससँग जोडिएको हुदा कालोपत्रे हुन बाँकी रहेको सडकलाई निरन्तरता दिनु पर्ने सुझाव दिए । अनुगमनको सिलसिलामा मैले ठेक्दारसमेतलाई निर्माण कार्यमा तोकिएको मापदण्ड भन्दा कम हुने गरी कुनै संझौता नहुने प्रति सजग गराई निर्माण कार्य अगडि बढाउन आग्रह गरे । नगरपालिकाका इन्जिनियार तथा कार्यालय प्रमुखको योजना सञ्चालन प्रतिको सक्रियताका कारण निरन्तर कार्य सुचारु भई तोकिएको समय भन्दा अगाडि नै कार्य सम्पन्न भयो । काम सकिए पछि उक्त कालो पत्रेको गुणस्तर ठीक रहेनरहेको परीक्षण गराउन नगरपालिकाले श्री पश्चिमाञ्चल सडक डिभिजन कार्यालयलाई पत्र लेखी सो कार्यालयबाट ठीक रहेको परीक्षणको प्राप्त रिपोर्ट, इस्टिमेट अनुसारको कार्य भएको प्राविधिक चेक जाँच, सार्वजनिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई समेत गराई तोकिएको समय भन्दा चाँडै कार्य सम्पादन गराई भुक्तानी दिने कार्य गरियो ।

## ५. निष्कर्ष

कुनै पनि विकास निमार्णको आधार नै योजना हो । योजना सीमीत स्रोत साधनको परिचालन गरी लक्षित उद्देश्य हासिल गराउने माध्यम पनि हो । आम जनताको आवश्यकता, चाहाना, भावना, संवैधानिक मर्म नीति रणनीति, कार्यनीति योजनामा प्रतिबिम्बित हुन्छ । सम्पन्न योजनाको कार्यान्वयन नै आर्थिक सामाजिक रुपान्तरण गरी आम जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । नेपालमा योजनाहरु राम्रा बन्ने तर कार्यान्वयन प्रभावकारी नहुने विगतका प्रवृति अझै पनि हावी रहेको पाइन्छ । शासन र शासक फेरिए पनि हाम्रा प्रवृतिहरु फेरिएको छैन, यो तितो सत्य हो । देशमा पुँजीगत रकम खर्च हुन नसकिरहेको भए पनि बेरुजु रहने, अनियमितता गर्ने, पेश्की लिने काम नगर्ने, वित्तिय

अनुशासन उल्लंघन गर्ने, योजनाहरु तोकिएको समयमा सम्पन्न नहुने समस्या विद्यमान रहेकोछ । कपिलवस्तु नगरपालिकाको योजना सञ्चालन प्रक्रिया फरक पाइयो । नगरपरिषदबाट स्विकृत योजना ठेक्का तथा उपभोक्ता समिति मार्फत नै गरेपनि कुनै पनि योजनालाई शुरु पेश्की नदिने, कार्यसम्पन्न प्रतिवेदन पश्चात मात्र भूत्तानी दिने, ठूला योजनालाई प्रगति रनिङ बिलका आधारमा भूत्तानी दिदै जाने , योजना सनियमित प्राविधिक अनुगमन गर्ने, उप प्रमुखको संयोवकत्वका गठित अनुगमन समितिबाट अनुगमन हुने, सार्वजनिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, पछि मात्र फरफारक गरिने कार्यप्रक्रियालाइ जोडदिएको पाइयो । यस पद्धतिबाट योजना सञ्चालन गरिदा वित्तीय अनुशासन कायम हुने, बेरुजु तथा अनियमिततममा कमी आउने व्यवहारिक पुष्टी भएको छ । यस अध्ययन मामलाको रुपमा लिएको धमौलीदेखि कनकटवा हुँदै हुलाकी सडक जोड्ने सडकको कालोपत्रे गर्ने याजना सञ्चालन प्रतिनिधि योजनको रुपमा लिन सकिन्छ । यो योजना नगरपरिषदबाट स्वीकृत भएपछि नगरपालिकाबाट टेण्डर मार्फत प्रतिस्पर्धा गराई कम बोलअंक पेश गर्ने ठेक्दार कम्पनीलाई दिइयो । शुरुमा पेश्की नदिइ कार्य शुरु गर्न कार्य सम्झौता गराई कार्यादेश दिइयो । अतः “निश्चित मापदण्ड र प्रभावकारी कार्य सञ्चालनबाट नै योजनागत प्रभावकारिता हाँसिल गर्न सकिन्छ ” भन्ने निष्कर्ष रहेको छ ।

# शुक्लाफाँटा सहकारीमा विवाद

**गोपाल शर्मा**

## १. पृष्ठभूमि

नेपालमा सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा स्वकार गरिएको छ । वर्तमान संविधानले पनि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गरी दिगो आर्थिक विकास गर्ने उद्देश्य लिएको छ । साथै सहकारी ऐन, २०४८ मा देशका कृषक, कालिगढ, कम पुँजीवाल र निम्न आयवर्ग, श्रमिक, भुमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको गठन र संचालन गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अन्तर्गत नेपालको प्रदेश नं ७ (तत्कालीन सुदुर पश्चिमाञ्चल विकास क्षेत्र) अन्तर्गत कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं.१९ मा वि.सं. २०६४ सालमा शुक्लाफाँटा कृषि सहकारी संस्था लिमिटेडको स्थापना भएको हो । सहकारीको प्रमुख उद्देश्य आफ्ना सदस्यहरुको जनजीविकामा सुधार ल्याउने र वचत गर्ने वानीको विकास गर्नु हो । यो सहकारीको स्थापना पनि कृषकहरुको हितलाई मध्य नजर गर्दै उनीहरुबाट नै पुँजी संकलन गरी उनीहरुकै हितमा खर्च गर्ने र कृषकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले भएको हो ।

स्थापना कालदेखि नै यो सहकारीले कृषकहरुको हितमा कार्य गर्दै आएको यो सहकारीका सदस्यहरुले बताएका थिए । तर विगत केही महिनादेखि यो सहकारी विभिन्न कारणले गर्दा विविध समस्याहरुमा पर्दै आएको छ । सञ्चालक समिति र सदस्यहरुबीच विवाद हुँदा यो संस्थाले विभिन्न समस्याहरु झेल्दै आईरहको छ । पछिल्लो समय यो सहकारी एउटा निकै गम्भीर समस्यामा फसेको देखिन्छ । प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गत नेपाल सरकारको ५० प्रतिशत अनुदान र स्थानीय कृषकको ५० प्रतिशत लगानीमा कृषकलाई सिंचाई अन्तर्गत बोरिङ प्रविधि कार्यक्रम संचालन गरिएको थियो । शुरुमा कृषकहरुबाट ५० प्रतिशत रकम संकलन गरी नेपाल सरकारबाट प्राप्त ५० प्रतिशत अनुदानको रकम समेत गरी साधनहरु खरिद गरी बोरिङ गर्ने सम्बन्धमा सहकारीका संचालक समितिका अध्यक्ष दशरथ भण्डारीले सामाग्री खरिदका क्रममा वील बढी बनाई खरिद गरेको र आफ्ना नजिकका आफन्त र नातेदारलाई मात्र वितरण गरेको भनी स्थानीय सहकारीका सदस्यहरुले आरोप लगाएपछि विवाद बल्झिँदै गएको देखिन्छ । विवाद अझ बढ्दै जाँदा सहकारीको कार्यालयमा तालाबन्दी गरिएको र वडा अध्यक्षको पहलमा सो ताला खुलाइएकोमा फेरि सहकारीको कार्यालयय र वडा कार्यालयमा समेत तालावन्दीको गरिएको छ ।

## २.समस्याको कथन

कृषि सहकारीको प्रमुख उद्देश्य सदस्यहरुको सहमतिमा कृषकको हितमा कार्य गर्नु हो । सकेसम्म विवादरहित तरिकाले आफ्ना कार्यक्रम संचालन गर्नु कृषि सहकारीको कर्तव्य हो । सहकारीबाट

संचालित कार्यक्रमहरु सदस्यहरुको सहमति र सदस्यहरुसँगको व्यापक छलफल, सल्लहमा संचालन गरिनुपर्दछ तर यस सहकारीबाट संचालित कार्यक्रमहरु सदस्यहरुको सहमतिविना नै संचालन गरेको आरोप सहकारीका सदस्यहरुले लगाएका छन् । जुन यो समस्या निम्तिनुको प्रमुख कारण हो । साथै सहकारीको संचालक समतिका अध्यक्षले आफ्ना आफन्त र नजिकका मानिसहरुलाई मात्र बोरिङ वितरण गरेको र वील बढी बनाई सामान खरिद गरिएको भनी आरोप लगाईएको छ जुन कुरा होईन भनी स्पष्टीकरण दिनुको साटो जे गर्न सक्छौ गर भन्ने खालको अध्यक्षको प्रवृत्तिले गर्दा पनि यो विवादले अझै उग्र रुप लिएको देखिन्छ ।

## ३.मामला बिश्लेषण

यो सहकारीको विवाद शुरु भएको करिब ६ महिनापछि मात्र नगरपालिकाको कार्यालयमा समस्या समाधान गर्न र दोषीउपर आवश्यक कारवाहीका लागि संचालक समितिका अध्यक्ष दशरथ भण्डारीले निवेदन दर्ता गराएको देखिन्छ । सहकारी संस्थामा केही मानिसहरुको समूह आई गैरकानुनी रुपमा कार्यालयमा प्रवेश गरी कर्मचारीहरुलाई कार्यालयबाट बाहिर निकाली कार्यालयमा तालाबन्दी गरेकाले सो ताला खुलाई पाउँ भन्ने व्यहोराको निवेदन नगरपालिकाको कार्यालयमा दर्ता गराएका थिए । तालबन्दी गर्ने समूहका व्यक्तिहरुसँगको कुराकानीमा नेपाल सरकारको ५० प्रतिशत अनुदान र स्थानीय कृषकको ५० प्रतिशत लागनीमा संचालन हुने प्रधानमन्त्री कृषि आधनुनीकिरण अन्तर्गत बोरिङ प्रविधि कार्यक्रममा संचालक समितिका अध्यक्षले मनोमानी गरेको, संचालक समितिको बैठक समेत नराखी आफ्ना नजिकका नातागोता र आफ्नो नजिकका मान्छेहरुलाई मात्र वितरण गरेकोले सदस्यहरुले सहकारीको कार्यालयमा तालबन्दी गरेको बताएका थिए । विगतमा पनि बेला बेलामा यो सहकारी विवादहरुमा फस्ने गरेको देखिएको छ । विगतमा पनि कृषि क्षेत्रको विकास र विस्तारका लागि राष्ट्र बैंकबाट ऋण लिएर वितरण गर्ने क्रममा रकम हिनामिना गरेको र आफन्तलाई मात्र वितरण गरेको भनी सहकारीका अध्यक्ष विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको थियो । जुन मुद्दा अहिले छानविनकै क्रममा रहेको छ ।

हाल यो सहकारीमा देखिएको विवाद समाधानका लागि लेखा समितिबाट आन्तरिक लेखापरीक्षण गरी सो प्रतिवेदन साधारण सभामा पेश गरी समस्या समाधान गर्न सकिन्छ । जसका लागि सहकारी ऐन, २०४८ को दफा १७ मा सहकारी संस्थाको लेखापरीक्षणका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरेको छ । (१) प्रत्येक संस्थाको साधारण सभाले एकजना संयोजक समेत तीनजना सदस्य भएको एउटा लेखा समिति निर्वाचनद्वारा गठन गर्न सक्नेछ, (२) लेखा समितिले नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षण गराउन र समितिलाई सुझाव दिन सक्नेछ, (३) लेखा समितिले आफ्नो लेखा सम्बन्धी प्रतिवेदन साधारण सभामा पेश गर्ने । कुनै पनि समस्याको समाधानका लागि कानुनी बाटो नै सर्वोत्तम विकल्प हो । सहकारीमा देखिएको विवाद समाधानका लागि ऐनमा भएको व्यवस्था बमोजिमको प्रक्रियाबाट लेखपरीक्षण समितिद्वारा लेखा परिक्षण गरी साधारण सभामा पेश गरी अनुमोदन गराउन सकिन्छ । तर कानुनी प्रक्रिया अवलम्बन नगरी तालाबन्दी गरेको गर्दा कृषकका लागि स्थापना भएको सहकारी संस्था आफैं कृषहरुबाट घेरिन पुगेको देखिन्छ ।

लेखा समितिबाट आन्तरिक लेखापरीक्षण गराएर साधारण सभाबाट स्वीकृत वा अस्वीकृत गराएर समस्या समाधान गर्न सकिने र दोषी ठहरिएमा दोषीउपर कारवाही गर्न सकिने व्यवस्था भए

तापनि लेखा समितिका अध्यक्ष दशरथ जोशीले आफूलाई अध्यक्ष दशरथ भण्डारीको समूहबाट आफुलाई धम्की आएकोले आफूले समितिको बैठक बोलाउन नसक्ने जानकारी गराएका रहेछन् । सहकारीका चालक समितिका सदस्यहरु राजनीतिक आस्थाका आधारमा विभाजन हुँदा समस्या समाधानका हुनुको साटो समस्या झन् विकराल हुन पुगेको देखिन्छ । नगरपालिकाले वडा अध्यक्षको पहलमा स्थानीय प्रशासनको समेत सहयोगमा सहकारीको ताला खोल्न लगाएपनि पछि सदस्यहरु राजनीतिक आधारमा विभाजित भई वडा कार्यालयमा समेत ताला लगाएका थिए । जुन समूहको सन्तोषी साउद ले गरेकी थिईन् । उनीसँगको कुराकानीमा संचालक समितिका अध्यक्ष नै समस्या समाधानका लागि गम्भीर नभएको र कानुन मान्न समेत तयार नभएकोले जनताको पसिनाबाट र लगानीमा संचालित सहकारी बचाउनका लागि आफूहरु तालबन्दी गर्न बाध्य भएको बताएकी छन् । आफूहरु लेखा समितिको बैठक राखेर लेखापरीक्षण गराई दोषी ठहरिएमा कानुनबमोजिम कारवाही गर्न माग गरे तापनि अध्यक्षले आफु फस्ने देखिएकोले विभिन्न बहानामा समितिको बैठक नै नबोलाउने र साधारण सभा पनि आह्वान नगर्ने भएकाले यस्तो कार्य गर्नुपरेको बताएकी छन् । तर संचालक समितका अध्यक्षले आफूहरु लेखा समितिको वैठक राखी लेखा परिक्षण गराएर समस्या समाधानका लागि तयार रहेको भए तापनि लेखा समितिका अध्यक्षले बैठक नै आह्वान गर्न नमानेकोले समस्या आएको बताएका थिए । एकातिर दशरथ जोशीले अध्यक्षको समूहबाट आफुलाई धम्की आएकोले आफू वैठक आह्वान गर्न नसक्ने फेरी अर्कोतर्फ अध्यक्षले दशरथ जोशीले बैठक नै नबोलाउँदा समस्या बढ्दै गएको भनी बताएका साथै तालाबन्दी गर्ने समूह चाहिँ जबसम्म लेखा समितिको बैठक बसी समस्या समाधानका लागि पहल गरिँदैन तबसम्म ताला खोल्न तयार छैनन् । जसले गर्दा यो समस्या अझै विकराल बन्दै गईरहेको छ । साथै तालाबन्दी गर्ने समूहको नेतृत्व नेपाली काङ्ग्रेसका नेताले गरेको, वडा अध्यक्ष नगरपालिकाका मेयर तत्कालीन नेकपा (एमाले) बाट निर्वाचित भएकोले राजनीतिक प्रतिशोध समेत यो विवादमा मिसिएको हुन सक्ने देखिन्छ ।

## ४.समस्या समाधानका लागि पहल

स्थानीय स्तरमा नै विवाद समाधानका लागि धेरैपटक प्रयास भएको भनिए तापनि समाधान हुन नसकेपछि समस्याको समाधानका लागि २०७५ जेष्ठ २८ गतका दिन सहकारीका सञ्चालक समितिका अध्यक्ष दशरथ भण्डारीले निवेदन दर्ता गराएका थिए । नगरपालिकाको कार्यालयमा निवेदन दर्ता भएको भोलिपल्ट नै अर्थात् जेठ २९ गते नै नगरपालिकाको वडा नं. १९ को कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरी सरोकारवालाहरुसँग बैठकको आयोजना गर्यो । समस्या समाधानका लागि धेरै पहल गर्दा समेत निकास ननिस्केपछि बैठक बिना निष्कर्ष टुंगियो । तर नगरपालिकाले सहकारीको ताला जसरी पनि खोल्ने सोच बनाएकाले प्रहरी प्रशासनको सहयोगमा वडा नं. १९ का वडा अध्यक्षको अगुवाईमा ताला खोलियो । तर असन्तुष्ट पक्षले विवादको टुंगो नै नलगाईकन ताला खोलिएको भनी ताला खोलेको भोलिपल्ट नै सहकारीको कार्यालय सहित वडा नं. १९ को कार्यालयमा समेत तालबन्दी गर्यो । सो पश्चात नगरपालिकाले पुनः आषाढ ३ गते सरोकारवालासँग बैठकको आयोजना गरी समस्याको समाधानका लागि प्रयास गरेको थियो । तर दुवै पक्ष आफ्नो अडानबाटपछि हट्न नमानेकोले सो बैठक पनि विना निष्कर्ष टुंगियो र उक्त ताला अझै सम्म पनि खुल्न सकेको छैन ।

नगरपालिकाले समस्या समाधानका नाममा केबल बैठक मात्र बोलाउने र विवादमा संलग्न पक्षहरु आ आफ्नै अडानबाटपछि नहटेकोले समस्याको समाधान हुन सकेको छैन । कानुनी रुपमा समस्या समाधान गर्न सकिने स्पष्ट व्यवस्था भए तापनि सहमतिका नाममा बेला बेला बैठक मात्र आयोजना गर्ने गर्नाले समस्याको समाधान हुन नसकेको देखिन्छ । सरोकारवालाहरुको कुराकानी छलफलपछि दोषी पत्ता लगाई कानुनी प्रक्रिया अवलम्बन गरी समस्या समाधान गर्नुपर्ने देखिन्छ । सहकारी ऐन, २०४८ मा सहकारीका आर्थिक कारोवारका सम्बन्धमा लेखा समितिले छानविन गर्न सक्ने व्यवस्था रहेको छ । तर यस विवादमा लेखा समितिका अध्यक्षले आफुलाई धम्की आएकोले बैठक बोलाउन नसक्ने भनी बताएकोले सहकारी ऐनमा व्यवस्था भएबमोजिम समितिको कुनै निर्वाचित सदस्यलाइ निष्कासन गर्नु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधारण सभाका पाँच प्रतिशत सदस्यहरूले कारण खोली साधारण सभामा पेश गरेको प्रस्तावलाई साधारण सभाको बहुमतले पारित गरेमा त्यस्तो समितिको सदस्यलाई निष्कासन गर्न वा समितिलाई विघटन गर्न सकिनेछ । निर्वाचनद्वारा अर्को समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ र उक्त निर्वाचित समितिबाट लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदन साधारण सभामा पेश गरी दोषी देखिएका उपर कारवाही गर्न सकिने व्यवस्था भए तापनि कानुनी व्यवस्था उपर कसैले ध्यान नदिएको देखिन्छ । जसले गर्दा विवादले अझै उग्र रुप लिने देखिन्छ ।

### ५.निष्कर्ष

अहिलेका स्थनीय तह स्थानीय सरकार हुन् । आफ्नो क्षेत्रभित्रका समस्याको कानुनी रुपमा छिटो भन्दा छिटो समाधान गरी जनताको अधिकारको रक्षा गर्नु स्थानीय सरकारको कर्तव्य हो । तर सहमतिको नाममा जनतालाई मर्का पर्ने गरी लामो समयसम्म यस्ता विवादहरु निरुपण गर्न नसक्नु स्थानीय तहको कमजोरी हो । जनताको सहभागितामा स्थापित यस्ता सहकारी संस्थाहरुमा विवादरहित नेतृत्व छनोट गरी काम कारवाही पारदर्शी बनाईनु पर्छ । कृषिप्रधान देशमा कृषि क्षेत्रको विकास र विस्तारका लागि कृषि सहकारीको अत्यन्तै ठुलो भुमिका हुन्छ । तर कृषकको समस्या समाधानका लागि स्थापना भएका यस्ता सहकारी संस्थाहरु आफैं विवादमा फस्दा जनताको हितमा कार्य हुन सक्दैन । जसले गर्दा सम्पूर्ण देशकै अर्थतन्त्रमा नै नकरात्मक असर पर्दछ । तसर्थ यस्ता विषयहरुमा समस्या समाधानका लागि कानुनी बाटो अवलम्बन गरी दोषीउपर कानुनबमोजिम कारवाही गर्नुपर्दछ ।

# ज्ञान बहादुर खत्रीको जग्गाधनी प्रमाण पूर्जामा नाम संसोधन

**टंक प्रसाद पन्थी**

## १. पृष्ठभूमि

भूमि सीमित प्राकृतिक स्रोत हो जहाँ मानिस जन्मन्छ, हुर्कन्छ, बढ्छ, जीवन निर्बाहका क्रियाकलापहरु सञ्चालन गर्दछ र अन्त्यमा अपनो निवेष पनि त्यहिं नै बिसर्जन गर्दछ । मानिसले बाचुन्जेल बिभिन्न रुपमा भूमिको प्रयोग गरिरहेको हुन्छ । भूमिको नक्सांकन/ चित्रांकन, कित्ताकाट, दर्ता गरेर स्वामित्व लिई वैधानिक रुपमा नै जग्गाको उपयोग गर्ने प्रबृत्ति आधुनिक समयमा विश्वभर नै बिकसित भइरहेको छ । नेपालमा पनि भूमिसुधार ऐन २०२१ लागू भए पश्चात् बि.सं.२०२४ साल देखि बि.सं. २०४९ सालसम्म देशभरी चलेको नापी कार्यक्रमबाट मानिसहरुले आफूले प्रयोग गरिरहेको वा नयाँ जग्गाको नापनक्सा, दर्ता गरी जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी, बैधानिक रुपबाट नै जग्गा उपयोग गर्दै आएका छन् । नापी कार्यालयले जग्गा नाप्ने, नक्सा बनाउने, कित्ताकाट गर्ने, फिल्ड नक्सा, ट्रेस नक्सा बनाउने काम गर्दछ भने जग्गा दर्ता गर्ने, अभिलेख राख्ने, दखिला /खारेजी गर्ने, संसोधन गर्ने र जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने लगायतका जग्गा व्यबस्थापन सम्बन्धी काम मालपोत कार्यालयले गर्ने गर्दछ । यसरी संशोधन प्रक्रियालाई जग्गा व्यबस्थापन एउटा महत्वपूर्ण भागको रुपमा लिन सकिन्छ ।

शुरु शुरुको समयमा जमिनको क्षेत्रफल र जनसंख्याको अनुपात धेरै थियो । जग्गाको बहु उपयोगको महत्व मानिसलाई त्यति थाहा थिएन । परम्परागत निरन्तरतामै जग्गाको उपयोग हुने गर्थ्यो भने जग्गाको कारोबार पनि कम हुन्थ्यो । मानिसको साक्षरताको दर पनि कम थियो । जग्गा दर्ता गर्ने समयमा अधिकांश मानिसहरुले त्यतिबेला आफ्नो बोलीचालीको नाम वा कुनै संक्षिप्तएको नामबाट दर्ता गराउँथे । नागरिकताको प्रमाणपत्र संयोग मिलेमा सोही नामबाट र नभए अर्के संक्षिप्तएको नामबाट प्राप्त गर्थे । जसको कारण नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पूर्जामा नाम फरक पर्ने संभावना अधिक हुन्थ्यो । हालको समयमा पनि मानिसहरुको विविध कारणले प्रमाणपत्रहरुमा नाम, थर, बीचको नाम ,बर्ण फरक पर्ने हुनाले संशोधनको समस्या परिरहेका हुन्छन् । पछिल्लो समयमा आएर जग्गा बहुआयामिक उपयोग हुन थालेको छ । मानिसमा चेतना र शिक्षाको स्तर पनि बढिरहेको छ । जग्गाको कारोबार दिप्रतिदिन बढिरहेको छ जसका कारण यसको महत्व बढेको कुरा जगजाहेर नै छ । यसर्थ हालका दिनहरुमा जग्गा उपयोगको बिषय संबेदनशील बनेको छ । जग्गको कारोबार हुनको लागि नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पूर्जामा जग्गाधनीको नाम थर एउटै हुनु अनिवार्य हुन्छ । एउटा सानो त्रुटीले पनि जग्गाको कारोबार रोकिन सक्छ । जग्गाधनी प्रमाणपूर्जा र नागरिकताको प्रमाणपत्रमा व्यक्तिको नाम थर फरक परेको खण्डमा जग्गाको कारोबार व्यबस्थित, गर्न दोहोरोपन हटाउन र जग्गामा व्यक्तिका स्वामित्व सुनिश्चित गर्न जग्गाधनी प्रमाण पूर्जामा आवश्यक संशोधन हुनु आवश्यक छ । त्यस्तो फरक परेको अबस्थामा कुनै पनि व्यक्तिले जिल्लास्थित मालपोत कार्यालयमा संसोधन निवेदन दिन सक्छ भने मालपोत कार्यालयले आवश्यक प्रक्रिया पुर्याई नागरिकताको प्रमाणपत्रलाई आधार मनेर जग्गाधनी प्रमाणपूर्जामा संशोधन गरिदिन्छ । यसै सन्दर्भमा मालपोत

कार्यालय मन्थलीमा परेको जग्गाधनी प्रमाण पूर्जाको संशोधनको बिषयलाई मैले मामला अध्ययनको बिषय बनाएको छु ।

## २. समस्याको कथन

जनकपूर अञ्चल रामेछाप जिल्ला  चनखु गा.वि.स.वडा नं ४ (हालको मन्थली न.पा. वडा नं १०) मा जन्म भई हाल धनुषा जिल्ला तुलसी गा.वि.स. वडा नं ५ बस्ने ज्ञान बहादुर खत्रीको नेपाली नागरिकताको प्रमाणपत्र र रामेछाप जिल्ला पुरानगाउँ गा.वि.स. वडा नं. ९/क कित्ता. नं ८५ र ८६ ( हाल मन्थली न.पा.वडा नं ९) का जग्गाहरु उल्लेख भएको जग्गाधनी प्रमाण पूर्जामा नाम फरक परेको कारण उक्त जग्गाहरुको किनबेच एवं कारोबार हुन सकेको  छैन । दर्ता भएको जग्गामा निजको स्वामित्व सुनिश्चित गर्न, दोहोरोपन हटाउन र जग्गा कारोबारलाई सहज एवं व्यबस्थित बनाउन नियमानुसार नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा जग्गाधनी प्रमाणपूर्जा संशोधन गरिनुपर्छ ।

## ३. मामलाको विश्लेषण

जनकपुर अञ्चल रामेछाप जिल्ला  चनखु गा.वि.स.वडा नं ४ (हालको मन्थली न.पा. वडा नं १०) मा जन्म भई हाल धनुषा जिल्ला तुलसी गा.वि.स. वडा नं ५ बस्ने  बखान सिं खत्रीको नाती, चन्द्र बहादुर खत्रीको छोरा ना.प्र .प.नं.( ज.म.६७७, २०४९।०६।०८, महोत्तरी ) भएका ज्ञान बहादुर खत्रीले  मिति २०३५।१०।०२ मा इन्द्र बहादुर खत्रीको नामबाट रामेछाप जिल्ला  पुरानागाउँ गा.वि.स.वडा नं. ९/क कि. नं ८५ र ८६ (हाल मन्थली न.पा.वडा नं ९) का जग्गाहरु उल्लेख भएको जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरेका रहेछन् । जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्ने समयमा निजको नेपाली नागरिकताको प्रमाणपत्र पनि बनेको थिएन । जग्गा दर्ता गर्ने समयमा निजको गाउँघरको चलन चल्तिको नाम इन्द्र बहादुर खत्रीको नामबमट जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरे । पछि बसाईंसराई गरी जनकपुर अञ्चल धनुषा जिल्ला तुलसी गा.वि.स. वडा नं. ५ मा सपरिवार बसोबास गर्न थाले । बि. सं. २०४९ सालमा निजले महोत्तरी जिल्ला बाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरे । जग्गाधनी प्रमाण पूर्जामा के नाम उल्लेख भएको थियो त्यो उनलाई वास्ता भएन । पछि रामेछाप जिल्ला स्थित उक्त जग्गाहरुको कारोबार गर्न जाँदा जग्गाधनी प्रमाण पूर्जामा र नागरिकताको प्रमाणपत्रमा नाम फरक पर्न गएकोले कारोबार हुन सकेन । जग्गा कारोबार हुन नसकेपछि निजले गा.वि.स.को कार्यालय चनखुमा मिति २०६७ साल माघ २९ गते संशोधनको सिफारिसको लागि निवेदन दिए ।

गा.वि.स. को कार्यालय चनखुले पनि मिति २०६७।११।०१ मा मालपोत कार्यालय रामेछाप लाई वडा मुचुल्का सहित नाम संशोधनको लागि (प.सं.०६७।०६८ च.नं.१२८) सिफारिस गरिदियो । सोही सिफरिस साथमा निजले मिति २०६७।११।०१ मा नै मालपोत कार्यालय रामेछापमा संसोधन निवेदन दर्ता गरे । मालपोत कार्यालय रामेछापले पनि नियमानुसार आवश्यक प्रक्रिया पुर्‍याई इन्द्र बहादुर खत्री भन्ने अन्य कुनै व्यक्ति भए हक दावी गर्न भनि मिति २०७७।११।०१ मा नै नाम संसोधन सम्बन्धि ३५ दिने सार्वजनिक सूचना जारी गर्‍यो र २०७७।११।०१ मा (च.नं ६०६) सम्बन्धित निकायमा सूचना टाँसको लागि पत्राचारसमेत गर्यो । उक्त जग्गमा अन्य कुनै व्यक्तिको हक दावी परेको छैन । माथि उल्लेखित कुराहरु मालपोत कार्यालय रामेछापको जग्गा रजिष्ट्रेशन फाँटमा बस्ने कर्मचारी हरुसंग सोधपुछ गरी तयार पारिएको हो । मानिसमा भूमि सम्बन्धी ज्ञानको अभाव, शिक्षा/चेतनाको स्तरमा कमि र कहिलेकाही आफ्नै बेवास्ताको कारण पनि आफ्नो नाम ,थर जस्ता कुरा पनि ठाउँ पिच्छे फरक पर्न सक्छन् । आफ्नो नाम, थर सम्बन्धी आफै संवेदनशील नहुनु, आफ्नो नामबाट गर्नु पर्ने

काम अरु कसैलाई  गर्न लगाउनु जस्ता कारणले एउटै व्यक्तिको पनि  नाम थर फरक परिरहेको हुन्छ । जग्गा कारोबारको क्रममा नाम थर नमिल्दा संशोधनको प्रसंग आउँछ र यसले कारोबारमा झन्झट निम्त्याउँछ । होस नपुर्‍याएमा एउटा बास्तबिक मानिसको स्वामित्वमा भएको जग्गा अर्कै कुनै व्यक्तिको स्वामित्वमा पुग्न समेत सक्छ । यस मामलामा पनि इन्द्र बहादुर खत्री नाम भएको अन्य कुनै व्यक्तिले हक दावी गरेको भए जग्गा कसको नाममा हुने थियो भन्न सकिने थिएन ।

## ४. विवाद समाधानका लागि भएका प्रयासहरु

मन्थली न.पा. वडा नं १० (साविक चनखु गा.वि.स. वडा नं. ४) का ज्ञान बहादुर खत्रीको जग्गाधनी प्रमाण पूर्जामा नाम संसोधन गर्ने सम्बन्धमा भएका प्रयासहरु निम्न छन ।

- गा.वि.स. को कार्यालय चनखुद्वारा प.सं. ०६७।६८ च.नं. १२८ मिति २०६७।११। को पत्र बाट माखपोत कार्यालय रामेछापको लागि संशोधनको लागि गरेको सिफारिस (मिति २०६७।१०।२९ मा ५ जनाको वडा मुचुल्का सहित ),
- ज्ञान बहादुर खत्रीले मिति २०६७।११।१ मा मालपोत कार्यालय रामेछापमा संसोधन निवेदन दर्ता गराएका,
- मालपोत कार्यालय रामेछापले मिति २०६७।११।१ मा हक दाबीको लागि ३५ दिने सार्वजनिक सूचना जारी गरेको ,
- मालपोत कार्यालय रामेछापले मिति २०७६।११।१ च.नं ६०६ को पत्र बाट रामेछाप जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय रामेपाछ, जि.वि.स. को कार्यालय रामेछाप, चनखु गा.वि.स. को कार्यालयमा सूचना टाँसको लागि पत्राचार गरेको साथै स्थानीय साप्ताहिक पत्रिकामा सूचना प्रकाशित गरेको ।

## ५. निष्कर्ष

नाम थर संसोधन जग्गा प्रशासन सम्बन्धिको एउटा भाग हो । हेर्दा सामान्य देखिए पनि बास्तबमा यो संवेदनशील विषय हो । जग्गा दर्ता गर्ने समयमा दर्ता गराउने व्यक्ति र दर्ता गर्ने निकाय दुवैले आवश्यक प्रमाण जुटाएर मात्र काम गर्नु पर्छ र संसोधन गर्न आवश्यक परेमा कसैलाई मर्का नपर्ने गरि गर्नु पर्छ ।  माथि अध्ययन गरिएको मामलमा ज्ञान बहादुर खत्री भन्ने व्यक्तिको नेपाली नागरकिताको प्रमाणपत्रमा र जग्गाधनी प्रमाणपूर्जामा बाबुको नाम एउटै मिल्छ । केवल ज्ञान बहादुर हुनु पर्नेमा जग्गधनी प्रमाण पूर्जामा इन्द्र बहादुर भएको मात्र देखिन्छ । मालपोत कार्यालय रामेछापले जारी गरेको ३५ दिने सार्वजनिक सूचना  पछि पनि सो अवधिभित्र कुनै हक दावी परेको छैन । यसरी हेर्दा उक्त जग्गा निजको नै भएको देखिन्छ । मालपोत कार्यालय रामेछापले पनि  आवश्यक प्रक्रिया पुर्याई संसोधनको लागि फाइल तयार पारेको छ । अब ज्ञान बहादुर खत्रीले नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा जुनसुकै समयमा आए पनि संशोधन सहितको जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्न सक्ने देखिन्छ ।

# जग्गाको हदवन्दी र अंशियार कायम

**तोयानाथ लम्साल**

## १. पृष्ठभूमि

मालपोत ऐन,२०३४ जारी भएपछि वि.सं. २०३५।०१।०१ देखि अर्थ मन्त्रालयअन्तर्गत मालपोत कार्यालय स्थापना भएको हो । हाल यो कार्यालय कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालयको भूमि सुधार तथा व्यवस्थापन विभागअन्तर्गत रहेको छ । जग्गा प्रशासन तथा व्यवस्थापनसँग सम्वन्धित कार्यहरु मालपोत कार्यालयबाट सम्पादन गरिन्छन् । जग्गाको हदवन्दी तथा अंशियार कायम सम्वन्धी कार्य भूमि सुधार कार्यालयले गर्दछ । सिन्धुपाल्चोक जिल्लामा साविकमा भूमिसुधार कार्यालय रहेको तर हाल उक्त कार्यालय यस जिल्लाबाट उठिसकेको हुनाले उक्त कार्यालयको कार्य यस जिल्लामा मालपोत कार्यालयले गर्दै आएकोले जग्गाको हदवन्दी र अंशियार कायम गर्ने कार्यसमेत मालपोत कार्यालयले गर्दछ ।

विनय श्रेष्ठको(नाम परिवर्तन) नाति श्याम श्रेष्ठको(नाम परिवर्तन) छोरा विजय श्रेष्ठले (नाम परिवर्तन) आफ्नो हजुरवुवा र वुवाको पैत्रिक अंश काका अशोक श्रेष्ठबाट (नाम परिवर्तन) काठमाण्डौ जिल्ला अदालत, तत्कालीन पुनरावेदन अदालत, पाटन हुँदै अन्तिममा सर्वोच्च अदालतबाट मिति २०६६।०७।०४ मा विजय श्रेष्ठ र निजका काका अशोक श्रेष्ठले आधा आधा अंश पाउने गरी भएको फैसलाबमोजिम आधा अंश पाउने ठहर भयो । अदालतको फैसलाबमोजिम २०६९।१२।१५ मा अंशवण्डाको लागि सिन्धुपाल्चोक जिल्ला अदालतबाट वादी विजय श्रेष्ठ र प्रतिवादी अशोक श्रेष्ठकाबीच मिलापत्र भई विजय श्रेष्ठले सिन्धुपाल्चोक जिल्ला अदालत, सिन्धुपाल्चोकले २०६९।१२।१५ मा दा. खा. दर्ता गरिदिने विषयको मालपोत कार्यालय, चौतारालाई लेखेको पत्रसाथ मिलापत्रबमोजिमको जग्गा दा. खा. गरीपाउँ भनी मिति २०७०।०१।०४ मा मालपोत कार्यालय, चौतारामा निवेदन पेश गरेको तथ्य मिशील अध्ययन गर्दा देखिन्छ । त्यसपछि मालपोत कार्यालय, चौताराले नापी कार्यालय, चौतारालाई मिलापत्रबमोजिमको कित्ताकाट गरी पठाइदिने भन्ने व्यहोराको पत्र लेखी नापी कार्यालय, चौताराबाट कित्ताकाटको ट्रेस प्राप्त भएपछि निवेदक विजय श्रेष्ठको नाममा मिति २०७०।०६।०९ मा मिलापत्र बमोजिमको जग्गा दाखिल खारेज गरिदिएको देखिन्छ । मिति २०७०।०६।०८ मा नै विजय श्रेष्ठले आफू, श्रीमती तथा दुई छोराहरुलाई चार अंशियार कायम गरिपाऊँ भनी मालपोत कार्यालय, चौतारामा निवेदन दर्ता गरेको र त्यसपछि कार्यालयले निवेदकलाई जग्गाको फाँटवारी फाराम नं. ७ पेश गर्न लगाएको देखिन्छ । निवेदक विजय श्रेष्ठले जग्गाको फाँटवारी पेश गरी आफ्नो जग्गामा हदवन्दी नलाग्ने जिकिर गरेको देखिन्छ ।

## २. समस्या कथन

अदालतको निर्णयबाट अंशबापत प्राप्त जग्गामा हदवन्दी निर्धारण गर्ने प्रयोजनको लागि अंशियार कायम हुन नसकेको तथा हदवन्दी सम्वन्धी निर्णय हुन सकन । मिति २०७०।०६।०८ मा विजय श्रेष्ठले सर्वोच्च अदालतको आदेशबमोजिम आफूले अंशवापत प्राप्त गरेको जग्गाको आफू, श्रीमती र दुई छोराहरु गरी जम्मा चार अंशियार परिवार भएको र मोही लागेको जग्गामा मोहीको जग्गा बाँडफाँड गर्दा बाँकि जग्गामा हदवन्दी नलाग्ने भनी सनाखतसमेत गरी अंशियार कायम गरी हदवन्दी फुकुवा गरीपाउँ भनी मालपोत कार्यालय, चौतारमा निवेदन पेश गरेको मिसिल अध्ययन गर्दा देखिन आउँछ । उक्त व्यहोराको

निवेदन निवेदकले पाँच पटकसम्म कार्यालयमा पेश गरेको देखिन्छ । भूमि सम्वन्धी (छैठौं संसोधन) ऐन,२०२१को परिच्छेद १ दफा ४ (ग) ले कुनै व्यक्तिका सम्वन्धमा परिवार भन्नाले सो व्यक्ति र निजको देहायका अवस्थाका नातेदारलाई सम्झनु पर्छ भनी उल्लेख गरेको छ : (१) अंश छुटिएको वा नछुटिएको जे भए तापनि पति वा पत्नी, (२) वावु वा आमा जिवित छउञ्जेल अंश छुटिएको वा नछुटिएको जे भए तापनि सोह्र वर्ष उमेर नपुगेको छोरा वा छोरी भूमि सुधार तथा व्यवस्थापन विभागले जारी गरेको जग्गा प्रशासन कार्यविधि, २०६१ भाग २ बमोजिम हदवन्दी भन्नाले सामान्यतया कुनै कुराको हद वा सीमा को निर्धारण वा निर्धारित सीमा वा अधिकतम सीमा वा माथिल्लो हद भन्ने बुझिन्छ र भूमि सम्वन्धी ऐन,२०२१ मा प्रयुक्त यस शव्दले कुनै पनि व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको माथिल्लो हद वा अधिकतम सीमा सम्झनु पर्छ ।

ऐनको परिच्छेद ३ दफा ७ को उपदफा १ र २ बमोजिमकुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले नेपालमा जम्मा १० विगाहामा नबढ्ने गरी भित्री मधेससमेत् सम्पूर्ण तराइ क्षेत्रमा १० विगाहा, काठमाण्डौ उपत्यकामा २५ रोपनी र काठमाण्डौ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनी तथा घरवारीको लागि क्रमशः १ विगाहा र ५/५ रोपनी राख्न पाउने व्यवस्था गरिएको छ । सोही दफाको उपदफा ६ मा भएको व्यवस्था निम्न रहेको छ : यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाको मितिसम्म साविकमा हदवन्दी सम्वन्धी कारवाहीको निर्णय हुन बाँकि रहेको जग्गावालको हकमा साविकको व्यवस्थाबमोजिम राख्न पाउने जग्गाको हदवन्दी सम्वन्धी कारवाही टुंगो लागेपछि मात्र यस दफाबमोजिमको अधिकतम हदवन्दी लागू हुनेछ । भूमि सम्वन्धी (छैठौं संसोधन) ऐन, २०२१ बमोजिम निवेदकले उक्त जग्गा वावुको अंशको रुपमा प्राप्त गरेको, अदालतले निर्णय गर्दा निज र निजको काका अशोक श्रेष्ठ गरी जम्मा दुई अंशियार मात्र कायम गरी जग्गा बाँडफाँड गर्ने आदेश दिएको तथा सो जग्गामा हालसम्म हदवन्दी सम्वन्धी कुनै कारवाही नभएको हुनाले पहिला हदवन्दी कायम गरेर मात्र अंशियार कायम गर्नुपर्ने देखिन्छ भन्ने कार्यालयको वुझाइ रहेको देखिन्छ भने निवेदकको माग पहिला अंशियार कायम गरेर मात्र हदवन्दी सम्वन्धी कारवाही चलाउनु पर्ने भन्ने रहेको देखिन्छ । यसै कारण समस्या उत्पन्न भएको हो । अंशियार कायम गर्ने र जग्गाको हदवन्दीको निर्णय गर्ने विषय एक गम्भीर चासोको विषय हो । यो एकातर्फ व्यक्तिको आफ्नो सम्पत्तिको वेचविखन लगायतका कारोवार गर्न पाउनु पर्ने हकसँग जोडिएको छ भने अर्कोतर्फ राज्यको कानून कार्यान्वयन गराउने विषयसँग पनि जोडिएको छ । त्यसैले यसतो समस्याको समयमै निराकरण गर्नुपर्ने देखिन्छ ।

## ३. मामिला विश्लेषण

### ३.१ मामिला इतिहास

विजय श्रेष्ठले सर्वोच्च अदालतको फैसलाबमोजिम अंशको रुपमा ४०० रोपनीभन्दा वढी जग्गा प्राप्त गरेपछि मालपोत कार्यालय, चौताराले निजको नाममा उक्त जग्गा दर्ता गरिदिएको थियो । त्यसपछि निजले आफू र आफ्नो श्रीमती र दुई छोराहरु समेत गरी जम्मा चार अंशियार कायम गरी पाउँ भनी मालपोत कार्यालय चौतारामा मिती २०७४।०६।०८ मा निवेदन दिएको देखिन्छ । निजले मोहीको जग्गा छुट्याई बाँकि जग्गा चार अंशियारलाई भाग लगाउँदा हदवन्दीभन्दा वढी जग्गा नदेखिने यदि देखिए सरकारले जफ्त गर्न सक्ने भन्ने निवेदन सनाखत पेश गरेको देखिन्छ । निवेदकले अंशियार कायम गरी पाउँ र हदवन्दि फुकुवा गरीपाउँ भन्ने विषयको निवेदन मिति २०७१।१२।१८, मिति २०७१।१२।२५, मिति

२०७४।०९।२४ र मिति २०७४।१०।१० मा मालपोत कार्यालय चौतारामा पेश गरेको व्यहोरा मिशिल अध्ययनबाट खुल्न आउँछ । कार्यालयले निवेदकलाई जग्गाको फाँटवारी फाराम नं. ७, मिति २०७३।०८।०५ मा अनूशूची १, २ र ७ पेश गर्न आदेश दिएको तथा विजय श्रेष्ठको नाममा मिति २०७३।१०।२४ मा निजको नाममा रहेका सम्पूर्ण जग्गा खुलाई पठाउनु भनी पत्र लेखेको देखिन्छ । त्यसतै कार्यालयले मालपोत कार्यालय, काठमाण्डौ, ललितपुर र भक्तपुरमा विजय श्रेष्ठका नाममा हदवन्दी सम्वन्धी कारवाही चले नचलेको खुलाई पठाइदिनु भनी पत्र लेखेको देखिन्छ । यसरी कार्यालयले हदवन्दी सम्वन्धी विषयको टुंगो लगाउन कारवाही चलाएको देखिन्छ ।

### ३.२ समस्याको कारण

निवेदकले मिति २०७३।०६।०८ मा अंशियार कायम गरी पाउँ भनी निवेदन पेश गरे पनि यो मामिला अध्ययन प्रतिवेदन तयार पार्दासम्म समस्याको समाधान नभएको देखिन्छ । कार्यालय प्रमुख परिवर्तन भइरहने तथा निर्णय गर्दा कुनै त्रुटी भएमा सरकारी सम्पत्तिको हानी नोक्सानी हुने र कारवाहीमा परिने डरलेसमेत मुद्दाको निर्णय समयमै नभएको देखिन्छ । अंशियार कायम गर्ने र हदवन्दी निर्धारण गर्ने कार्य अन्तरसम्वन्धित विषय भएकोले निवेदकलाई निजसँग रहेको सम्पूर्ण जग्गाको विवरण अनुसूची ७ पेश गर्न लगाउँदा समयमा पेश नभएको कारण निर्णय गर्न समस्या देखिन्छ । हदवन्दीको निर्णय एकै पटकमा गर्नुपर्ने हुँदा मालपोत कार्यालय, काठमाण्डौ, ललितपुर र भक्तपुरबाटसमेत जवाफ प्राप्त नभएको हुनाले निर्णयमा ढिलाईको समस्या देखिन्छ ।

### ३.३ असर वा प्रभाव

नेपालको संविधान,२०७२ को धारा २५ ले दिएको सम्पत्तिको हक बमोजिम व्यक्तिले आफ्नो सम्पतिको वेचविखन लगायतको कारोवार गर्न पाउने हक कुण्ठित भएको देखिन्छ । निवेदक वृद्ध भएको तथा विरामी भएको भनी हस्पिटलको मेडिकल रिर्पोट समेत पेश गरेको हुनाले निवेदक जीवित छँदै आफ्नो सम्पति वेचविखन लगायतको कारोवार गर्न नपाउन सक्ने अवस्था रहेको छ । वरोवर ५ पटकसम्म एकै विषयमा निवेदन दिनुपरेकोले निवेदकलाई मानसिक तनाव भएको र लगातार कार्यालय धाउँदा आर्थिक अवस्थासमेत कमजोर भएको अवस्था छ । समयमा मुद्दाको निर्णय नहुँदा सरकारी कर्मचारी र सरकारी कार्यालयप्रतिको सेवाग्राहीको विश्वास गुम्ने खतरा रहेको छ ।

## ४. समस्या समाधानको प्रयास

समस्या समाधानको लागि मालपोत कार्यालय, चौताराले निम्न प्रयास गरेको देखिन्छ :

- कार्यालयले भूमि सम्वन्धी ऐन बमोजिम पहिला जग्गाको हदवन्दी सम्वन्धी कारवाहीको टुंगो लगाउने दिशामा प्रयास गरेको देखिन्छ ।
- त्यसको लागि कार्यालयले निवेदकलाई निजको नाममा रहेको सम्पूर्ण जग्गाको विवरण प्राप्त गर्ने प्रयोजनको लागि अनुसूची १, २ र ७ बमोजिमको फाराम पेश गर्न लगाएको देखिन्छ ।
- कार्यालयले मिति २०७३।१०।२४ मा निवेदकलाई निजको नाममा के कति जग्गा छ खुलाई पठाउनु भनी पत्र लेखेको छ ।
- कार्यालयले २०७४।०४।२६ मा मालपोत कार्यालय, काठमाण्डौ, ललितपुर र भक्तपुरलाई निवेदकको सम्वन्धमा सो जिल्लाहरुमा जग्गाको हदवन्दी सम्वन्धी कारवाही चलाए नभएको खुलाई पठाइदिनु भनी पत्र लेखेको छ ।

- मालपोत कार्यालय, ललितपुरबाट विजय श्रेष्ठको जग्गा हदवन्दी सम्वन्धी कारवाही नचलाएको भनी जवाफ २०७४।१०।०८ मा प्राप्त भएको छ ।
- उक्त मुद्दाको विषयमा मैले कार्यालयको मुद्दा फाँटका ना.सु. सँग मुद्दाको विषयमा जानकारी लिएको तथा छलफल गरेको, कार्यालय प्रमुखसँग छलफल गरेको तथा यसता मुद्दाहरु प्रमाण जुटाएर सकेसम्म चाँडो निर्णय गर्दा राम्रो हुने भनी सल्लाह दिएको छु ।

## ५. निष्कर्ष

विजय श्रेष्ठले अदालतको निर्णयबाट प्राप्त गरेको अंश जग्गामा आफूसहित चार जना हकदार कायम गरी पाउँ भनी मालपोत कार्यालय, चौतारामा पेश गरेको निवेदन उपर कारवाही गर्दा कार्यालयले सर्वप्रथम जग्गाको हदवन्दी कायम गर्नुपर्ने भनी निवेदकको नेपाल राज्य भर रहेको वा जानकारीमा आएको जग्गाको हदवन्दी भन्दा वढी जग्गा सरकारले प्राप्त गर्नेतर्फ कारवाही चलाएको देखिन्छ । निवेदकले प्रचलित भूमी सम्वन्धि कानूनबमोजिम अंशियार कायम गर्दा आफूसँग हदवन्दी भन्दा वढि जग्गा बाँकि नरहने यदि जग्गा बाँकि भए सरकारले जफ्त गर्न सक्ने भनी निवेदनमा जिकिर गरेको देखिन्छ । भूमि सम्वन्धी (छैठौं संसोधन) ऐन,२०२१ को दफा७ को उपदफा ६ मा यो दफा प्रारम्भ हुँदाको मितिसम्म साविकमा हदवन्दी सम्वन्धी कारवाहीको निर्णय हुन बाँकि रहेको जग्गावालको हकमा साविकको व्यवस्थाबमोजिम राख्न पाउने जग्गाको हदवन्दी सम्वन्धी कारवाही टुंगो लागेपछि मात्र यस दफाबमोजिमको अधिकतम हदवन्दी लागू हुनेछ भन्ने व्यवस्था भएकोले तथा सो जग्गामा हालसम्म हदवन्दीको कारवाही नभएको हुनाले कार्यालयले हदवन्दीको कारवाही पछि मात्र अंशियार कायम गर्ने निष्कर्षमा पुगेको देखिन्छ । व्यक्तिको सम्पत्तिसम्वन्धी विषय भएकोले जुटाउनु पर्ने प्रमाण जुटाई चाँडो निणर्य गर्न उपयुक्त हुने यो मामिला अध्ययन प्रतिवेनको निष्कर्ष रहेको छ ।

# घर जग्गा सम्बन्धी विवादमा न्यायिक समितिको सक्रियता

**दिपक दाहाल**

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १२७ मा न्याय सम्पादन सम्बन्धी कार्यहरुको लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहको अदालतको व्यवस्था भएपनि संविधान, अन्य कानुन र न्याय मान्य सिद्धान्त बमोजिम नेपालको न्याय सम्बन्धी अधिकार प्रयोगका लागि कानून बमोजिम मुद्धा हेर्ने स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका लागि वैकल्पिक उपाय अवलम्बन गर्न अन्य निकाय गठन गर्न सकिने व्यवस्था छ । सोही अनुसार नेपालको परिवर्तित शासकीय व्यवस्थामा संविधानको धारा २१७ को उपधारा १ मा स्थानीय सरकारले कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपमेयरको संयोजकत्वमा  तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ । सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्र उल्लेख गरिएको छ । उक्त ऐनको दफा ४७ को उपदफा (१) का  निम्न विवादहरुलाई मुलुकी ऐनको सम्बन्धित महलको अधिनमा रहेर न्यायिक समितिलाई निरुपण गर्ने अधिकार दिइएको छ ।

न्यायिक समितिले विवादको निरुपण गर्ने मुद्दाहरु जस्तै आली, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग, अर्कोको बाली नोक्सान गरेको, चरण वा घाँस दाउरा, ज्याला मजुरी नदिएको, घरपालुवा पशु हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, खान लाउन वा शिक्षा दीक्षासम्बन्धी, वार्षिक पच्चीस लाख रुपैयाँसम्म विगो भएको घर बहाल र घर बहाल सुविधासम्बन्धी विवादको छिनोफानो गर्ने, असर पर्ने गरी रुख बिरुवा लगाएको सम्बन्धमा, बलेसीबाट पानी झारेको सम्बन्धी मुद्दा, सँधियारको जग्गातर्फ झ्याल राख्दा जग्गा नछाडेको सम्बन्धमा, सन्धि सर्पन, बाटोघाटोसम्बन्धी र संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवादहरु सहित अर्धन्यायिक निकाय सरह फैसला गर्न उपाध्यक्ष तथा उपप्रमुखलाई १३ वटा अधिकार हरु दिइएको छ । यसै ऐनको दफा ४७ को उपदफा (२) मा न्यायिक समितिलाई मेलमिलापको माध्यमबाट १२ वटा निम्न विवादहरुको निरुपण गर्ने अधिकार दिइएको छ ।  मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्ने मुद्दाहरुमा जग्गा मिच्ने सम्बन्धी, अरुको जग्गामा घर वा संरचना बनाएको सम्बन्धमा, सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा, कुटपिट सम्बन्धि विवाद, गालि बेइज्जति सम्बन्धी मुद्दा, लुटपिट सम्बन्धी मुद्दा, पशुपंक्षी छाडा छाडेको वा पाल्दा लापरबाही गरेको, अरुको आवासमा अनधिकृत प्रवेश गरेको, ध्वनि प्रदुषण वा फोहोरमैला फ्याँक्नेसम्बन्धी, अर्काको  जग्गा आवाद वा भोगचलन गरेको, दुनियाँ वादी हुने देवानी र फौजदारी मुद्दा हुन् ।

यसरीमाथि उल्लखित विवाद तथा मुद्दाहरुको निरुपण गर्ने सन्दर्भमा न्यायिक समितिको अधिकार क्षेत्रका प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरुले सामुहिक रुपले गर्दछन् । बहुमतको राय न्यायिक समितिको निर्णय मानिन्छ । न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ । साथै न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र सम्बन्धित

जिल्ला अदालतमा पुनरावेदन गर्न सक्छ । यसै सन्दर्भमा भिमेश्वर न.पा.मा परेको विनु श्रेष्ठ र लक्ष्मी श्रेष्ठबीचको साँधसधियार सम्बन्धी विवाद र उक्त विवाद समाधानका लागि न्यायिक समितिले गरेको निर्णय प्रक्रियालाई मामिला विश्लेषणको रुपमा प्रस्तुत गरिएको छ ।

## २. समस्याको कथन

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. २ बस्ने विनु श्रेष्ठको नाममा रहेको यसै नगरपालिका वडा नं २ स्थित  कित्ता नं १८८३ को जग्गा निजकी संधियार लक्ष्मी श्रेष्ठले आफ्नो नाममा रहेको कित्ता नं ५७ को जग्गामा घर तथा कम्पाउण्ड वाल निर्माण गर्ने क्रममा विनु श्रेष्ठको जग्गा क्षेत्रफलसमेत मिची घर निर्माण गरिरहेकोले उक्त घर तथा कम्पाउण्डवालको निर्माण कार्य रोक्का गरी पाउ भनी विनु श्रेष्ठले नगरपालिकाको न्यायिक समितिमा निवेदन दर्ता गरेको र तत्पश्चात न.पा.को न्यायिक समितिबाट अन्तिम फैसला नभएसम्मका लागि लक्ष्मी श्रेष्ठको घर निर्माण गर्ने कार्य रोकिएकोले समस्या सिर्जन उत्पन्न हुन गयो ।

## ३. मामिला अध्ययन

प्रस्तुत घटनामा विनु श्रेष्ठले भिमेश्वर नगरपालिका स्थित कार्यालयमा मिचिएको जग्गाबाट घर निर्माण कार्य हटाइ पाउ भन्ने निवेदनलाई विस्तृत रुपमा प्रष्ट पार्न खोजिएको छ । दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ३ बस्ने लक्ष्मी श्रेष्ठले आफ्नो जग्गामा घर निर्माण गर्ने  क्रममा  संधियार  विनु श्रेष्ठले आफ्नो जग्गा मिची घर निर्माण गरिरहेको भन्ने उजुरी लिएर निवेदन दिइएको पाइयो । घर निर्माण कार्य सुरु हुन लाग्दाको समयमा आफूले अमिन ल्याई नापजाच गर्दा खेरी मिचिएको भन्ने थाहा हुदा हुदै पनि अटेर गरी घर निर्माण गरिरहेको भन्ने कुरा विनु श्रेष्ठको लिखित निवेदन र उनका पतिको बयान वाट प्रष्ट हुन आएको छ । लक्ष्मी श्रेष्ठका श्रीमान् महेन्द्र श्रेष्ठले आफ्नो जग्गामा घर बनाएको दाविगरेको छ । संधियार विनु श्रेष्ठले दिएको निवेदन अनुसार लक्ष्मी श्रेष्ठले निर्माण कार्य रोक्का राखी कार्यालयमा उपस्थित हुन जानकारी आए पश्चात  घर निर्माण कार्य स्थगीत गरिएको छ र यो विचमा काम रोकेको ज्यामी खर्चसमेत असुल उपर गरी घर निर्माण कार्यमा अवरोध नगराउनुहुन भनी निवेदन पेश गरेको पाइन्छ । मुलुकी ऐन, घर बनाउनेको १ नं मा घर बनाउँदा आफ्नो हक नपुग्ने जग्गा मिची घर बनाउन नहुने व्यवस्था गरिएको छ । मुलुकी देवानी संहितामा कसैले पनि स्वामित्ववालाको लिखित सहमति नलिई निजको जग्गामा घर बनाउन नहुने, कसैले त्यस्तो सहमति नलिई घर बनाएमा जग्गा धनीले चाहेमा त्यस्तो घरको बजार मुल्यको पच्चीस प्रतिशतसम्म कम मुल्य थप गरी सो जग्गा खरिद गर्न सक्ने र त्यसरी घर वा जग्गा खरिद विक्री गरी लिन दिन दुबै पक्ष मञ्जुरी नभएमा घर बनाउनेले सो अवधिभित्र घर नभत्काएमा सो घर जग्गा धनीको हुने व्यवस्था गरिएको छ । न्यायिक समितिले आफूलाई प्राप्त अधिकारक्षेत्र भित्रका विवादहरुको विषयमा निर्णय गर्नु पर्दा मुलुकी ऐन,संविधान, स्थानिय सरकार संचालन ऐन, २०७४, भीमेश्वर नगरपालिकाको मेलमिलाप ऐन २०७४, मुलुकी देवानी संहिता २०७४, भवन ऐन २०५५, स्थानीय प्रशासन ऐन २०२८, केही सार्वजनिक (अपराध र सजाय ऐन, २०२७), मुलुकी अपराध संहिता २०७४ लगायतका ऐन नियमहरुबाट निर्देशित भएर गर्नु पर्ने हुन्छ ।

## ४. समस्या समाधानका लागि भएको प्रयास

भीमेश्वर नगरपालिका वडा नं. २ निवासी विनु श्रेष्ठ र लक्ष्मी श्रेष्ठ बीच जग्गा मिची घर वा संरचना बनाएको विवाद उपर यस नगरपालिकाको न्यायिक समिति मार्फत दुबै पक्षलाई पत्राचार र टेलिफोन गरी कार्यालयमा झिकाइयो । उपमेयर को संयोजकत्वमा ३ सदस्य न्यायिक समिति, १ जना कानुनी सल्लाहाकार, विवादित दुबै पक्षका २/२ जना पारिवारिक सदस्य २ जना छिमेकी र आफु स्वयं सहित उपमेयरज्यु को कार्यकक्षमा परिचयात्मक कार्यक्रम गरियो र उपमेयरज्युद्वारा विवादको विषय उपर उठान गरियो साथै दुवै पक्षलाइ प्रस्तुत घटना उपर आ–आफ्नो विचार राख्न अनुमति दिइयो । यसै सन्दर्भमा उपमेयर ज्यु द्वारा अर्को बन्द कोठामा छलफल कार्यको लागि निम्न शर्तहरु राखी छलफल कार्यको लागि निर्देशन प्राप्त भयो : दुैवै पक्षका ३/३ जना मान्छे मात्र छपलफमा सहभागी हुनु पन, छलफलमा सभ्य र शिष्ट भाषाको प्रयोग गरिनु पर्ने, छलफल समय भर भित्र र बाहिर गर्न नपाइने, आलोपालो गरेर आफ्नो विचार राखी छलफललाई मर्यादित बनाउने । छलफल कार्यक्रममा विवादको कारबाहि र किनारा गर्नको लागि यही कार्यालयबाटै कारबाही र किनारा दुवै पक्ष असहमत भएकोले बहुमतको राय द्वारा नगरपालिकाबाटै अमिन लगी जग्गा नापजाँच गर्नको लागि सहमति भयो । तत् पश्चात कार्यालयबाट अमिन सहित गई दुबै पक्षको जग्गा नापजाँच गर्दा विनु श्रेष्ठको नाममा रहेको कित्ता नं १८८३ को जग्गामा लक्ष्मी श्रेष्ठले ४ मिटर जग्गा मिची घर निर्माण गरेको देखियो साथै लक्ष्मी श्रेष्ठकै स्वामित्वमा भए पनी परापूर्वकालदेखी सार्वजनीक रुपमा प्रयोग गर्दै आएको सानो वाटो गल्ली समेत हिड्न अवरोध गरेको देखीएकोले उक्त मिचिएको जग्गा र संधियारको जग्गातर्फ झ्याल राख्दा छोड्नु पर्ने जग्गा सहित जम्मा ६ मिटर जग्गा उक्त स्थानको चलिआएको जग्गा मुल्यको आधारमा रु ६ लाख लक्ष्मी श्रेष्ठले विनु श्रेष्ठ लाई तिरी जग्गा रजिष्ट्रेशन पास गर्ने र उक्त बाटोको आवागमनमा कुने अवरोध नगर्ने सर्वसहमति सहित न्यायिक समितिमार्फत मिलापत्रमा सहिछाप गराइ निर्णय दुबै पक्षलाई पढिवाची सुनाई निर्णयको प्रमाणित प्रतिलिपि दुबै पक्षलाई उपलब्ध गराइयो ।

## ५. निष्कर्ष

नेपालको संविधानले स्थानिय तहमा समाजमा उत्पन्न हुने निश्चित प्रकारका सामाजिक विवाद एवं द्धन्द्धको स्थानीय स्तरमै समाधान गरी मेलमिलाप मार्फत् दिगो शान्ति स्थापना गर्ने उद्धेश्यले गाउँपालिका/नगरपालिकाका उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था गरेको छ जसका कारण स्थानीय विवाद एवं द्धन्द अदालतको साटो न्यायिक समितिमा आउने र त्यहीँबाटै जनताले न्याय पाउने अवस्थाको सिर्जना भएको छ । यद्यपि स्थानीय तह गठन भएको धेरै लामो समय नभएको, स्थानीय तहरु स्थानीय पूर्वाधारका लागि नै बढी तल्लीन हुनु परेको, न्यायिक कारवाहीका लागि आवश्यक ऐन कानूनको तर्जुमा बेलैमा हुन नसकेको तथा उपप्रमुख/उपाध्यक्ष कानुनी पृष्ठभूमिको नहुनुका साथै न्यायिक निरुपणको लागि विज्ञ समेत समयमा उपलब्ध हुन नसक्दा स्थानीय तहमा न्यायिक समिति अपेक्षित प्रभावकारी हुन नसकेको देखिन्छ । तथापि निरन्तर अभ्यास एवं भोगाइ र अनुभवले गर्दा न्यायिक कारवाहीले पछिल्लो समय गति लिएको पाईएको छ । स्थानीय जनता अदालती झन्झटबाट केही हदसम्म मुक्त भएकोमा सन्तुष्ट नै रहेको पाइन्छ । स्थानीय विवादहरु समयमै समाधान हुँदा सामाजिक सुसम्बन्ध र व्यवहार अझ सुमधुर हुन पुगेको छ । तसर्थ यसलाई अझ प्रभावकारी बनाउन न्यायिक समितिमा कम्तिमा एक जना न्याय/कानुन समूहको अधिकृत स्तरको कर्मचारी राख्ने तथा न्यायिक समितिका प्रमुख एवं अन्य सदस्य समेतलाई समयसमयमा कानुन/न्याय सम्बन्धी विज्ञहरुबाट अदालती/न्यायिक कार्य प्रक्रिया तथा निर्णयका बारेमा अभिमुखिकरण

तालिममार्फत उनीहरुको सशक्तिकरण एवं क्षमता अभिवृद्धि गर्न सकेमा सामाजिक विवादको समाधानमा न्यायिक समितिको प्रभावकारिता अझ झल्कने देखिन्छ ।

# स्थानीय बस्तीको झगडा र वाँसको मूल्य

**दिनेश ज्ञवाली**

## १. पृष्ठभूमि

प्राकृतिक रुपमा प्राय: सवैखाले हावापानीमा पाइने बहुउपयोगी वनस्पति वाँस कलिलो तामा छदा तरकारीको रुपमा, छिप्पिएको काठ एक वैकल्पिक फर्निचरको रुपमा प्रयोग हुनुका साथै यसको चोया समेतको ग्रामीण जनजीवनमा विविधतापूर्ण उपयोग हुने गर्दछ । विशेषत: तराई क्षेत्रमा वाँसको चिर्पटलाई कच्ची घर बनाउन भरपर्दो सामग्रीको रुपमा अत्यधिक प्रयोग हुने हुँदा यसको ब्यापक रुपमा ब्यवसायिक खेती गर्ने गरेको पाइन्छ । वाँसका विभिन्न वाद्ययन्त्रहरु वनाइनुका साथै पूजाआजामा लिङ्गो गाड्न समेत यसको प्रयोग हुनुले यसको सांस्कृतिक महत्व समेत प्रष्ट हुन्छ । नेपालको गुलावी शहर भनेर चिनिने पूर्वी तराइको एक प्रतिनिधि शहर सप्तरी जिल्लाको सदरमुकाम राजविराज नगरपालिकाको प्रशासन शाखामा कार्यालय आवद्ध एक प्रशिक्षार्थी अधिकृतको रुपमा अनुभवहरुको संग्रह गर्ने क्रममा मिति २०७५।०२।१५ मा वाँसले आफ्नो घरवारी छेकी नोक्सान गरेको भनी परेको मुद्दामा तारेख रहेको भनी एक अधबैशे ब्यक्ति पसिना पुछ्दै देखा पर्दछन् । उनीसंग सोधपुछ गर्दा यसै कार्यालयमा उनी विपक्षी रहेको उक्त मुद्दा २०७४ साल माघ महिनादेखि विचाराधिन रहेको तथ्य जानकारीमा आएपछि उक्त मुद्दाको मिसील अध्ययनपश्चात् त्यसका तथ्यहरुलाई सामान्य तरिकाले आंकलन गर्दा उक्त मुद्दाको उठान, नगरपालिकाको न्यायिक समिति समक्ष यसको दायरी र सुनुवाइका विभिन्न चरण एवं प्रकृयाहरु, पक्ष विपक्षको पटक पटकको दौडधुप समेतको मूल्यलाई मुद्दाको उपादेयता र यसको प्रतिफलसँग एकमुष्ट लेखाजोखा हुनु सान्दर्भिक हुने देखी प्रस्तुत मामिलाको उठान गरिएको हो ।

नेपालको संविधानको धारा ५६ मा राज्यको संरचना संघीय लोकतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने उल्लेख छ । संविधानको भाग १७ मा स्थानीय कार्यपालिकाको व्यवस्था गरी स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने उल्लेख छ । कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने ब्यवस्था समेत नेपालको संविधानको धारा २१७ मा उल्लेख गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७ मा स्थानीय तहले हेरी निपटारा गर्न सक्ने गरी उप प्रमुखको नेतृत्वमा रहने न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने भनी तोकिएका विवादका विषयभित्र पर्ने थुप्रै मुद्दा राजविराज नगरपालिकामा दायर हुने गरेका रहेछन् । उप-प्मुख एवं प्रमुख प्रशासकीय अधिकृतको ब्यक्तिगत तदारुकताका कारण न्यायिक समिति सक्रिय भई यस्ता मुद्दाहरुको कानूनसम्मत निरुपण हुने गरेको परिप्रेक्षमा सुन्दा अत्यन्तै सामान्य सुनिने प्रस्तुत मुद्दामा पनि यसका पक्षहरुले कानूनी वाटो अवलम्वन गरेको सन्दर्भमा यसको फैसला पश्चात्को प्रतिफलसंग यसको आर्थिक, सामाजिक, मनोवैज्ञानिक र खर्चिएको समय र परिश्रम समेतको मूल्यको कसीमा मूल्यांकन गरी विश्लेषणात्मक अध्ययन गर्ने प्रयास यस मामिला अध्ययन मार्फत् गरिएको छ ।

## २. समस्याको कथन

प्रथमतः आफ्नो घरजग्गातर्फ विपक्षीहरु राम आशिष यादव र नारायण मण्डलका केही थान बाँस नुहेर नोक्सान पुगेको भन्ने मुद्दा गाउँघर समुदायस्तरमा छलफलका माध्यमबाट सामान्य समझदारीमै टुङ्गिन सक्ने खालको देखिन्छ नै । तथापि यस केसमा विपक्षीको बाँसका कारण आफ्नो घरजग्गामा नोक्सान पुगेको अनुभूति हुनु यस मामिलाको जड समस्या देखिन्छ । उल्लिखित समस्याको जरियाबाट विवादका पक्ष विपक्षहरुको पटकपटकको कार्यालय दौडधुप, कानून व्यवसायीसंगको सहयोग, भेटघाट एवं भेटीघाटी लगायतमा खर्चिएको आर्थिक मूल्य एवं पक्षहरुले खेपेको हैरानीबाट सिर्जित मनोसामाजिक मूल्य यो मामिलाको प्राथमिक समस्याको रुपमा खडा भएको छ । यस्ता प्रकृतिका विवादबाट कार्यालयको महत्वपूर्ण समयको खर्च, जननिर्वाचित प्रतिनिधिहरुवाट गठित महत्वपूर्ण स्थानीय न्यायिक समिति को पटकपटकको इजलास, कानून व्यवसायीबाट अपेक्षा गरिने बहस पैरवी, निवेदन एवं प्रमाण संकलनका श्रृङ्खला, कार्यालयबाट स्थलगत अनुगमनमा खटिने डोर कर्मचारीको मेहनत र उनीहरुलाई खटाए वापत राज्यकोषबाट ब्यहोर्नुपर्ने ब्ययभार लगायतका कुराहरु समानान्तर रुपमा सिर्जित एवं उत्तिकै मननीय समस्याहरु हुन् । यस्ता समस्याहरुको समाधानार्थ समयमै तत्तत् क्षेत्रबाट उपयुक्त कदम एवं निर्णयहरु हुनु वाञ्छनीय देखिन्छ । शैक्षिक चेतनास्तर एवं समग्र मानव सूचकांकमा पछि परेको तराई एवं नेपालका अन्य केही क्षेत्रहरुमासमेत यस्ता समुदायभित्र सिर्जित हुने कलधारा, पानी, नाला कुलो, साँधसीमाना, पशुचौपाया, रुखविरुवा आदि सुन्दा अति सामान्य लाग्ने वहानाहरुवाट सिर्जित विवादहरुले उग्ररुप लिई अकल्पनीय हिंसाका दुःखद घटनाहरुसमेत सिर्जना हुने गरेका उदाहरणहरु रहेकाले यस्ता विवादहरुको शान्तिपूर्ण सम्बोधन गर्ने र सम्बद्ध विविध मूल्यहरुकोसमेत समुचित लेखाजोखासहित विवाद समाधान गर्नु आवश्यक हुन्छ ।

## ३. मामिलाको विश्लेषण

### ३.१. मामिलाको तथ्यगत विवरण

जिल्ला सप्तरी साविक देउरीभरुवा गा.वि.स. वार्ड नं १ हाल राजविराज न.पा. वार्ड नं १५ स्थित मेरो फुसको घर आगनमाथि उत्तरतर्फ विपक्षी राम आशिष यादव र पूर्वतर्फवाट विपक्षी नारायण मण्डलको वाँस झाङ लत्री घरछाप्रोलाई नोक्सान गरेकाले विपक्षी झिकाई वाँस कटाउन लगाई पाउँ भनी कैलु यादवले मिति २०७४।१०।२६ मा राजविराज नगरपलिका उप प्रमुख साधना झा समक्ष पेश गरेको निवेदन उप प्रमुखको तोक पश्चात् द.नं ४२१६ मिति २०७५।११।०२ मा न.पा. को प्रशासन तथा कानून शाखामा दर्ता भई प्रस्तुत मामिलाको कार्यवाही अगाडि बढेको रहेछ । प्रस्तुत निवेदन सुनुवाईका क्रममा भए गरिएका काम कारवाहीलाई छोटकरीमा तल दिइएको तालिकाबाट देखाइएको छ ।

| मिति | कार्यवाहीको ब्यहोरा | संलग्न ब्यक्ति पदाधिकारी वा शाखा | प्रयुक्त कागजात एवं अन्य मूल्य | कैफियत |
|---|---|---|---|---|
| २०७४।१०।२६ | कानून बमोजिम गर्न उप प्रमुखको तोक | निवेदक कैलु यादव, न.पा. उप प्रमुख साधना झा, राजश्व शाखा, निवेदन मस्यौदाकार कानून ब्यवसायी | नेपाली कागजात पाना २ को निवेदन, ना.प्र. को प्रतिलिपि र रु १० दस्तुर एवं निवेदन मस्यौदाकारले लिने शुल्क | |
| २०७५।११।०२ | कानून तथा प्रशासन शाखामा मुद्दा दर्ता | निवेदक, दर्ता गर्ने पदाधिकारी | | दर्ता पश्चात निवेदकलाई २०७५।११।२१ को तारीख दिइएको |
| २०७५।११।१२ | विपक्षीका नाउमा प्रतिउत्तर लगाउन ७ दिनको म्याद जारी गर्ने आदेश | प्रशासन तथा कानून शाखा प्रमुख | | |
| २०७५।११।१६ | विपक्षीहरुलाई म्याद तामेली गर्न १५ नं वडामा पत्राचार, पत्र बमोजिम म्याद तामेली | प्रशासन तथा कानून शाखा प्रमुख, शाखा अधिकृत, दर्ता चलानी शाखा, वडा अध्यक्ष, वडा सचिव, मुद्दाका पक्ष विपक्ष एवं अन्य स्थानीय | म्याद सूचना ६ प्रति, निवेदनको प्रतिलिपी ४ पाना सहित वडा कार्यालयलाई पत्र | |
| २०७५।११।१७ | म्याद तामेल भै आएको पत्र दर्ता | वडा अध्यक्ष, वडा सचिव, प्रशासन तथा कानून शाखा प्रमुख, शाखा अधिकृत | वडा कार्यालयको पत्र पाना १ सहित तामेली म्याद | |
| २०७५।११।२० | निवेदनको प्रतिलिपी माग गरी नारायण मण्डलको निवेदन | नारायण मण्डल, प्रशासन तथा कानून शाखा, | नेपाली कागज निवेदन पाना १, ना.प्र. को | |

| | | | | |
|---|---|---|---|---|
| | | शाखा अधिकृत, दर्ता चलानी शाखा | प्रतिलिपि र दस्तुर रु १० | |
| २०७५।११।२१ | नारायण मण्डलको प्रत्युत्तरपत्र दर्ता, निवेदकको तारेख | निवेदक कैलु यादव, नारायण मण्डल, प्रशासन तथा कानून शाखा, शाखा अधिकृत, दर्ता चलानी शाखा | नेपाली कागज प्रत्युत्तर पाना २, ना.प्र. को प्रतिलिपी र दस्तुर रु ५० | निवेदन दावी झुठा रहेको र दुःख दिने जाल प्रपञ्च मात्र रहेको जिकीर |
| २०७५।१२।०२ | विपक्षी राम आशिष यादवको प्रत्युत्तरपत्र दर्ता, एवं सनाखत | राम आशिष यादव, प्रशासन तथा कानून शाखा, शाखा अधिकृत, दर्ता चलानी शाखा | गुज्रेको म्याद थाम्न निवेदन, नेपाली कागज प्रत्युत्तर पाना २, ना.प्र. र ज.ध. पुर्जाको प्रतिलिपी, अ.वं ५९ बमोजिम विरामी पुर्जा र दस्तुर रु ६० | हैरानीको नियतले उजुरी दिएको जिकीर, |
| २०७५।१२।०५ | पक्ष विपक्षको तारेख | पक्ष एवं विपक्षीहरु, प्रशासन तथा कानून शाखा | तारेख भर्पाई कागज | |
| २०७५।१२।१५ | पेशी, स्थलगत बुझ्री फोटो समेत खिची ल्याउन कर्मचारी डोर खटाउने, पक्ष विपक्षलाई २०७५।१२।३०डोर तारेख तोक्ने आदेश | न्यायिक समिति, निवेदक, विपक्षीहरु, कानून तथा प्रशासन शाखा, दर्ता तथा चलानी शाखा | अमिन र कानून सहायकलाई डोर खटाएको पत्र | |
| २०७५।१२।३० | सर्जमीन, डोर तारेख | डोर कर्मचारीहरु अमिन गौरव कुमार सिंह, कानून सहायक रमेश शाफी, वडा सचिव, वडा अध्यक्ष, स्थानीय ६ जना | नेपाली कागज ३ पाना सर्जमीन, ३ प्रति रंगीन फोटो सहित डोर कर्मचारीको प्रतिवेदन | राम आशिषले नोक्सान पार्ने बाँस काटिसकेको, नारायण मण्डलले २ थान काटिसकेको र नोक्सान पार्नसक्ने थप ४ थान |

| | | | | |
|---|---|---|---|---|
| | | मानिसहरु | | काटिलिने कबूल गरेको भन्ने सर्जमीन मुचुल्का |
| २०७५।०२।०४ | कैलु यादव र नारायण मण्डलको निवेदन, दुवै पक्षलाई तारेख | निवेदन लेखक ले.प. व्यवसायी, निवेदक, विपक्षीहरु, कानून तथा प्रशासन शाखा, शाखा अधिकृत, दर्ता तथा चलानी शाखा | दुवै पक्षको नेपाली कागजमा निवेदन, निवेदन दस्तुर जम्मा रु २० | काटिएका बाँसको थप छेस्काछेस्की कैरची समेत हटाउन लगाई पाउँ भन्ने निवेदक र ४ को साटो ६ वाँस हटाइकेको अव क्षति पुग्ने छैन, निरीक्षण गर्नुपरे गरी मुद्दाबाट फुर्सद पाउँ भन्ने नारायण मण्डल |
| २०७५।०२।१३ | पक्ष विपक्षलई तारेख, पुनः स्थलगत बुझ्ने आदेश | निवेदक एवं विपक्षीहरु, प्रशासन तथा कानून शाखा, | पुनः डोर खटाइएको पत्र | २०७५।०२।२८ मा पेशी तोकिएको |

माथिको तालिका सरसर्ती अध्ययन गर्दा प्रस्तुत मुद्दाको दायरी राजविराज न.पा.मा २०७५।१०।२६ मा नै भएकोमा करीव ४ महिना वित्दासम्म पनि उक्त विवादको किनारा हुन सकेको देखिएन । आफु अन्यायमा परेको भनी उजुरी गर्ने निवेदक कैलु यादवले उक्त विवाद स्थानीय समुदायमै समाधान गर्ने तत्परता नदेखाएको तथ्य उजुरीको श्रृङ्खला एवं सर्जमीनको व्यहोरा समेतबाट देखिन्छ । यसै मुद्दाको दौरान निवेदक हालसम्म मात्र आठ पटक कार्यालय एवं डोर तारेख उपस्थित भएको देखिन्छ । त्यस्तै दुवैजना विपक्षीहरु पनि ५ वटा तारेख धाउनुपरेको देखियो । यस क्रममा दुवै पक्षबाट गरी निवेदन र प्रत्युत्तर दस्तुर गरी रु १५० शुल्क बुझाइसकेको देखियो । यसका अतिरिक्त लेखापढी र कानून व्यवसायीले लिने शुल्क, कागजात र फोटोकपीमा लाग्ने खर्च समेत उल्लेख्य हुन आउँछ ।

पछिल्लोपटक २०७५।०२।१५ गते तारेखमा उपस्थित भएका विपक्षी नारायण मण्डल संग प्रस्तुत मुद्दाका सन्दर्भमा कुराकानी गर्दा निवेदक कैलु यादवको घरवाससहित करीव एक कट्ठा जति जग्गा रहेको र आफ्नो साढे दुई कट्ठा जमीन रहेको, निवेदक कैलु र अर्का विपक्षी रामअशिष एउटै बलोभित्रका नाति वाजे नाताका रहेका, आफुहरुवीच पुरानो कुनै रिसइवी समेत नरहेकोमा यति सामान्य विषयलाई गाउँछिमेकमै नभनी उजुरी गरेको भनी निजले बताए । साथै प्रत्येक पटक नगरपालिका आइजाइ भाडा रु ५० खर्च हुने गरेको र मजदुरी बाहेक अन्य कुनै आयश्रोत नभएको समेत उनले बताए । नोक्सान पुर्‍याएको भनिएको ६ थान बाँसको बजार मूल्य हिसाव गर्दा पनि मुस्किलले केही हजारसम्म मात्र हुन सक्ने देखियो । यसरी हेर्दा प्रस्तुत मुद्दाले न्यून आय भएका व्यक्तिहरुमाथि सानै भएपनि थप आर्थिक भार परेको, मज्दुरी गर्ने समय अड्डामा धाउदा नोक्सानी परिरहेको, र कार्यालयबाट पनि पटक पटक

इजलास बस्दा, डोर खटाउदा, तारेख सहित कागजात र पक्ष विपक्षको व्यवस्थापन समेतका लागि उल्लेख्य श्रोत र जनशक्तिको लागत लागेको स्पष्ट चित्र देखिन आउँछ । त्यस अलावा मुद्दाले पार्ने मानसिक दवाव, जसरी पनि जित्नुपर्ने मानव मनोविज्ञानले पार्ने थप प्रभावलाई भौतिक मूल्यमा मापन गर्न सकिदैन । यसै मनोविज्ञानको गलत फाइदा उठाउदै मुद्दा जिताइदिने प्रलोभन सहित विभिन्न आवरणमा अनाबश्यक आर्थिक चलखेल गर्न खोज्ने विचौलियाहरुको विगविगी रहने गरेको तथ्य समेत सम्वद्ध शाखाका कर्मचारीहरुसंगको कुराकानीबाट बुझिन आयो । चर्चा गरिएका यस्ता प्रभाव र यसका कारणहरुलाई तल बुदागत रुपमा चित्रण गरिएको छ ।

## ३.२. समस्या सृजना हुनाका कारणहरु

- न्यून चेतनास्तर
- कमजोर आर्थिक अवस्था
- स्थानीय तहमा मेलमिलापको अभ्यास प्रभावकारी नहुनु
- सामान्य उजुरी निरुपणका लागि समेत लामो कार्यविधिको अवलम्बन
- वडाका जनप्रतिनिधिहरुले समन्वयकारी भूमिका निर्वाह गर्न नसक्नु
- विचौलिया हावी हुनु
- कार्यालयले वास्तविक पीरमर्का बुझ्नेतर्फ भन्दा प्रकृयामै धेरै अल्झिनु
- हार्न नचाहने मनोविज्ञान
- आवेग, व्यक्तिगत इगो हावी हुँदा स्वीकार्य मध्यस्थकर्ताको अभाव हुनु
- मुद्दा दिएर अफठ्यारोमा पार्न सके बदला लिएको सन्तुष्टि प्राप्त हुने मनोविज्ञान

## ३.३ समस्याका प्रभावहरु

### ३.३.१. आर्थिक प्रभाव

- मजदुरी गरी खाने मानिसहरु मुद्दामा अल्झिनु पर्दा opportunity cost high भएको
- महंगो हुदै गएका कानून व्यवसायी शुल्क र लेखापढीमा उल्लेख्य खर्च लाग्ने देखिएको
- पटक पटक तारिखमा आउदाजादा वाटाखर्च, खान बस्न खर्च लाग्ने देखिएको
- इजलासवाट दोषि देखिएमा आर्थिक दण्ड समेत लाग्न सक्ने

### ३.३.२. सामाजिक प्रभावहरु

- समाजमा द्वेष र द्वन्द्वको सिर्जना हुने
- सामाजिक प्रतिष्ठामा नकारात्मक असर परेको
- सगोलकै मानिसहरुवीच विवाद हुदा भाइ फुटे गवाँर लुटेको अवस्था आउन सक्ने
- मनोमालिन्य एवं समाज नै पक्ष विपक्षमा विभाजित हुन सक्ने
- समाजका अन्य सदस्यहरुलाइ समेत अनाबश्यक समय खर्च र हैरानी
- मनोमालिन्य एवं हेपाइको अनुभुति

## ४. समस्या समाधानका लागि भएका प्रयासहरु

अपेक्षित रुपमा प्रभावकारी नदेखिएता पनि रा.वि.न.पा.को न्यायिक समितिले प्रस्तुत विवादलाई मुद्दाको रुपमा ग्रहण गरी कानूनी कार्यवाही अवलम्वन गरिनु समस्या समाधानको लागि सक्रियता देखाइएको उदाहरण मान्न सकिन्छ । कार्यालयवाट प्रस्तुत मुद्दाको सुनुवाइको दौरान गरिएका आदेश, म्याद

तामेलीका प्रकृया, इजलास बैठक, कर्मचारी स्थलगत खटाई सर्जमीन समेत गरिएको पाइयो । तारेखको लागि उपस्थित भएका एक प्रतिवादीसंग मामिला अध्ययनकर्ताले गरेको कुराकानी एवं समस्या समाधानका सम्भावित बैकल्पिक उपायहरुवारे शाखाका कर्मचारीहरुसंगको छलफल समेत भविष्यमा आउन सक्ने यस्तै प्रकृतिका विवाद समाधानको लागि केही हदसम्म मार्गदर्शन हुन सक्ने अपेक्षा गर्न सकिन्छ । उल्लिखित केही सकारात्मक उपायहरु अवलम्बन हुनु सकारात्मक भए तापनि मुद्दाको विषयको गाम्भीर्यतालाई विचार नगरी सोझै कानूनी प्रकृयामा हुबहु लाग्दा यसको लागि चुकाउनुपर्ने बहुआयामिक मुल्य अगाडि यसको उपादेयता फिका देखिन सक्ने कुरालाई दृष्टिगत गर्नु बुद्धिमानी हुन्छ । तसर्थ यस्ता प्रकृतिका विवाद र समस्याको दीर्घकालीन न्यूनीकरणका लागि केही उपायहरु निम्न हुन सक्दछन् ।

- स्थानीय तह, वडामा सामुदायिक रुपमा मेलमिलापको पहल गरिनु श्रेयस्कर देखिन्छ ।
- स्थानीय तहको न्यायिक समितिको कार्यविधिमा लचकता अपनाइनु
- न्यायिक पद्दति भन्दा ब्यवहारिक उपाय संझाइबुझाइबाट विवादको शिघ्र एवं दिगो समाधान खोजिनु उपयुक्त हुन्छ ।
- स्थानीय तहका कानून शाखाका कर्मचारीहरुको सवलीकरणमा जोड दिनुपर्छ ।
- ठाडो उजुरी प्रकृतिबाट ससाना विवादहरुको prompt solution खोजिनु उपयुक्त हुन्छ ।
- निवेदन ग्रहण गर्दा निवेदक स्वयंवाट प्रसस्त प्रमाण जस्तै जग्गाको नापनक्सा, ज.ध. प्रमाण पुर्जा फोटो आदि सकेसम्म वढी प्रमाण झिकाउनु उपयुक्त हुन्छ ।
- विवादरत पक्षहरुलाई भरसक स्थानीय जनप्रतिनिधिको रोहवरमा छलफल, मध्यस्थता र मेलमिलापमा जोड दिई समस्या समाधानको पहल गर्नुपर्दछ ।
- फगत सम्पत्तिको मोहभन्दा आध्यात्मिक चेतना र असल संस्कार, छरछिमेकको सम्बन्ध, सामाजिकीकरणको अभ्यासमा टेवा पुराउने खालका कार्यक्रमहरु जनस्तरमा सञ्चालन गर्नाले पनि यस्ता विवाद न्यूनीकरण गर्न सहयोग पुग्न सक्छ ।

## ५. निष्कर्ष

देशकै जेठो मध्येको एक र सगरमाथा अञ्चल सदरमुकाम समेत रहेको योजनाबद्ध शहर भएता पनि राजविराज आसपासका उल्लेख्य जनता मानव विकासका दृष्टिले निकै पछाडि रहेको पाइयो । राज्य पुनर्संरचनासंगै स्थानीय सरकार सक्रिय भै यसको न्यायिक समितिले स्थानीय विवाद समाधानका लागि सक्रिय रुपमा अभ्यासरत रहेको देखिएपनि अध्ययन गरिएको मामिलाको सेरोफेरोमा विचार गर्दा ती प्रयास कताको आँधी कताको झोलुङ्गो जस्तो त भएनन् भनी प्रश्न उठ्न सक्ने ठाउँ देखियो । न्यायिक समितिको सक्रियता पछाडि कार्यालयको सम्बन्धित शाखाको उल्लेख्य साथ रहेको देखिए तापनि यसले दिने सेवा अझै पनि कताकता सेवाग्राही केन्द्रित भन्दा पनि कार्यप्रक्रिया केन्द्रित रहेको देखियो । न.पा. को नवगठित न्यायिक समितिको सक्रियता संगै त्यसमा उजुरीहरुको बढ्दो चाप हुनुलाई जनप्रतितिधिहरुमाथि सर्वसाधारणको बढ्दो जनविश्वासका रुपमा हेरिनुपर्दछ । सार्वभौमसत्ताका वास्तविक मालिक जनतालाई न्याय गर्नेमात्र नभई वास्तविक न्याय पर्ने गरी न्यायिक समितिले पस्कने ब्यवहारिक अभ्यास आजको दिनमा बहुअपेक्षित कार्य हो ।

# मालपोत कार्यालय र नापी कार्यालयको सहकार्य र सम्बन्ध

**प्रज्ञा ढकाल**

## १. पृष्ठभूमि

कुनै पनि व्यक्तिको (बिशेष गरी बाबु वा आमाको ) नाममा रहेको चल अचल सम्पत्तिलाई सो व्यक्तिको सबैभन्दा नजिकको हकदार वा अंशियारमा (बिशेष गरी छोरा, बुहारी, नाति वा बिबाहित छोरी) बराबर भाग लगाई स्वामित्व हस्तान्तरण गर्ने प्रकृयालाई अशंवण्डा भनिन्छ। साधारणतया अशंवण्डाको सहमति घर परिवारका सदस्यहरुबीच गाँउ छरछिमेकीको उपस्थिति तथा रोहवरमा घरमै गर्ने गरिन्छ र सहमति पश्चात् कानुनी प्रकृयाको लागि सेवाग्राही मालपोत कार्यालयमा पुग्ने गर्दछन । घरमै गाँउ समाजको उपस्थितिमा सहमति नभएको अवस्थामा भने हक खोज्दै अंशियारहरु अदालत धाउने गर्दछन् । अदालतको फैसला बमोजिम हकवाला अंशियारको नाममा मालपोत कार्यालयले दाखिल खारेजी गर्ने गर्दछ र जग्गाधनीको नाममा श्रेस्ता खडा गरी कानुनी तवरले सो अंशियारलाई अंशवण्डा गरिदिन्छ। यस मामिला अध्ययनमा उल्लेख भएको मामिलामा साजिदा खातुनको मुद्दा प्रमुख बिषयबस्तु हो । ससुरा, सासु र श्रीमानको मृत्यु पश्चात उनले घरमा बेहोरेको दुख र कष्ट पछि मागेको अंश नपाउदा अदालतमा मुद्दा दायर गरेको र पछि मिलापत्र गरी अंश भाग छुट्याइएको र कित्ता काटको क्रममा नघटी र नबढी देखिएर मालपोत र नापी धाउँदा पाएको सास्तीलाई समेटिएको छ । साजिदा खातुनको यो न्यायिक प्रकृयाको क्रममा मालपोत कार्यालयको एकल प्रयासले मात्र अंशवण्डा सम्भंव भएको होइन । यो प्रकृयामा मालपोत कार्यालयसंगै नापी कार्यालय र जिल्ला अदालतको पनि उत्तिकै सहयोगी भूमिका भएको कारण सम्पूर्ण काम फत्ते भएको कुरा यहाँ विश्लेषणका क्रममा स्वतः स्पष्ट हुने छ । जिल्ला अदालतको फैसला मालपोत कार्यालयमा जाने र सो बमोजिम मालपोतले कित्ताकाट गर्न नापीलाई पत्र काट्ने र पुनः मालपोतले सो कित्ताकाट अनुसार दाखिल खारेज गर्ने गरेको सम्पर्ण प्रकृयालाई यहाँ बिस्तृतमा प्रस्तुत गरिएको छ। यो मुद्दामा नरघटी र नरबढी समेत देखिएको कारणले मालपोत र नापीबीच अझै वादीसमन्वयको आबश्यकता भएको थियो । त्यसैले, यो मामला कुनै काम सम्पन्न गर्नको लागि अन्तर निकाय समन्वयको आवश्यकता पर्दछ भन्ने कुराको ज्वलन्त उदाहरण पनि हो ।

## २. समस्याको कथन

मुल पुरुष महम्मद वकील मुसलमानको मृत्यु पश्चात ५ छोराहरु क्रमशः अबुबकर, जमिल अहमद खाँ, जमाल अहमद खाँ, अनवर हुसेन खाँ र असफाक अहमद खाँ पैतृक सम्पत्तिको हकदार रहेको देखिन्छ। छोरी नभएको कारणले सम्पतिको अरु हकदार छैनन् । छोराहरु मध्ये जठो छोरा अबुबकरको मृत्यु भैसकेको छ। यस मुद्दाको वादी अबुबकरकी पत्नी साजिदा खातुन र उनीहरुबाट जन्मेको ४ छोराहरु अबुजफार खाँ, अबुतालिब खाँ, अबुजर खाँ, अबुसुफियान खाँ र २ छोरीहरु संजिदा खातुन र जमसिदा खातुन हुन्। प्रतिवादी जमिल अहमद खाँ, जमाल अहमद खाँ, अनवर हुसेन खाँ र असफाक अहमद खाँ हुन् । मुल पुरुष र प्रतिवादीको नाममा सम्पूर्ण सम्पत्ति रहेको छ। हालसम्मको स्थिति हेर्दा वादीको नाममा कुनै सम्पत्ति छैन र उनी आफ्नो हक लिन अदालतसम्म पुगेको प्रष्ट हुन्छ। सबै कागजात हेर्दा अब सम्पूर्ण पैतृक सम्पत्तिको पाँच भाग लगाई वादी र प्रतिवादीलाई भाग लगाउनु गर्ने देखिन्छ।

पहिलो न्याय प्राप्तिमा साजिदा खातुनले लामो समय अदालत धाउनु परेन किनकि अदालतमा मुद्दा गएपछि पक्ष र बिपक्षीले मिलापत्र मार्फत् सम्झौता गरेका थिए तर ट्रायल चेक गर्दा धेरै जसो कित्तामा नरघटी र नरबढी देखिएकोले मालपोत र नापी धेरै धाउनु परेको थियो । दोश्रा साजिदा खातुनको खर्च बढेको र तेश्रो कित्ता काट र नामसारीमा धेरै लामो प्रकृया र समय लागेको कारण साजिदा खातुनले निकै सास्ती भोगेर आफ्नो काम सहज रूपमा हुने नहुने अन्योलमा भएर सरकारी कामकाज प्रति उनको बिश्वास गुमेको छ । चौथो आफूले गर्न सक्ने काम पनि कागजात तथा अन्य प्रकृया जटिल हुने हो कि भन्ने भयले र आफुलाई संधै कार्यालय धाउदा गारो भएकोले साजिदा खातुनले देवर जमाल अहमद खाँलाई वारिसनामा दिई काम सहज गराउदा आफु ठगिने हो कि भन्ने चिन्ताले समेत सताएको छ ।

## ३. मामिला विश्लेषण

रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक नगरपालिका वार्ड नं. ४ का बासिन्दा रसुल हाजीका छोरा महम्मद वकील मुसलमान हुन् र उनका ५ भाई छोरा अबुबकर अहमद खाँ, जमिल अहमद खाँ, जमाल अहमद खाँ, अनवर हुसेन खाँ र असफाक अहमद खाँ छन् । महम्मद वकील मुसलमानकी बुहारी अबुबकर अहमद खाँकी पत्नी यस मद्दकी वादी साजिदा खातुनको सासु र ससुरा को मृत्यु पछि उनको श्रीमान् जेठो बाठो भएकोले घरको सम्पूर्ण जिम्मेवारी उनले लिदै आएका थिए । तर उनको श्रीमान् अबुबकर को २०५८/५/३ मा अचानक मृत्यु भयो । उनको अनुसार मृत्यु पश्चात् घरको सम्पर्ण ब्येबहर बिपक्षीले जिम्मा लिएर उनी र उनको छोरा छोरीलाई हेला गर्ने र अलग ब्येबहर गर्ने गरेको छन् । अब छोरा छोरी ठुलो भैसकेको स्थितिमा घर परिवारको व्यवहारले गर्दा छोरा छोरीको पठन पठनपाठन र बिबाह गर्न समस्या भएको उल्लेख छ । पछिल्लो दिनहरुमा मानसिक र शारीरिक यातना समेत दिने प्रयास गरेपछि अब आफ्नो हक खोज्नु पर्छ भनेर २०७३/२/९ मा कि आफ्नो कर्तब्य पालन गर्नुस नत्र अंश भाग दिनुस भनि अनुरोध गर्दा बिपक्षीले अंश दिन ठाडै अस्वीकार गरेकोले मु.ऐन. अंशबण्डाको १,२,३,५ र १० नं को आधार तथा ६ नं को हदम्यादभित्र प्रस्तुत मुद्दा गर्ने हकदैया अ.व. ८२ नं ले मुद्दा लेखी लागेकी हुन् । तसर्थ उनले फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी बिपक्षी प्रतिवादीबाट मु.ऐन. अंशबंडाको २०,२१,२२ र २३ नं. बमोजिम तयादती फाँटवारी माग गरी सम्पूर्ण सम्पत्तिको ५ भाग लगाई आफूले १ भाग पाउनु पर्ने दाबी गरेकी छिन् । यस मुद्दामा वादीको प्रतिउत्तरमा प्रतिवादीले वादीले आफूमाथि लगाएको सम्पूर्ण आरोप झठो हुन् र बाबु आमाको मृत्यु पछि वादीका श्रीमान् आफ्नो जेठो दाईलाई सम्पर्ण जिम्मेवारी दिएको र निजले अर्हाए लगाएको सम्पूर्ण काम गर्दै आएको दाबी गरे । आफुले कमाएको पनि दाईलाई नै दिने गरेको प्रतिवादीहरुको जिकिर छ । दाजुको मृत्यु पश्चात् घरमा जेठी बाठी बिपक्षी भाउजु नै भएको हुँदा सम्पूर्ण कारोबार साजिदाले नै गर्ने गरेको भनाई छ । यसै क्रममा निज भाउजूले घरमा भएको अन्नपात बिक्री भएको नगद एवं आफूहरुले आय आर्जन गरेर दिएको नगद समेत लगानी गरी आफन्तहरुको नाममा जग्गा जमिन खरीद गरेको भन्ने कुरा थाहा पाई घरमा विवाद उत्पन्न भए पछि बदिले झुटो आरोप लगाई झुटा फिराद दाबी गरेको हो भन्छन् । अब वादी र प्रतिवादी संगै बस्न मिल्ने स्थिति नभएकोले आ-आफ्नो भाग लिएर छुटिएर बस्न तयार रहेको जिकिर सबैको रहेको छ ।

यस प्रकारको दाबी र प्रतिउत्तर जिकीर भएकोमा वादी र प्रतिवादी मुद्दा गरी बाझी आएता पनि अब उप्रान्त झगडा नगर्न दुवै पक्ष र नातागोता आफन्त भद्र भलादमी बसी छलफल गर्दा र सम्झाउदा दुवै पक्ष मिलापत्र गर्न मन्जुर भएको व्यहोरा उल्लेख भएको छ । यस प्रक्रियामा अंश वापतमा चल सम्पत्ति

हाता हातै लिई अचल सम्पत्तिको हकमा मिलापत्र बाट छुट्याउने भनि २०७३/१०/१२ मा मिलापत्र गरी पाउन निवेदन पेश गरेका थिए । मिती २०७३/१२/२७ को दिन वादी र प्रतिवादीले मालपोत प्रमुखको नाममा रुपन्देही जिल्ला अदालतमा मिलापत्र गरेर आएकोले आ-आफ्नो अंश हक अंश भागमा परेको जग्गा दाखिल खारेज नामसारी गरी पाउनको लागि निवेदन दिएका थिए । २०७४/१/२४ मा मालपोत कार्यालयले नापी कार्यालयलाई सम्पूर्ण कित्ता नं लेखिएको पत्र र विवरण पठाएर कित्ता काट गर्नको लागि आदेश दिएर पत्र पठाएका थिए । यस क्रममा कुन कित्ता कसको नाममा रहनी भनेर आफैले छुट्याएर ल्याउने काम पनि भएको थियो । कित्ता काटको लागि मालपोतले नापीलाई पत्र पठाउदा दिएको कित्ता मध्ये एउटा कित्तामा नरघटी देखिएकोले कित्ता काट गर्न नसकिने तर सुधार आएमा कित्ता काट गर्न सकिने भनेर २०७४/०३/२१ मा नापीले पत्र पठाएको छ । यसैबीच नक्शा ट्रायल चेक गर्दा कित्ता नं ७०२ र ७२१ मा नबढी र कित्ता नं १९२० मा नघटी हुन आएको र ट्रायल चेक गरि नरबढी र नरघटी कायम गरी पाउन २०७४/०४/०२ मा मालपोत कार्यालयमा सबै पक्ष मिलेर निवेदन दिएका थिए । २०७५/०४/०५ मा नापी कार्यालयले ट्रायल चेक गर्दा कित्ता नं ७०२,७२१ र १९२० को जग्गा क्रमशः १-३-१६ बाट बढेर १-५-१५, १-७-१२ बाट बढेर १-८-१, ०-६-५ बाट घटेर -५ कायम भएको व्यहोराको पत्र प्राप्त हुन्छ । यो प्रकृया पछाडी मालपोत कार्यालयले २०७४/४/६ मा रुपन्देही जिल्ला अदालतलाई पत्र लेखेर ५ जना अंशियार मध्ये २ जनाले मात्र दखेल खारेज मागदावी गरेकोले कसलाई कति अंश भाग दिने भन्ने दुबिधा भएकोले आबश्यक निर्देशन माग गर्छ । जिल्ला अदालतले प्रष्ट रूपमा पुनः भागबन्डाको विवरण मालपोत कार्यालयले बुझ्ने गरि पठाएर काम अगाडी बढाऊँछ । २०७५/४/८ गते सबै वादी र प्रतिवादी मिलेर नरघटी देखिएकोले पुनः यो कित्ता को अंश बंडा गरेर मंजुरीनामा समेतको निवेदन पेश गरेको छ । यसपछि मालपोतले उक्त जग्गाको माठ कायम भएको, रोक्का नभएको र नरघटी भएकोले जग्गा धनीको नाममा मालपोत कार्यालयमा रहेको श्रेस्ता, कम्प्युटर अभिलेख तथा निजको जग्गा धनी पुर्जामा घटेर आएको क्षेत्रफल कायम गर्नको लागि टिप्पणी पेश हुन्छ ।

२०७५/३/८ मा मालपोत कार्यालयले कुन कुन जग्गा मा नरबढी वा नरघटी हुन आएको हो सो कायम गर्नको लागि टिप्पणी उठेर सदर गरेपछि सोही अनुरुप प्रक्रिया अगाडि बढेको छ । टिप्पणी सदर भएपछि २०७५/०३/०९ मा मालपोत कार्यालयले ना.सु. राजकुमार घिमिरे लाई स्थलगत सर्जमिन गरेर नरबदी र नरघटी देखिएका जग्गाको अनुगमन गर्न निर्देशन दिन्छ । स्थलगत सर्जमनको प्रक्रिया समाप्त भएर सनाखत गरेर छिमेकीको मन्जुरी ल्याएर टिप्पणी लेखेर उक्त जग्गा मि कुनै सरकारी जग्गा नघुसेको र छिमेकीलाई मर्का नपरेको बेहोरा उल्लेख गरेर यो प्रक्रिया सकिन्छ । साथै उक्त जग्गा को मोठ भिडेको र रोक्कासमेत नरहेको पनि प्रष्ट रूपमा टिप्पणी मा उल्लेख गरिन्छ । अतः सम्पूर्ण जग्गाको कित्ता काट भई नयाँ कित्ता नं पठाएर नापी कार्यालयले पत्र पठाएर यो मुद्दालाई किनारा लगाउने प्रक्रिया अगाडी बढाऊछ । यो प्रक्रिया पछि मालपोत कार्यालयले २०७५/३/१५ मा लुम्बिनी सांस्कृतिक नगरपालिकालाई नरबढी कायम भएको जग्गाको मालपोत असुल गरेर लिनको अनुरोध गरेर पत्र पठाउँछ। उक्त जग्गा को २०२१ साल देखि हाल सम्मको बढेको क्षेत्रफल समेतको तिरो असुल गर्ने बेहोरा उल्लेख हुन्छ।

जग्गा प्रशासन निर्देशिका, २०५८ को परिच्छेद ३ मा जग्गा दर्ता सम्बन्धी कार्यविधि उल्लेख गरिएको छ । परिच्छेद ३ को ७१ मा अदालतको फैसला वा मिलापत्र बमोजिम जग्गा दर्ता गर्ने तथा ७१ को बुँदा (घ) मा नापीको कित्ता नं. उल्लेख भै फैसला भएकोमा नाप नक्सा भएपछि मुद्दा परि नापीको कित्ता

नंम्वर उल्लेख गरी सो जग्गाको हक कायम वा दर्ता हुने गरी अदालतबाट भएका अन्तिम फैसला बमोजिम जग्गा दर्ताको लागि माग भएकोमा सो दर्ताको लागि अदालतबाट पूर्जी भै आएको र कार्यालयको श्रेस्ताबाट दर्ता माग दावीको जग्गा सरकारी वा सार्वजनिक महलमा दर्ता भएको नदेखिएमा सो फैसलाको आधारमा दर्ता गरिदिनु पर्छ भन्ने व्यवस्था छ । सोहि निर्देशिकाको परिच्छेद ९ मा दाखिल खारेज सम्बन्धी कार्यविधि उल्लेख छ । परिच्छेद ९ को २२८ नं. मा फैसला वा मिलापत्र बमोजिम दाखिल खारेज को बुँदा (क) मा अदालतबाट भएको मिलापत्र बमोजिम दाखिल खारेज माग गरेकोमा मिलापत्र भएको जनाउ पूर्जी प्राप्त नभै दाखिल खारेज गर्न मिल्दैन । मुलुकी ऐन, २०२०, दण्ड सजाएको ४४ नं. बमोजिम दाखिल खारेज गरिदिने अड्डाको नाउँमा पूर्जी लेखी पठाई दिने भन्ने व्यवस्था अनुसार त्यस्तो फैसला वा मिलापत्रको आधारमा दाखिल खारेजको माग भएकोमा सम्बन्धित अदालतबाट त्यसको जनाउँ पूर्जी प्राप्त भै फैसला वा मिलापत्रको रितपूर्वको नक्कल पेश भएपछि दाखिल खारेज गरी दिनुपर्छ भन्ने व्यवस्था छ ।

## ४. समस्या समाधानको पहल

घरमै मिल्न नसक्दा अनावश्यक दु:ख, झमेला हुनुका साथै आर्थिक नोक्सानी पनि भएको देखिन्छ । गाँउ छिमेकमा रहेका भद्र भलाद्मीको रोहवरमा अशंवण्डा गर्न थप पहल गर्न सकिन्थ्यो । तर यस्तो मनमुटाबको स्थितिमा पनि अदालतमा गएर मिलापत्र गरेकोले धेरै झन्झट बेहोर्नु परेन । यसमा आफ्नो गल्ति भन्दा पनि जग्गाको ट्रायल चेक गर्ने क्रममा नरबढी र नरघटी देखिएकोले ठुलो झमेला र दुख बेहोर्नु परेको देखियो । यो त एउटा प्रतिनिधि घटना मात्र हो । नापी कार्यालयमा रहेका ब्लु प्रिन्टहरु पुरानो भएको र त्येतिबेला अहिलेको जस्तो आधुनिक तरिकाले जग्गा नाप्ने ब्यबस्था नभएकोले यस्ता समस्या धेरै देखिने गरेको छ । यो समस्या आउनै नदिन के गर्न सकिन्थ्यो ? समस्या श्रृजना भई सके पछि कुन तहमा कस्ले कस्तो किसिमको पहल गर्न सक्थ्यो ? भन्ने जस्ता बिषयमा केही सवालहरुलाई यहाँ प्रस्तुत गरिएको छ । खैर, सो समस्याको समाधान हुने क्रममा छ तथापि यी सवालहरुले यस्तै अरु मामिला समाधान गर्नको लागि टेवा पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ । साजिदा खातुनले घरयसी समस्या देखाएर अंश मुद्दा दायर गर्दा उनले २०७३/३/९ देखि अहिले सम्म निरन्तर दुख पाइरहेको देखियो । अंश खोज्न मालपोत कार्यालय आएपछि मालपोत कार्यालयमा साजिदाको मौखिक आग्रहमा मोठ हेर्ने काम भयो । जग्गा धनी श्रेस्तामा ससुरा र देवरहरुको नाममा पूर्जाहरु रहेको कुरा दर्शाइ जग्गाको कित्ता नं. र क्षेत्रफल थाहा पाउन सहयोग गरियो । त्यसैको आधारमा साजिदा खातुनलाई अदालतमा मुद्दा दायर गरी अदालतको फैसला बमोजिम जग्गाधनी पूर्जा दिलाउन सकिने कुरा स्पष्ट पार्दै मुद्दा लड्दा सहज होस् भनेर कोही लेखापढी गर्ने ब्यक्तिको सहयोग लिन सकिन्छ भनेर राय पनि ब्यक्त गरियो । साथै अदालती प्रकृया पछि पनि मालपोत कार्यालय र नापी कार्यालयको काम र प्रकृयाको बारेमा साजिदा खातुनलाई जानकारी दिई सेवा लाई अनुमानयोग्य बनाउनको लागि पनि मालपोत कार्यालयको तर्फबाट पहलकदमी भयो ।

## ५. निष्कर्ष

२०७३ साल असार महिनामा सुरु भएको मुद्दा करिव २४ महिना पछि २०७५ साल असारमा पनि अझै प्रक्रियामै रहेको छ । यसमा जग्गाको ट्रायल चेक गर्ने क्रममा नरबढी र नरघटी देखिएकोले यो परिवारले निकै समस्या झेलेको देखियो । सरकारी निकायको काम ढिला सुस्ती र प्रक्रियामुखी भएको कुरालाई यो मामलाले बल पुर्याएको देखिन्छ । प्रत्येक पत्रको मिति निकै लामो अन्तरालको देखिन्छ ।

यस्तो प्रकृतिको कामलाई सरल र छोटो बनाउनु पर्ने देखिन्छ । त्यसको लागि वादी र प्रतिवादिलाई दिइने म्याद लाई कम गराउने, कार्यालयहरुबीच हुने पत्रको आदान प्रदान लाई इमेल इन्टरनटको माध्यमबाट संप्रेषण गर्ने गरेमा कार्यसम्पादनमा छिटो हुन्छ । त्यसैले मुलुकी ऐन, २०२० (२०७५ भाद्रदेखि नयाँ कार्यन्वयन हुँदै), न्याय प्रशासन ऐन, २०७३, मालपोत ऐन, २०३४, जग्गा प्रशासन निर्देशिका, २०५८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ लाई समयानुकुल संशोधन गर्नु पर्ने देखिन्छ । कुनै पनि काम गर्नको लागि अन्तर निकाय समन्वय हुनु पदछ र यस्तो सहकार्य नेपालको प्रशासनमा विद्यमान रहेको ज्वलन्त उदाहरणको रुपमा पनि यो मामिलालाई लिन सकिन्छ । सेवाग्राहीले लिने सेवाको किसिम हेरेर सेवा लिनको लागि दुई वा सो भन्दा बढी निकायमा धाउनु पर्ने पनि हुन सक्छ । एउटा निकायको काम अर्को निकायको सहयोग बेगर नहुन सक्छ त्यस्तो अवस्थामा एकले अर्को निकायको सहयोग, समन्वय र सहकार्य को आवश्कता पर्ने हुन्छ । बिशेष गरी मालपोत र नापीले एक अर्का मा अन्तरनिहित भएर नै धेरैजसो काम गर्ने गरेका छन् । कार्यालयहरु बिच सहयोग, समन्वय र सहकार्य भएमा सेवाग्रहीले चाहेको सेवा सरल र सहज तवरले प्राप्त गर्न सक्दछन् । छिटो, सरल र सहज सेवा प्राप्त गरेमा सेवा दिने निकाय प्रति सेवाग्राहीले स्वामित्व महशुस गर्नुका साथै विश्वसनियता बढ्दछ भने सेवा प्रशासनमा पनि सुशासनको अभिबद्धि हुन्छ । तसर्थ, यस्ता निकायहरुकोबीचमा छिटो, सरल र सहज रूपमा समन्वय गर्ने प्रक्रिया मिलाएर सेवालाई चुस्त बनाउन सकिन्छ ।

# गौर बस टर्मिनल संचालनमा देखिएको विवाद

**बिनोद खनाल**

## १. पृष्ठभूमी

विकेन्द्रीकरणको मूल उद्देश्य अनुरुप नेपालमा योजनाहरुको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्न स्थानीय निकायको अवधारणा ल्याइएको हो । यसै पृष्ठभूमिमा स्थापित गौर नगरपालिका नेपालको २ नं. प्रदेशस्थित रौतहट जिल्लामा अवस्थित छ । यस नगरपालिकाको स्थापना वि.सं. २०४८ चैत ३० मा भएको हो र विधिवत रुपमा वि.सं. २०४९ बैशाख २४ गतेबाट कार्यालय स्थापना भई संचालनमा आएको हो । नेपाल संघीय शासन प्रणालीमा गइसकेपछि स्थानीय तहहरु अधिकार सम्पन्न भएका छन् । संविधानले नै स्थानीय तहलाई व्यापक अधिकारको व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को नगरपालिका तथा गाउँपालिकाको अधिकार अर्न्तगत उपदफा २ (घ) मा स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, संकलन र व्यवस्थापन गर्न पाउने व्यवस्था छ । नगरपालिकाले आफ्नो आन्तरिक आय संकलन गर्नको लागि विभिन्न करहरु लगाउनुको साथै सार्वजनिक सम्पतिको ठेक्कामार्फत निजी क्षेत्रलाई संचालन गर्न दिई आयआर्जन गर्दै आएको छ ; जसअन्तरगत पोखरी, बसपार्क, हाटबजार, शौचालय ठेक्कामा दिने गरेको छ । नगरपालिकाले गौर बसपार्क १ करोड ८० लाखमा पाँच बर्षका लागि, दुइओटा पोखरी २७ लाख १० हजार र १ लाख ५३ हजारमा पाँच वर्षका लागि, तीनओटा शौचालय ७ हजार, १० हजार र १५ हजारमा १ वर्षका लागि, दुईओटा हाट बजार ३ लाख ७५ हजार र ६२ हजार ६ सयमा एक वर्षका लागि, पटके सवारी कर ३ लाख ३९ हजार ६ सयमा एक वर्षका लागि ठेक्कामा दिएको छ । यसरी ठेक्कामा लगाउँदा कतिपय ठाउँहरुमा समस्या देखिएका छन् । यसले राजस्व संकलनमा असर पर्नुका साथै जनता तथा सरोकारवालाबाट गुनासाहरु आउने गरेका छन् । गौर बसपार्क संचालनमा ठेकेदार कम्पनी र नगरपालिकाबीच विवाद भएर संचालनमा समस्या उत्पन्न भएको छ ।

## २. समस्याको कथन

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ६ मा स्थानीय निकायको सम्बन्धित परिषद्ले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न सम्बन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था रहेको छ । तर स्थानीय निकायको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने व्यवस्था छ । यहाँ “आन्तरिक आय” भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय हो भनेर उक्त नियमावलीमा व्यवस्था गरिएको छ ।

यसै व्यवस्था बमोजिम गौर नगरपालिकाले पनि आफ्नो आन्तरिक आय संकलन गर्नको लागि गौर बस टर्मिनललाई ठेक्कामा दिने निर्णय गरेर मिति २०७३/०४/१३ मा बोलपत्र आह्वान गरी प्रथम पटक सूचना प्रकाशन गर्यो । यस नगरपालिकाले बसपार्कमा सवारी प्रवेश शुल्क, टिकट काउण्टर शुल्क, शौचालय प्रयोग शुल्क, सटर कोठा, चमेना गृह संचालन शुल्क अदिको लागि एकमुष्ठ रुपमा आर्थिक वर्ष २०७३/७४ देखि २०७७/७८ सम्म ५ वर्ष ठेक्कामा दिन इच्छुक फर्मलाई बोलपत्र पेश गर्न आह्वान गरी सूचना प्रकाशन गर्यो । सूचनामा बसपार्कमा सवारीहरु प्रवेश शुल्क, शौचालय, सटर, चमेना गृह संचालनको लागि तोकिएको शुल्क भन्दा धेरै रकम उठाउन नपाउने गरी निश्चित शुल्क तोकियो । सवारीहरु बजारमा यत्रतत्र पार्किङ गर्दा ट्राफिक व्यवस्थापनमा समस्या हुने गरेको थियो । व्यवस्थित रुपमा पार्किङको व्यवस्था मिलाउँदा ट्राफिक व्यवस्थापन सहज हुने र नगरपालिकाको आन्तरिक आयमा पनि वृद्धि हुने हुँदा नगरपालिकाले बसपार्क ठेक्कामा लगाउने निर्णय उपयुक्त देखिन्छ ।

ठेक्का प्रक्रियामा नगरपालिकालाई आवश्यक ज्ञानको अभावले गर्दा अनावश्यक झन्झट व्यहोर्नु परेको छ । बोलपत्र पेश गर्ने संस्थाले आ.व २०७१/७२ को कर चुक्ता प्रमाण पत्र पेश नगरेको तथा केही संस्थाले बैंकमा धरौटी जम्मा गरेको बैंक भौचरको सट्टा बैंक ग्यारेन्टी पत्र पेश गरेकोले सूचना बमोजिम सर्त पालना नभएको हुँदा अन्यौल भई सार्वजनिक खरिद अनुगमन कार्यालयलाई आवश्यक निर्देशनका लागि पत्र लेखियो । तर सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक जग्गा भाडामा दिने विषय सार्वजनिक खरिदभित्र नपर्ने हुँदा राय दिइरहनु नपर्ने भनी जवाफ फर्काएको थियो । बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरेपछि जय जनता इन्टरनेशनल प्रा.लि., घट्टेकुलो काठमाडौँले सबैभन्दा बढी रकम कबोल गरेकोले उक्त संस्थालाई रु. १,८०,००,०००/- (एक करोड असी लाख) मा ठेक्का दिने निर्णय गर्यो । त्यसैगरी बोलपत्रको सूचनामा बसपार्कमा सवारी प्रवेश शुल्क प्रतिदिन एक पटक लिन पाइने कुरा उल्लेख गरिएकोमा ठेक्का सम्झौतामा प्रतिदिन प्रतिपटक लिन पाइने हुन गई उक्त व्यवस्थाले यातायात व्यवसायीहरुलाई मर्का परेको भनी विरोध भयो भने ठेकेदार कम्पनी जय जनता इन्टरनेशनल प्रा.लि.ले सम्झौता अनुसार प्रत्येक पटक बसपार्कमा सवारी प्रवेश गर्दा शुल्क उठाउन पाउनु पर्ने भनी शुल्क उठाउन थाल्यो । यसले गर्दा ठेकेदार कम्पनी, यातायात व्यवसायी समिति र नगरपालिकाबीच विवाद सुरु हुन थाल्यो ।

## ३. मामिला बिश्लेषण

गौर नगरपालिकाले आफ्नो आन्तरिक आय संकलन गर्नको लागि बसपार्क ठेक्कामा लगाउने प्रक्रिया अगाडी बढाए पछि विभिन्न समस्याहरु उत्पन्न भए । ठेक्का प्रक्रियामा आवश्यक प्रक्रिया तथा ठेक्का सम्बन्धी निर्देशन दिने तालुक निकायको बारेमा जानकारीको अभाव हुनाले अनावश्यक झन्झट आउनुका साथै ठेक्का प्रक्रिया लम्बिन गएको छ । बोलपत्र सम्बन्धी सूचनामा बसपार्कमा सवारीहरुको ओभर स्टे वापत थप शुल्क उठाउन पाउने व्यवस्था नभएको तर सम्झौतामा उक्त कुरा उल्लेख भएको छ । त्यसैगरी बसपार्कमा सवारी प्रवेश गर्दा प्रतिदिन एकपटक मात्र शुल्क लिन पाउने व्यस्था बोलपत्रको सूचनामा उल्लेख गरिएकोमा ठेक्का सम्झौतामा प्रतिदिन प्रतिपटक सवारी शुल्क लिन पाउने हुन गई ठेकेदार कम्पनीले सवारी प्रवेश शुल्क प्रति पटक उठाउन थाल्नु, यातायात व्यवसायीहरुले त्यसको विरोध गर्नु, नगरपालिकाले प्रतिदिन एकपटक मात्र शुल्क उठाउन ठेकेदार कम्पनीलाई पत्राचार गर्नुले बसपार्क संचालनमा विवाद बढ्दै गएको छ । त्यसै गरी सम्झौता अनुसार रकम नउठेको, बसपार्कमा सबै सवारी साधनहरु प्रवेश नगरेको कारण देखाई ठेकेदार कम्पनीले सम्झौताको परिच्छेद ५

को बुँदा नं. ३४ अनुसार उल्टै क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ । नगरपालिकाले भने सम्झौता पुनरावलोकन गर्ने निर्णय गरी पुनरावलोकन गर्न आउन जय जनता इन्टरनेशनल प्रा.लि.लाई पत्र लेखेको थियो । जवाफमा ठेकेदार कम्पनीले आपसी समझदारीमा मात्र ठेक्का पुनरावलोकन गर्न सकिने जवाफ पठाएको थियो । त्यसैगरी नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि ठेकेदारले बसपार्कमा सम्झौता अनुसार सरसफाई लगायतका काम नगरेकोले सम्झौता किन नतोड्ने भनी ठेकेदार कम्पनीलाई पत्र लेखिएको छ ।

### ३.१ समस्याको कारणः

माथि उल्लिखित समस्या सिर्जना हुनका निम्न कारणहरु देखिन्छन ।

- बसपार्कसम्बन्धी ठेक्का प्रक्रियाको बारेमा अनुभवको कमी ।
- ठेकेदार कम्पनीले कर्मचारीलाई झुक्काएको हुन सक्ने ।
- सम्झौता गर्दा सम्झौतामा उल्लेखित सानातिना कुराहरुले पनि पार्ने दीर्घकालिन प्रभावको बारेमा विश्लेषण नगर्नु ।
- ठेक्का सम्झौता प्रक्रिया सम्बन्धी कर्मचारीहरुमा आवश्यक ज्ञानको अभाव ।
- बोलपत्र सम्बन्धी सूचनामा उल्लेख भएका कुराहरु सम्झौतामा तोडमोड हुनु, सूचनामा हुँदै नभएका कुराहरु सम्झौतामा राखिदासमेत ख्याल नगर्नु अर्थात सम्झौता जस्तो विषयलाई हतारमा गर्नु ।

### ३.२ समस्याको परिणाम

माथि उल्लिखित समस्यावाट निम्न परिणमहरु देखिन्छन ।

- नगरपालिकाले अनावश्यक झन्झट व्यहोर्नु परेको छ ।
- महत्वपूर्ण समय बसपार्क सम्बन्धी विवादमा खर्च भएको छ ।
- समयमा ठेकेदारले सम्झौता बमोजिमको रकम नगरपालिकामा दाखिला गरेको छैन ।
- ठेक्का सम्झौतामा भएको त्रुटीले गर्दा कर्मचारीहरु प्रति शंका उत्पन्न भएको छ ।
- निर्वाचित जनप्रतिनिधी आइसकेपछि कर्मचारीहरुलाई स्पष्टीकरण सोधिएको छ ।
- सम्झौता बमोजिम रकम नउठेको भनी ठेकेदारले पटकपटक क्षतिपूर्ति माग गर्ने गरेको छ ।
- सम्झौता बमोजिम ठेकेदारले बसपार्कमा सरसफाई लगायतका काम नगर्दा प्रदुषण उत्पन्न भई जनगुनासो आउने गरेको छ ।

## ४. समस्या समाधानका लागि गरिएका प्रयासहरु

उल्लिखित समस्या समाधानका लागि निम्न प्रयासहरु गरिएका छन ।

- नगरपालिकाद्धारा २०७३/०९/२२ मा बोलपत्रको सूचनाबमोजिम सम्झौता पुनरावलोकन गर्ने निर्णय ।
- नगरपालिकाद्धारा २०७३/०९/२२ मा सम्झौता पुनरावलोकन गर्न आउन जय जनता इन्टरनेशनल प्रा.लि.लाई पत्राचार ।
- २०७४/०८/१४ गतेका दिन नगर उपप्रमुख किरण ठाकुरज्यूको अध्यक्षतामा बसेको राजस्व परामर्श समितिको बैठकले गौर बसपार्क ठेक्का सम्झौताको बुदा नं. ५ र १७ मा उत्पन्न

समस्या समाधान गर्नका लागि अध्ययन, अनुसन्धान गरी सुझाव पेश गर्न गौर नगरकार्यपालिकाका सदस्य राकेश कुमार जयसवालको संयोजकत्वमा वीज्ञ भागीरथ साह र अवधेश नन्दन वर्मा सम्मिलिन एक अध्ययन समिति गठन गर्ने निर्णय ।

- २०७४/०९/०३ मा अध्ययन समितिले ठेक्का सम्झौता त्रुटीपूर्ण रहेको भनी प्रतिवेदन दिएको तर समस्या समाधानका लागि ठोस सुझाव प्रस्तुत नगरेको ।

## ५. निष्कर्ष

तत्कालिन स्थानीय निकायले सार्वजनिक जग्गा ठेक्कामा दिई आफ्नो आन्तरिक आय बढाउन सक्ने व्यवस्था थियो भने अहिलेका स्थानीय तहमा झन् धेरै अधिकार प्राप्त भई आन्तरिक आय बढाउन विभिन्न कार्यहरु गर्न सक्दछन् । स्थानीय तहले बसपार्क, सार्वजनिक शौचालय, पोखरी, पटके सवारी, हाटबजार लगायतका ठाउँहरु ठेक्कामा लगाएर आन्तरिक आम्दानी बढाउने गरेका छन् । संघीय सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, विशेष, समपूरक लगायतका अनुदान बाहेक आफ्नो आन्तरिक स्रोतबाट थप आय संकलन गर्न सकेमा स्थानीय तहमा स्रोतको समस्या नभई प्रशस्त कामहरु गर्न सक्दछन् । ठेक्कामा लगाउदा प्रक्रिया मात्र पुरा गरेर हुँदैन । ठेक्का सम्झौता लगायतका कागजपत्रको सुक्ष्म अध्ययन गरेर त्यसमा उल्लेखित कुराहरुले भविष्यमा पार्ने प्रभावको सूक्ष्म विश्लेषण गर्नु आवश्यक छ । होइन भने सानातिना कुराले पनि कति ठूलो विवाद ल्याउने रहेछ भन्ने कुरा गौर नगरपालिकाको बसपार्क सम्बन्धी ठेक्का प्रक्रियाबाट थाहा पाउन सकिन्छ । जानेर वा अन्जानमा हुने साना तिना त्रुटीले भविष्यमा ठूलो विवाद तथा तनावको स्थिति सृजना गराउन सक्दछन् । ठेक्का सम्झौतामा "प्रतिदिन एकपटक" हुनुपर्नेमा "प्रतिदिन प्रतिपटक" हुन गई सानो शब्दले पनि गौर बसपार्क संचालनमा ठूलो विवाद ल्याएको छ । सेवाग्राही तथा अन्य पक्षले आफ्नो फाइदाको लागि कर्मचारीलाई झुक्काउन सक्छन् । त्यसैले कर्मचारीहरु कार्यसम्पादनको सिलसिलामा हरेक कुरामा निकै गम्भीर र चनाखो हुनु आवश्यक छ । यसो गरिएन भने कर्मचारी आफूले पनि भविष्यमा अनावश्यक तनाव झेल्नु पर्ने तथा आफू कार्यरत संस्थालाई पनि ठूलो नोक्सान हुन सक्दछ ।

# योजना कार्यान्वयनमा उपभोक्ता समिति र स्थानीय लाभग्राहीबीच समस्या

**बिनोद सापकोटा**

## १. पृष्ठभूमि

स्थानीय तहमा सबै प्रकारका स्रोत र साधनहरुको उद्देश्यमूलक ढंगले खर्च गरी जवाफदेही र जिम्मेवारीपूर्वक योजना कार्यान्वयन गर्ने तथा सहभागितामूलक विकास पद्धति द्वारा योजना सञ्चालनमा स्थानीय अपनत्व र स्वामित्व बोध गराई समावेशी विकास गर्ने उद्देश्यले उपभोक्ता समितिसँग सम्झौता गरी योजना सञ्चालन गरिएको हुन्छ । रु. एक करोड रुपैयाँसम्म लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने कानूनी प्रावधान छ । स्थानीय तहहरुले आयोजना छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट अनिवार्य नगद लागत सहभागिता भएको आयोजना छनौट गर्नुपर्ने र श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्दछ । यसरी उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्दा योजना सञ्चालनमा पारर्शिता र उत्तरदायित्व हुने, सहभागीतामूलक योजना र विकास हुने, योजना सञ्चालनमा अपनत्व बोध भई योजना प्रभावकारी बन्ने भए तापनि उपभोक्ता समितिले सम्पादन गर्ने कार्य जनभावना अनुरुप तथा तोकिएको प्रचलित कानून बिपरितसमेत हुन सक्दछन् । विशेषगरी उपभोक्ता समितिले आग्रह पूर्वाग्रह राखी काम गर्ने, आफ्ना केही निहित स्वार्थ पूर्तिका लागि समूह गठन गर्ने, स्थानीय तहले तोकेको मापदण्ड तथा सम्झौता बेगर कार्य सम्पादन गर्ने तथा स्थानीय लाभग्राही समूहको मूल्य र भावना (Norms and Values) बेगर स्थानीय समूहलाई मर्का पर्ने गरी कार्यसम्पादन गर्दा विभिन्न समस्याहरु आएको देखिन्छ ।

## २. समस्याको कथन

आर्थिक वर्ष २०७३।०७४ को नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पचास प्रतिशत, महानगरपालिकाको पैंतीस प्रतिशत र उपभोक्ता समूहको पन्ध्र प्रतिशत गरी कुल लागत जम्मा रु. ५०,००,१८८।- मा पटवारी मार्ग नाला निर्माण योजना स्वीकृत भएको हो । बिभिन्न विवादहरु भएपछि अध्यक्ष भोला बराल पदमा विशेष कारणले बस्न नसकेको कारण देखाउदै भेला गरी नयाँ अध्यक्ष श्री मेनुका न्यौपानेलाई चयन गरिएको थियो । स्थानीय बासीहरुको उजुरी र वडा कार्यालयबाट स्थलगत निरीक्षण गर्दा महानगरपालिकाका प्राविधिक कर्मचारीले लगाएको चिनो मेटाएर आफुखुसी काम भइरहेको जनाउदै तत्कालका लागि काम स्थगित गर्न पत्राचार भएपश्चात् उक्त समस्या उजागर भएको थियो । उपभोक्ता समितिले प्राविधिक नाप-जाँच बेगर आफुखुसी ढंगले चिनो मेटाएर काम गरेको, स्थानीय लाभग्राहीलाई मर्का पर्ने गरी कार्यसम्पादन गरेको, नालीको रेखाङ्कन कार्य आफुखुसी सारेको, कमसल खालको सामाग्री प्रयोग गरेको भनी पटकपटक उजुरी परेको थियो । स्थानीय लाभग्राही समूह र उपभोक्ता समितिबीच पटकपटक विवाद भएपछि धेरै समयसम्म योजना प्रभावित भई निर्माण सम्पन्न भएको करिब ४० फिट नालीसमेत वीरेन्द्र लाल कर्णको घर अगाडी पर्ने भाग भत्काइएकोले उपभोक्ता समितिले आवश्यक छानबिन गर्न महानगरपालिकालाईसमेत अनुरोध गरेको थियो । उपभोक्ता समितिमार्फत् स्थानीय योजनाहरु

सञ्चालन गर्दा देखिने समस्याहरु तथा उपभोक्ता समितिले कार्य सम्पादन गर्दा देखाउने गैरजिम्मेवारिपन कम गर्नका लागि समेत यस्ता समस्याहरुको निराकरण गर्न जरुरी हुन्छ ।

## ३. मामिला बिश्लेषण

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०७०।०७४ को नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बिराटनगर महानगरपालिका स्थीत वडा न. १६ मा सञ्चालन गरीएको पटवारी मार्ग नाला निर्माण मिति २०७३।१२।२५ मा सम्झौता गरिएको थियो । कुल लागत ५०,००,१८८।- रहेको उक्त योजनाको मन्त्रालय अनुदान, नगरपालिका अनुदान र स्थानीय समूहको संयुक्त लागतमा बनेको योजना हो । महानगरपालिकाले भौतिक प्रगति सन्तोषजनक नरहेको भन्दै समयमा काम सम्पन्न गर्नका लागि पटक पटक पत्राचार गरे तापनि बिभिन्न अवरोधहरु देखाउदै उपभोक्ता समितिले समेत पटक-पटक म्याद थप गर्न आग्रह गरेको थियो । मार्गको नाला निर्माण गर्ने क्रममा उपभोक्ता समितिले बिराटनगर महानगरपालिका को प्राबिधिक नापजाँच विपरित आँफुखुसी ढंगले चिनो मेटाएर काम गरेको भन्दै स्थानीय लाभग्राही समूहले निवेदन दर्ता गराएका थिए । विभिन्न समस्याहरु देखिएपछि अध्यक्षले आफू पदमा विशेष कारणले बस्न नसकेकोले भेलाले नयाँ अध्यक्ष श्री चयन गरेको थियो । पहिलो किस्ता पन्ध्र प्रतिशत रकम पेश्की लिएर काम सुरु गरेको समितिले स्थलगत निरीक्षण गर्दा प्राविधिक चिनो विपरित काम भएको व्योहोरा जनाउँदै तत्कालका लागी काम रोक्का राख्न वडा कार्यालयले महानगरपालिकालाई पत्राचार गरेको थियो । यसैबीच नाला निर्माणको बाटोमा पर्ने घरधनी श्री टंक प्रसाद निरौलाले आफू घरमा नभएको समयमा बाटो मेरो घरतिर सारिएको र हालको बाटोले घरसमेत फोडिने भनि उपभोक्ता समितिले चिन्ह समेत लगाएको भन्दै नगरपालिकामा निवेदन दर्ता गराएका थिए ।

घरनक्सा शाखाबाट उक्त विषयको स्थलगत नापजाँच गर्दा उपभोक्ता समितिको चरमलापरबाही देखिएको र बाटो मनपरी ढंगले सारिएको देखिन्छ । यस्तै महानगरपालिकाको मापदण्ड विपरित सड्क विस्तार भइरहेको भन्दै स्थानीय पीडित समूहद्धारा पुनः दोस्रोपटक उजुरी दर्ता भएको थियो । उपभोक्ता समितिले म.न.पा.का प्राबिधिक कर्मचारी र वडाका निर्वाचित पदाधिकारी बसेर समेत समस्या समाधान हुन नसकेको कारण जनाउँदै निर्णयसहित पौष मसान्त सम्मका लागि म्याद थप्न अनुरोध गरेको थियो । यसैक्रममा पुनःअर्का दुई स्थानीयहरु दीपेन्द्र सिंह र रंजीत कुमार कर्णले बाटोमा आफ्नो यथार्थ जग्गाको नापनक्सा गरी पाउँ भनि समितिविरुद्ध महानगरमा मुद्दा दर्ता गरेकाा थिए । बिभिन्न खालका समस्याहरु सामना गर्नुपरेको उक्त योजनाले पुनः वीरेन्द्र लाल कर्णको घरको अगाडि भत्काइएकोले आवश्यक छानबिन गर्न करिब ४० फिट नाला विभिन्न छलफल गरेको देखिन्छ र ७ मिटरको बाटो बिस्तार कायम गर्ने सम्बन्धमा स्थानीयहरुबीच आ आफ्नै मतभेद भएकोले कार्यसम्पादन गर्न ढिला भएको जानकारी उपभोक्ता समितिले दिएको देखिन्छ। प्राबिधिक नापजाँच र अनुगमन समितिको सिफारिस अनुसार योजना सम्झौताअनुसार सम्पन्न भएको विवरण प्राप्त भएपछि पुनः स्थानीयहरुले नियमबेगर कमसल सामाग्री प्रयोग गरेको, केही काम सम्पन्न हुनै बाँकी रहेको भन्दै उजुरी दर्ता रोक्नका लागि पत्राचार भएको देखिन्छ । बिभिन्न आरोह अवरोह पार गर्द सम्झौताको ३ महिनामै सकिनुपर्ने योजना झन्डै १ वर्ष पछि कार्यसम्पन्न हुँदा समेत मुद्धा मामिलाको चरण पार गदै भुक्तानी हुने प्रक्रियामा रहेको छ ।

### ३.१ समस्याका कारणहरु

स्थानीय योजना र बिकास प्रक्रियामा स्थानीय लाभग्राहीको प्रत्यक्ष सहभागिता सुनिश्चित गरी योजना कार्यान्वयनलाई सरल, पारदर्शी, उत्तरदायी र जनसहभागीतामूलक बनाई बिकासको प्रतिफल सोझै नागरिकहरुलाई प्रदान गर्ने अभिप्रायले उपभोक्ता समितिमार्फत योजना सञ्चालन गर्ने राज्यको नीति भए पनी यसबाट अपेक्षित उपलब्धी हुन सकेको छैन । माथि प्रस्तुत योजना कार्यान्वयन सम्बन्धि समेत बिभिन्न समस्याहरु विद्यमान रहनुले समयमा कार्य सम्पन्न हुन सकेको छैन । जसका कारणहरुलाई देहायअनुसार राख्न सकिन्छ ।

- उपभोक्ता समितिले प्राबिधिक नापजाँच विपरित चिन्ह मेटाउनु र आफुखुसी चिन्ह लगाउनु,
- उपभोक्ता समितिले पूर्वाग्रही तवरले कतिपय स्थानीहरुको जग्गा र घर फोडिने गरी चिनो लगाउनु,
- स्थानीय तह विशेषगरी वडा कार्यालय र महानगरपालिकाले प्रत्यक्ष अनुगमन नगर्नु,
- नगरपालिकाका प्राबिधिक कर्मचारीहरु योजना कार्यान्वयनमा दैनिक प्रत्यक्ष रुपले संलग्न नहुनु,
- योजना कार्यान्वयनमा जनसहभागिता न्यून रहनु र निर्माण कार्यमा कमसल सामाग्रीको प्रयोग गरीनु,
- योजनाको भौतिक कार्यसम्पन्न नगरी प्राविधिक प्रतिवेदन पेश हुनु, र
- उपभोक्ता समितिको उत्तरदायी र पारदर्शी कार्यशैली नहुनु ।

### ३.२ समस्याको प्रभाव

उपभोक्ता समिति मार्फत् योजना सञ्चालन गर्दा विकासपद्दती प्रति जनअपनत्व बोध हुने, पारदर्शी र उत्तरदायी पद्दतीको विकास हुने र विकासमा प्रत्यक्ष जनसहभागिता सुनिश्चित हुने भएतापनि यसमा विद्यमान विभिन्न समस्याहरुले गर्दा यसका केही प्रभावहरु समेत रहेका हुन्छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- उपभोक्ता समितिको पूर्वाग्रही कार्यशैलीले स्थानीय लाभग्राही समूह रुष्ठ भएका,
- तोकिएको समयमा कार्यसम्पन्न नगरेको कारण यसको असर अन्य योजनामा समेत परेको,
- उपभोक्ता समितिको गैरजिम्मेवारी कार्यशैलीले स्थानीय नागरिकहरुले धेरै कष्ट व्यहोर्नु परेको,
- उपभोक्ता समितिको नियम विपरित कार्यशैलीले समाजमा अनावश्यक विवाद र द्वन्द्ध सिर्जना गरेको,
- जवाफदेही, पारदर्शी र उत्तरदायी संस्कृतिको क्षयीकरण भई सार्वजनिक विकास मामिलाहरुमा नागरिक विश्वसनियता कमजोर बनेको र
- कमसल सामाग्री र कार्यसम्पन्न नहुँदै प्रतिवेदन पेश हुनुले सरोकारवाला निकायको अनुगमन मूल्याङ्कन कमजोर देखिएको ।

## ४. समस्या समाधानका लागि गरिएका पहलहरु

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृति पाइसकेपछि मिति २०७३।१२।२५ मा उपभोक्ता समिति र महानगरपालिकाबिच योजना कार्यान्वयन गर्न सम्झौता भएको थियो । बिभिन्न कारणले योजना कार्यान्वयनमा देखिएको समस्या समाधानका लागि भएका प्रयासहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- म.न.पा.ले भौतिक प्रगति संतोषजनक नरहेको भन्दै समयमा कार्य सम्पन्न गर्नका लागि उपभोक्ता समितिलाई सचेत गराएको,
- उपभोक्ता समितिले बिभिन्न समस्याहरु देखाउदै गरेको निर्णयका आधारमा ३ पटकसम्म म्याद थप गरिएको,
- स्थानीय लाभग्राही समूहहरुले उपभोक्ता समितिको पूर्वाग्राही र गैरजिम्मेवारी कार्यको पटकपटक कारणसहित उजुरी गरेका,
- वडा कार्यालयद्धारा पटकपट स्थलगत निरीक्षण भई काम तथा भुक्तानी रोक्न पत्राचार भएको,
- स्थानीय व्यक्तिहरुले उपभोक्ता समितिले आफ्नो घर र जग्गामा बढी पर्ने गरी आफूलाई परेको मर्काको उजागर गरेका,
- महानगरपालिकाको प्राबिधिकबाट पटकपटक बाटो र पीडित स्थानीय व्यक्तिको घरनक्सा नाप भएको,
- स्थानीय निर्वाचित पदाधिकारी, प्राविधिक कर्मचारी र उपभोक्ता समितिबीच धेरैपटक छलफल भएको,
- स्थानीयद्धारा भत्काइएको नाली भत्काउने व्यक्तिको पहिचान गरी पुनः बनाउन लगाइएको र
- अनुगमन समितिको सिफारिस र प्राविधिकको अन्तिम प्रतिवेदन पछि समेत कमसल सामाग्री र सम्पन्न गर्नुपर्ने कामको वडा कार्यालयबाट स्थलगत अनुगमन भएको ।

यसरी विभिन्न पहलकदमीहरु गर्दागदै यो योजना तोकिएको समयभन्दा निक्कै ढिलोगरी सम्पन्न भएको छ । उपभोक्ता समितिको गैरजिम्मेवारिपन तथा नीति र नैतिकता विपरीतको कार्यले योजना पूर्ण रुपमा प्रभावित भएको देखिन्छ ।अनुगमन तथा मूल्याङ्कन समितिको सक्रिय भूमिका र सम्बन्धित प्राविधिकले निरन्तर अनुगमन गर्न सकेको खण्डमा उक्त योजना विवादरहित समयमै सम्पन्न हुने सम्भावना पनि थियो ।

## ५. निष्कर्ष

मन्त्रालय, स्थानीय तह र स्थानीय समुदायको सामुहिक प्रयत्नबाट निर्माण सुरु गरिएको नाला निर्माण कार्य उपभोक्ता समितिको पारदर्शी र उत्तरदायी कार्यशैली नदेखिदा सुरु गरेको धेरै पछि मात्र सम्पन्न भएको छ । योजना कार्यान्वियनको क्रममा उपभोक्ता समितिको चरम लापरबाही, सरोकारवाला निकायको कमजोर अनुगमन मूल्याङ्कन र योजना सञ्चालनमा स्थानीय अवरोधले गर्दा यस्तो प्रकारको समस्या सिर्जना भएको देखिन्छ । योजना समयमा सम्पन्न गर्न महानगरपालिकाले पटकपटक पत्राचार गर्नु, प्राविधिकको नापजाँचलाई उपभोक्ता समितिले मेटाई मनोमानी काम गर्नु, आग्रह पूर्वाग्रह राखी कुनै लक्षित व्यक्तीलाई उपभोक्ता समितिले मर्का पार्नु र योजनाको नगरपालिकाद्धारा प्रत्यक्ष अनुगमन नरहनु जस्ता कारणले समस्याले बिकराल रुप लिएको हो । योजना तथा विकास प्रकृयामा उपभोक्ता समितिको विश्वसनियता (Trust) कायम राख्न तथा उपभोक्ता समितिका मूल्य र मान्यतालाई (Norms and Values) लाई कायम राख्न यस्ता प्रकारका समस्याहरुको समयमै निराकरण गर्नु जरुरी हुन्छ । यस्ता खालका उपभोक्ता समितिलाई Black list मा राखी उपभोक्ता समितिको कामकारबाहीमा समेत सरोकारवाला निकायको प्रत्यक्ष निगरानी वृद्धि गर्न सकेमा विकास प्रकृयामा नागरिकहरुको अपनत्व सृजना भई योजना तथा विकास प्रकृया पारदर्शी, उत्तरदायी,जवाफदेही र जनसहभागितामूलक हुन जान्छ र राज्यका कामकारबाहीमा नागरिकको विश्वसनियता समेत अभिवृद्धि हुन जान्छ ।

# गोरखा नगरपालिकामा सूचना प्रबिधिको प्रयोग र व्यवस्थापनमा देखापरेका समस्या

**बिष्णु प्रसाद पाण्डेय**

## १. पृष्ठभूमि

विकास निर्माणका क्रियाकलापको सञ्चालन, व्यवस्थापन र सार्वजनिक सेवाप्रवाहमा विद्युतीय सामाग्री तथा कम्प्यूटरजन्य प्रविधिको प्रयोग गरि सेवा र विकासका क्रियाकलापलाई प्रभावकारी बनाई सुशासन कायम गर्न सूचना प्रविधिले महत्वपूर्ण भूमिका निर्बाह गर्दछ । नेपाल जस्ता अल्पविकसित मूलुकलाई सूचनाप्रविधिको विकासले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, व्यापार लगायतका आर्थिक सामाजिक क्षेत्रको दिगो विकासमा निकै ठूलो भूमिका निर्वाह गर्दछ । भौगोलिक बिषमताबाट सिर्जित विकासका चुनौतिको सामना गर्न तथा संघीयताको सफल कार्यान्वयन द्वारा कानूनको शासन भ्रष्टाचारमूक्त र चुस्त प्रशासन सञ्चालन गर्न सूचना प्रविधि एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा स्थापित हुन सक्ने देखिन्छ । नेपालको संविधानले राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सरल र सहज पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम् उपयोग गर्ने नीति लिएको छ । साथै विद्युतीय कारोवार ऐन, २०६३ ले पनि विद्युतीय सञ्चार माध्यमबाट हुने कारोवारलाई भरपर्दो र सुरक्षित बनाउने तथा गैरकानुनी प्रयोगलाई निरुत्साहित गर्ने उद्देश्य लिएको छ । त्यस्तै सञ्चार नीति, २०६०, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५, सूचना प्रविधि नीति, २०६७ लगायतका विभिन्न क्षेत्रगत तथा विषगत ऐन, नियम तथा कानूनहरुले सूचना प्रविधिको व्यापक प्रयोग द्वारा मुलुकमा सुशासन, विकास र समृद्धी हासिल गर्ने कुरालाई महत्व दिएका छन् । गोरखा जिल्लाको गोरखा नगरपालिकामा सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाह गर्ने सन्दर्भमा केहि मात्रामा प्रगति भएको देखिए पनि सूचना प्रविधियुक्त सामानको उचित रुपमा उपयोग गर्न नसकिएको, कर्मचारीमा दक्षताको अभाव रहेको,सामाजिक सञ्जालको प्रयोग सेवा प्रवाहमा भन्दा मनोरञ्जनमा प्रयोग हुने गरेको, सामाग्रीको पर्याप्तता नभएको, सबै वडामा ईन्टरनेटको पहुँच पुर्याउन नसकीएको तथा पुराना इलेक्टोनिक्स सामानहरुलाई व्यबथित गर्न नसकी यत्रतत्र थन्किएको जसले गर्दा सरकारी सम्पत्तिको दुरुपयोग भइरहेको अवस्थालाई अध्ययन गरी यो मामिला तयार गरिएको छ ।

## २.समस्याको कथन

गोरखा नगरपालिकामा संख्यात्मक रुपले हेर्दा प्राविधिक कर्मचारीको अभाब नदेखियता पनि कम्प्यूटरजन्य प्रविधिको प्रयोग गर्न जान्ने कर्मचारीको संख्या कम रहेको छ र अझ भनौ सरकारी क्षेत्रमा अत्याबस्यक हुने नेपाली टाइप गर्न जानेको मान्छे त जम्मा २ जना मात्र रहेको छ । जसले गर्दा चिठ्ठी पत्र, योजना फरफारक, लेखा लगायका काम गर्न कठीनाइ भइरहेको छ । अझ भनौ काम पन्छाउन सजिलो हुने भएकोले मलाई आउदैन भनि पन्छिने प्रबृतिसमेत रहेको पाइयो । कार्यालयभित्र इन्टरनेटको सहज पहुँच भएकाले कार्यालय समयमा युटुब, फेसबुक जस्ता सामाजिक सञ्जालको प्रयोग गरी मनोरञ्जन लिने प्रबृत्ति धेरै देखियो । अहिले स्थानीय तहमा बजेटको पर्याप्तता हुने भएकोले पनि होला गोरखा नगरपालिकामा कम्प्यूटर, प्रिन्टर, स्क्यानर जस्ता विद्युतीय सामाग्रीहरुमा सानोतिनो

समस्या आउने बित्तिकै नयाँ खरिद गरी पुरानो थन्क्याउने प्रबृत्ति धेरै देखियो जसले गर्दा सरकारी साधन स्रोतको दुरुपयोग बढेको देखिन्छ । कनै बेला विद्युतीय  हाजिरीको मात्र प्रयोग गर्ने गरीएकोमा, छोटो समयमै दुरुपयोग हुन जादा पुःन हस्तलिखित हाजिरीको प्रयोग गर्न थालिएको छ । नगरपालिकाको कार्यालयलाई ईन्टरनेट संग जोडिएपनि यस नगरपालिकाका १४ वटै वडा कार्यालयहरुलाई ईन्टरनेट सँग आबद्ध गर्न नसकीएकोले सेवा प्रवाहमा समस्या देखिएको छ ।

## ३. मामिलाको बिश्लेषण

### ३.१ मामिलाको कथन

गोरखा नगरपालिकाले आ.ब. ०७४/०७५ सालको वार्षिक नीति तथा कार्यक्रममा सफ्टवेरमा आधारित सेवाप्रवाहलाई प्रमुख महत्व दिई सार्बजनिक सेवालाई प्रभावकारी बनाउने कुरा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । नगरसभाले आ. व. ०७४/०७५ मा कुल रु.३५,००,००० बराबरको बिधुतिय सामाग्री खरिद गरिनेछ भनी बजेट बिनियोजन गरेको छ । हालसम्म (जेठ २५ २०७५) रु.२० लाख बराबरको बिधुतिय सामाग्री खरिद गरीएको छ । जसमा अधिकांस रकम कम्प्टर र प्रिन्टर खरिदमा खर्च गरिको छ । नगरपालिकाको १५ वटा आन्तरिक शाखाहरुमा  कम्तिमा एउटा कम्प्यूटर र एउटा प्रिन्टर उपलब्ध गराईएको छ । साथै नगरपालिकाका १४ वटै वडा कार्यालयहरुमा पनि एउटा कम्प्यूटर र एउटा प्रिन्टर उपलब्ध गराईएको छ । नगरपालिका भबनको प्यासेज तथा ७ वटा शाखाहरुमा सि.सि क्यामेराहरु जडान गरीएको छ । बाहिरी गेट र नगरपालिका भबनको वालमा २ वटा विधूतिय नागरीक बडापत्र राखिएको छ । कर्मचारीहरुलाई कार्यालय समयमा नियमित बनाउन विद्युतिय हाजिरीको व्यवस्था गरिएको छ ।

नगरपालिकाका सवै वडाहरुलाई नगरपालिकाको इन्टरनेट सञ्जालसँग जोड्न नसकिएकोले वडा कार्यालयहरुका मासिक प्रगति विबरणहरु नगरपालिकामा पठाउन, बैठक लगाएत अन्य नीतिगत विषयमा वडाहरुमा पत्राचार गर्न कठिनाइ देखिएको छ । जुन विषयहरुमा परम्परागत पत्राचारका शैलिहरु अबलम्बन गरिएको छ । वडा कार्यालयहरुमा दक्ष कर्मचारीको अभावले पनि समस्या दखिएको छ । जसले गर्दा दैनिक रुपमा वेवसाइटमा अपडेट गर्नुपर्ने विषयहरु जस्तै व्यक्तिगत घटनादर्ता, सामाजिक सुरक्षा भक्ता पाउनेको नामावली जस्ता विषयहरु समयमै अपडेट गनै नसकिएको देखियो । नगरपालिकाको मुख्य शाखाहरु जस्तै नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा सि.सि क्यामेरा जडान गरीएको छैन । पारदर्शिताको लागि उक्त कुरा जडान गर्नु आवश्यक देखिन्छ । नगरपालिकाको आफनै वेवसाइट भएपनि नगरपालिकाको  दैनिक कामकारवाही तथा दैनिक रुपमा फर्चोट हुने योजनाको विबरण वेवसाइटमा अपडेट नगरेको अवस्था छ । जसले गर्दा नगरपालिकाका दैनिक काम कारवाहिमा सुसूचित हुन अप्ठेरो भईरहेको देखिन्छ । नगरपालिकाको आ.ब. ०७३ /०७४ को जिन्सी निरिक्षण प्रतिवेदनले दिएको आँकडा तथा स्थलगत अध्ययन गरी तथ्यांक भिडाउँदा निम्न बमोजिम सामाग्रिको विद्युतीय अवस्था रहेको देखिन्छ ।

तालिका नं. १: गोरखा न.पा. मा विद्युतिय सामाग्रीको अवस्था ।

| **सामाग्री** | **जम्मा परिणाम** | **चालु अबस्थामा** | |
|---|---|---|---|
| | | **रहेको** | **नरहेको** |
| कम्प्यूटर | २५ | १६ | ९ |
| ल्याप्टप | १८ | १४ | ४ |
| प्रिन्टर लेजर | १५ | १० | ५ |
| प्रिन्टर इप्सन | ४ | २ | २ |
| युपिएस | २ | २ | - |
| फ्याक्स मेसिन | १ | १ | - |
| फोटोकपि मेसिन | २ | २ | १ |
| टेलिभिजन | २ | २ | - |
| क्यामेरा | ६ | ६ | - |

माथि उल्लिखित विवरण हेर्दा ठूलो मात्रामा विद्युतीय तथा सञ्चार सामाग्रिहरु प्रयोग विहीन भई यत्रतत्र फालिएको अवस्थामा रहेको देखिन्छ । जुन सामाग्रीहरुको जम्मा जम्मी परल मूल्य करिव रु.८,५०,००० जति हुन आउँछ । जुन कुरा समयमै मर्मत वा लिलाम गरी व्यवस्थापन गर्न नसक्दा ठूलो मूल्य बराबरको विद्युतीय सामाग्री नाशिएर जाने देखिन्छ ।

## ३.२ समस्या उत्पन्न हुनुका कारणहरु

नगरपालिका र यसका वडाहरुबाट सेवा प्रवाह गर्ने सन्दर्भमा देखापरेका समस्याहरु र नगरपालिकामा रहेका पुराना तथा बिग्रियका विद्युतीय सामाग्रीहरुको व्यवस्थापन हुन नसक्नुका कारणहरु रहेका छन् ।

- विद्युतीय सामाग्रीको खरिद समयमै नहुनु,
- कर्मचारीमा दक्षताको अभाव,
- काम पन्छाउने प्रबृति रहेको,
- नागरीकमा चेतनाको कमी रहेको,
- पारदर्शि कार्यसंस्कृतिको अभाव,
- बिद्यूतको अभाबको वेला पर्याप्त व्याकपको अभाब,
- इन्टरनेट लाई सेवा प्रवाह भन्दा मनोरञ्जनको साधनको रुपमा लिने प्रबृति,
- वडाहरुमा इन्टरनेट जोड्नलाइ भनि जिम्मा लिएको सु.वि.सु कम्पनिले समयमा काम सम्पन्न नगर्नु
- लिलाम तथा मर्मतका लागि पुराना सामान व्यवस्थापन समितिले समयमै काम सम्पन्न गर्न नसक्नु
- सरकारि स्रोतसाधनको मितव्ययि प्रयोगलाइ वेवास्ता गरिएको

## ३.३ मामिलाले पारेको असरहरु

सूचना प्रविधिको प्रभाबकारी उपयोग गर्न नसक्दा र बिग्रेका र पुराना सामाग्रीको उचित व्यवस्थापन गर्न नसक्दा उत्पन्न भएका असरहरुलाइ निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- समयमै सेवाप्रवाह गर्न नसक्दा कार्यालयमा भिडभाड बढ्दै गएको देखिन्छ,
- सेवा खर्चिलो बन्दै गएको,
- पारदर्शिता र सूचनाको हकको कार्यान्वनमा कठिनाई भईरहेको
- सरकारी श्रोत साधनको नोक्सानी बढेको,
- सरसामानहरु यत्रतत्र फालिदा कार्यालयको सौन्दर्य घटेको

## ४.समस्या समाधानका लागि गरिएका प्रयासहरु

कमसल सामाग्रीको प्रयोगले सामाग्रीको दीगो पना नहुने, इन्टरनेट सञ्जालमा पटक पटक समस्या आइरहने देखिएकोले किफायति सामाग्रीको प्रयोगमा जोड दिइएको छ । सवै वडा कार्यालयहरुलाई इन्टरनेट सञ्जालसँग जोड्नको लागि सु. वि. सु नामक कम्पनिसंग सम्झौता गरी काम सूरु गरिएको छ । विद्युतिय हाजिरीलाइ कम्प्यूटरसँग आवद्ध गरी भरपर्दो वनाउने प्रयास थालिएको छ । कार्यालय समयमा फेसवुक, युटुव जस्ता सामाजिक सञ्जालको प्रयोग गरी कामलाई प्रभाबित गर्ने प्रबृतिको अन्त्य गर्न कम्प्युटरमा नयाँ सफ्टवेर Microtik नामक सफ्टवेर जडान कार्य प्रारम्भ गरिएको छ । इन्टरनेट सञ्जालसँग नजोडिएका वडाहरुलाई सानोतिनो विषयमा जानकारी गराउनका लागि ग्रुप एस.एम.एस. थालनि गरिएको छ । प्रविधिमैत्री सेवाप्रवाहलाई वडासम्म विस्तार गर्न हरेक १४ वटै वडाहरुमा एउटा कम्प्यूटर र प्रीन्टर उपलब्ध गराईएको छ । साथै सेवालाई अझ छिटो छरितो र प्रभारकारी वनाउन थप एउटा कम्प्यूटर उपलब्ध गराउने भनि बजेट विनियोजन गरीयको छ र खरिद प्रक्रिया थालनि गरिएको छ । व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भक्ता पाउनेको नामावली अपडेट गर्ने कार्यलाई नियमित गराउन इन्टरनेट सवै वडामा जोडीसकेपछि सफ्टवेर जडान गर्ने कार्यलाई तयारी अवस्थामा राखिएको छ । विद्युत सेवा प्रभावकारी नभएका वडाहरुमा सोलार प्यानल जडान गरी २४ सै घण्टा विद्युत व्याकप दिने कार्यको थालनी गरीएको छ । पुराना र विग्रेका सामानहरुको लिलाम, मर्मत तथा व्यवस्थापन गर्न प्रशासन शाखाका प्रमुखको .अध्यक्षतामा पुराना सामान व्यवस्थापन समितिको गठन गरीएको छ । उक्त समितिले त्यस्ता सामानको लगत संकलन गरेको छ र समिति कार्यालयका सम्पूर्ण भौतिक सामाग्री व्यवस्थापन गर्ने भनि गठन गरिएको थियो । यद्यपि यसको प्रमुख कार्यभार विद्युतिय सामाग्री लगायत कार्यालयका अन्य पुराना गाडि,फर्निचर लगायतका सरसामानको व्यवस्थापन हुनेछ ।

## ५ निष्कर्ष

आजको युग सूचना प्रविधिको युग हो, त्यसैले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी वनाई सेवालाई गुणस्तरिय वनाउन सूचना प्रविधिले महत्तपूर्ण भूमिका निर्वाह गर्दछ । हाल नेपालका सबै स्थानीय तहलाई प्रविधि मैत्री वनाउन विभिन्न नीतिगत व्यवस्थाका साथै नागरीकको सूचनाको हकलाई प्रभावकारी वनाउन सबै स्थानीय तहहरुको वेवसाईट निर्माण गरिएको छ । सूचनाप्रविधिमा आधारित सेवाप्रवाह अलिक जटिल र संवेदनशिल विषय भएकोले यसको प्रयोगलाई संयमित, गोपनीय र दक्षतापूर्ण वनाउनु पर्दछ । सेवा प्रवाहलाई छिटो छरितो र कम खर्चिलो बनाउन यसको प्रयोगलाई बढावा दिईएको भएतापनि सही प्रयोग हुन नसकेमा झन खर्चिलो र वोझिलो पनि हुन सक्छ । गोरखा नगरपालिकाले पनि प्रविधिमैत्री सेवाप्रवाहलाई जोड दिईरहेको वर्तमान परिवेशमा यस क्षेत्रमा रहेका केही कमी कमजोरीलाई क्रमश सुधार गदै लान सकेमा नगरपालिकाले लिएको सफ्टवेरमा आधारित सेवाप्रवाह गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वन गदै सेवा र विकासका कार्यमा सुशासन कायम गर्न सकिने देखिन्छ ।

# मालपोत कार्यालयबाट भएको त्रुटीलेगर्दा कुलप्रसाद लोहनीले भोग्नुपरेको सास्ती

**ममता कुमारी ओझा**

## १. पृष्ठभूमि

जग्गा प्रशासनको कार्य संवेदनशील भएकोले यस कार्यमा संवेदशनशिलता नअपनाउदा हुने सानो त्रुटीले सम्बन्धित व्यक्तिले अनावश्यक झमेला व्यहोर्नुपर्ने, लामो समयको बर्बाद हुनुको साथै अनावश्यक द्विविधा, अन्यौलता, तनाव झेल्नुपर्ने हुन्छ । श्रेस्तामा देखिएको त्रुटीले गर्दा ब्यक्तिले आफ्नो योजनाअनुसार आफ्नो जग्गाको प्रयोग गर्न नपाउने हुन्छ । कतिपय अवस्थामात जग्गा माथिको स्वामित्वनै गुम्ने खतरा रहन्छ । जसले गर्दा ब्यक्तिमाथि अन्याय हुन सक्ने, नागरिकको जग्गा प्रशासन प्रतिको विश्वासभाव गुम्न गई राज्य प्रणाली प्रतिको विश्वास र अपनत्वको भावनामा कमी आउने र राज्य निर्माणमानै असर पर्ने सम्भावना रहन्छ । तसर्थ सम्बद्ध कर्मचारीले विधमान कानूनको परिपालन गरी संवेदनशील भएर जनतालाई सरल र सहज ढंगबाट सेवा प्रदान गर्नु आवश्यक छ । लिखतबाट श्रेस्ता पूजार्मा गलत विवरणहरु उतार भई व्यक्तिगत विवरण, कित्ता नं., क्षेत्रफल फरक परेको, एउटा ब्यक्तिको स्रेस्ता अर्को ब्यक्तिको नाममा कायम गरिएको, खारेज भएको जग्गाको मोठ काट्न छुटेको, फुकुवा भएको जग्गाको श्रेस्तामा फुकुवा गर्न छुटेको साथै नापी कार्यालयबाट कित्ता दोहोरो परेको, क्षेत्रफल फरक परेको जस्ता त्रुटीहरुले समस्या सृजना भई सुधारका लागि सेवाग्राही आएका थिए । कार्यालयको अभिलेख हेर्दा पनि मासिक करिव १२ जति सेवाग्राही संशोधनको लागि आउने गरेको भेटियो । त्रुटीहरु संशोधनको व्यवस्था मालपोत ऐन, २०३४ जग्गा प्रशासन निर्देशिका, २०५८ मा भएपनि आवश्यक प्रमाणहरु खोज्न र प्रक्रिया पुरा गर्न सेवाग्राहीको लामो समय खर्च हुनुको साथै अनावश्यक तनाव खेप्नु परेको छ । यी समस्याको एउटा प्रतिनिधि समस्याको रुपमा धादिङ जिल्ला चैनपुर-०२ बस्ने कुलप्रसाद लोहनीले कार्यालयबाट भएको त्रुटीको कारण खेप्नुपरेको सास्तीमा यो मामला अध्ययन केन्द्रित रहेको छ ।

## २ समस्या कथन

मिति २०५१।०२।१९ गते चैनपुर वडा नं. ०२ वस्ने रघुनाथ लोहनीले आफ्नो आफ्नो सहोदर भाई कुल प्रसाद लोहनीलाई चैनपुर वडा नं. २ कित्ता नं. १६९ क्षेत्रफल १-१०-०-१ र कित्ता नं. ४७ क्षेत्रफल १-११-१-२ गरी जम्मा कित्ता २ र जम्मा क्षेत्रफल ३-५-१-३ को जग्गा हालैको बकसपत्रबाट पारित गरेको तर कुलप्रसाद लोहनीको नाममा लालपुर्जा बन्दा कित्ता नं. ४७ क्षेत्रफल १-११-१-२ को सट्टा कित्ता नं. १७५ क्षेत्रफल ०-२-०-० को श्रेस्तापुर्जा बनेको । कुलप्रसाद लोहनीलाई हालसम्म आउदा पनि आफ्नो लालपुर्जामा गलत कित्ता रहेको व्यहोरा थाहा भएन । हाल चैनपुर क्षेत्रको जग्गा बुढीगण्डकी जलविद्युत आयोजनाको डुवान क्षेत्रमा पर्ने भएकोले सो को मुआब्जा रकम प्राप्त गर्नको लागि पहल गर्दा आफ्नो लालपुर्जामा कम क्षेत्रफल रहेको उक्त कित्ताको सट्टा अर्को कित्ता रहेको जानकारी प्राप्त गरेपश्चात् मिति २०७४।१०।२८ गते उक्त छुटेको कित्ता नं. ४७ क्षेत्रपफल १-११-१-२ को जग्गा दाखिला खारेजी गरी पाउँ भनि मिति २०५१।२।१९ गते पारित लिखतको फोटोकपी र नागरिकताको फोटोकपी राखेर मालपोत कार्यालय धादिङमा निवेदन पेश गरेका थिए । मालपोत कार्यालय धादिङको लिखत हेर्दा कित्ता नं. १७५ लाई काटेर ४७ बनाएको, क्षेत्रफल १-११-१-२ मा पनि double writing भएको र जग्गा धनी

दर्ता श्रेस्तामा पनि कित्ता नं. १७५, क्षेत्रफल ०-२-०-० भएको कारणले गर्दा क्षेत्रफल बढाउने मनसायले पछि लिखतमा केरमेट गरेर कित्ता नं. ४७, क्षेत्रफल १-११-१-२ बनाएको भन्ने आशंका रहेतापनि कार्यालयमा रहेको रजिष्ट्रेशन दर्ता किताबमा कित्ता नं. गलत वा १७५ रहेता पनि क्षेत्रफल सही वा १-११-१-२ नै कायम रहेको । यसरी कार्यालयको अभिलेख जग्गा धनी दर्ता श्रेस्ता र रजिष्ट्रेशन दर्ता किताबमा एउटै कित्ताको फरक फरक  क्षेत्रफल कायम हुनुले गर्दा कार्यालयको कुनै न कुनै त्रुटी झल्कियो ।

## ३ मामिला विश्लेषण

जग्गावालाको नामथर, बाबु, बाजे, पति, ससुरा, ठेगाना, नागरिकता नम्बर, कित्ता नम्बर, क्षेत्रफल फरक परेमा नागरिकता, लिखतको आधारमा सुधार गर्न सकिने व्यवस्था जग्गा प्रशासन निर्देशिका, २०५८ को परिच्छेद आठ मा रहेको छ । तर लिखत हेर्दाखेरी कित्ता नम्बर १७५ लाई काटेर ४७ बनाएको र क्षेत्रफल १-११-१-२ मा पनि double writing भएकोले उक्त लिखतको आधारमा सिधै संसोधनको निर्णय लिन असहज भएको । रजिष्ट्रेशन दर्ता कितावमा कित्ता नम्बर १७५ भए तापनि क्षेत्रफल सहि नै रहेकोले उक्त लिखतमा केरमेट क्षेत्रफल बढाउने गलत मनसायले पछि गरिएको नभई सोही समयको त्रुटी हो भनेर प्रमाणित हुन जान्छ । लिखतमा अन्य विवरण वावुको नाम, ठेगानामा पनि केरमेट गरी सच्याईएकोले गर्दा कित्ता नम्बर र क्षेत्रफल पनि सोही समयको त्रुटीभएर सच्याइएको हुनसक्ने अनुमान लगाउन सकिन्छ ।

## ३.१ समस्याको कारण

यस्तो समस्या आउन सक्नुका कारणहरु विभिन्न रहेका छन् जसलाई निम्नलिखित बुदाका रुपमा उल्लेख गर्न सकिन्छ ।

- मालपोत कार्यालयमा रहेको कामको उच्च चाप यथेष्ट मात्रामा कर्मचारी अभाव रहदा पनि रिक्त दरवन्दी परिपूर्ति नहुनु ।
- कर्मचारीहरुको काम प्रतिको संबेदनशीलतामा कमी हुनु ।
- नागरिकहरुमा सचेतनाको अभाव र कर्मचारीहरुमा पनि सेवा प्रवाहका साथ-साथै सचेतना प्रदान गर्ने सस्कारको अभाव हुनु जस्तै लालपुर्जा बनेपछि एकचोटी लालपूर्जा रुजु गरेर विवरणहरु सही रहे नरहेको पत्ता लगाउनुहोस् भनेर सेवाग्राहीलाई सचेत नगराइनु ।
- विचौलियाहरुको कार्यालयमा रहेको स्रेस्ता तथा अभिलेखमा सजिलै पहुँच हुने गरेको कारणले विचौलियाहरुले अभिलेखमा फेरबदल गर्ने सम्भावना रहने हुँदा कर्मचारीहरुलाई निर्णय लिन जोखिम महसुस गर्नु ।
- संवेदनशील कागजातमा केरमेट भएको ठाउँमा स्पष्ट संग हस्ताक्षर गर्ने प्रवृतिको अभाव हुनु ।
- श्रेस्तामा अभिलेख राख्दा आफ्नो विवरण सही प्रविष्टी भएको छ या छैन भनि सेवाग्राहीले हेर्न सक्ने व्यवस्था नहुनु ।
- कर्मचारीमा अनावश्यक लाभ हाँसिल गर्ने भित्री मनसाय हुनु ।

### ३.२ मामिलाको प्रभाव

मिति २०७४।१०।२९ गते कूलप्रसाद लोहनीले मालपोत कार्यालय धादिङमा जग्गा दाखिला खारेजको लागि निवेदन दिएको र हाल सम्म पनि मालपोत कार्यालयले उक्त विषयमा निर्णय नगरेको हुँदा कुल प्रसाद लोहनीले विगत चार महिनादेखि मानसिक तनाव खेप्दै आएका छन् । मालपोत कार्यालयले कुलप्रसाद लोहनीलाई तारेकमा राखेको छ । यस दौरान उनी आठ पटक कार्यालयमा तारिकमा उपस्थित भइसकेका छन् । टाढा बाट जिल्ला सदरमुकाम पटक पटक आउनुपरेको छ र काम बन्छ या बन्दैन भन्ने अन्यौलता र द्विविधा लिएरनै फर्कनुपरेको छ । लामो समयसम्म पटक पटक कार्यालयमा तारेकमा रहदा कूलप्रसाद लोहनीले खर्च गरेको समय का साथै जग्गाको स्वामित्व प्राप्त हुने हो वा होइन भनि खेप्नु परेको मानसिक तनाव र अन्यौलताको सजिलैसंग अनुमान लगाउन सकिन्छ । यसको अलाव यस मामिलाका प्रभावहरु देहाय बमोजिम रहेका छन् ।

- यसरी लामो समयसम्म कार्यालयमा तारेकमा उपस्थित हुँदा निजको दैनिक व्यवसायिक काम कारवाही प्रभावित हुनु ।
- कार्यालय प्रति र राज्य प्रणालीप्रतिनै कुलप्रसाद लोहनी जस्ता सेवाग्राहीको विश्वासभाव कम हुदै जानु र वितृष्णा बढ्नु ।
- हाल कार्यरत कर्मचारीलाई पनि निर्णय लिदा कारवाहिमा पर्ने जोखिम हुन्छ कि भन्ने तनाव रहनु ।

### ४. समाधानका प्रयासहरु

उल्लेखित सम्मस्याको सामाधान गर्न निम्मन प्रयासहरु भएको छ ।

- कूलप्रसाद लोहनीले दाखिला खारेजिको लागि पेश गरेको निवेदन बमोजिमको कित्ता नं. ४७, क्षेत्रफल १-११-१-२ को जग्गा रघुनाथ लोहनीको मृत्यु भएकोहुँदा निजको श्रीमती टंक कुमारी लोहनीको नाममा कायम भएको देखिदा सो सम्बन्धमा के भएको हो आफ्नो सवुत प्रमाण सहित वाटो म्याद बाहेक सात दिनभित्र कार्यालयमा हाजिर हुन मिति २०७४।१०।२९ गते टंककुमारी लोहनीलाई पत्र लेखियो र कूल प्रसाद लोहनीलाई तारेखमा राखियो ।
- टंक कुमारी लोहनीले उक्त पत्र बुझ्न नमानेपनि स्थानीय र वडा कार्यालयको प्रतिनिधिको रोहवरमा उक्त पत्र बुझाइयो ।
- उक्त जग्गा बुढीगण्डकी जलबिद्युत आयोजनाको डुवान क्षेत्रमा पर्ने भएकोले कित्ता नं. ४७ को मुआब्जा वितरण रोक्का राख्न मालपोत कार्यालय धादिङबाट बुढीगण्डकी जलबिद्युत आयोजनालाई पत्र पठाइएको ।
- टंक कुमारी लोहनीको नाममा सात दिने म्याद जारी गर्दा पनि कार्यालयमा उपस्थित नभएकोले ज्वालामुखी गाँउपालिका कार्यालयलाई उक्त जग्गामा मिति २०५१।०२।१९ वाट कसको जोत कमोड छ स्थलगल सर्जमिन गरी एकिन गरी पठाइदिन मालपोत कार्यालय धादिङबाट मिति २०७५।०१।२७गते पत्र पठाएको ।
- टंक कुमारी लोहनीको नाममा सात दिने म्याद जारी गर्दा पनि टंक कुमारी लोहनी कर्यालयमा चार महिनासम्म उपस्थित नभएको कारणले गर्दा पनि उक्त कित्ता कुलप्रसाद लोहनीकै हुनसक्ने रहेको । लिखतको क्षेत्रफलमा Double Writing भएतापनि ०-२-०-० लाई सच्याएर १-११-१-२ वनाईएको जस्तो देखिदैन । लिखतमा केरमेट भएकोले लिखतको आधार नमानेपनि

कार्यालयको रजिष्ट्रेशन दर्ता किताबमा कित्ता नं. गलत भएता पनि क्षेत्रफल निवेदकले माग गरे बमोजिमनै रहेको हुँदा उक्त रजिष्ट्रेशन दर्ता किताबको क्षेत्रफललाई आधार मानेर कित्ता नं. ४७, क्षेत्रफल १-११-१-२ को जग्गा कुलप्रसाद लोहनीको नाममा दाखिला खारेजीक गर्न सकिने सुझाब मुद्दा फाँटका फाँट प्रमुख माधव प्रसाद लुइटेल र कार्यालय प्रमुख श्री राम प्रसाद मचामसी लाई दिए ।

## ५ निश्कर्ष

जग्गा प्रशासन सम्बन्धी काम कारवाही सम्पादन गर्ने प्रमुख निकाय मालपोत कार्यालय हो । जग्गा प्रशासन सम्बन्धि काम महत्वपूर्ण र संवेदनशिल भएकोले यस कार्यमा संवेदनशीलता नअपनाउदा हुने सानो त्रुटीले पनि सम्बन्धित व्यक्तिले ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्छ । तसर्थ सम्बद्ध कर्मचरीले काम प्रति सजग रही संवेदनशील भएर कार्य गरेमा यस्ता त्रुटीहरुमा कमी ल्याउन सकिन्छ । यसका साथै त्रुटीहरु न्युनीकरण गर्न र सेवा प्रवाहलाई सहज बनाउन रिक्त दरवन्दि समयमै परिपुर्ति, कामको चाप अनुसारको दरबन्दी सृजना, कार्यालयमा रहेको अभिलेखको कम्प्युटराइज गर्नु आवश्यक छ । नागरिक सचेतनाको कमी को कारणले गर्दा पनि यस्ता त्रुटीहरुले बढावा पाएको हुँदा कर्मचारीले सेवा प्रवाह संगै सेवाग्राहीलाई सचेतना पनि प्रदान गर्ने सस्कारको विकास गर्न सके त्रुटीहरु न्युनीकरण हुने देखिन्छ । कार्यालयवाट भएका त्रुटीहरुको समयमै सम्वोधन गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउने दायित्व कर्मचारीको हो । यदि समयमै सम्वोधन गर्न नसकिएमा नागरिकको सार्वजनिक निकाय प्रतिको विश्वास र भरौसा गुग्न जान्छ । तसर्थः सम्बद्ध कर्मचारीले विद्यमान कानूनको परिपालना गरी संवेदनशील भएर त्रुटीरहित रुपमा जनतालाई सरल र सहज ढंगबाट सेवा प्रदान गर्नु आवश्यक छ ।

# व्यक्तिको नाममा दर्ता स्रेस्ता बदर गरी नेपाल सरकारको नाममा स्रेस्ता कायम

**महेश सुबेदी**

## १. पृष्ठभूमि

आम नागरिकहरुको सम्पत्तिको ठूलो हिस्सा अचल सम्पत्ति अर्थात् घर जग्गाको रुपमा रहेको हुन्छ । नागरिकको यस्तो अचल सम्पत्तिको स्वामीत्वको सुरक्षा गर्ने जिम्मेवारी मालपोत तथा नापी कार्यालयले पाएको हुन्छ । नेपालमा कृषि, भूमि व्यवस्था सहकारी तथा मन्त्रालयको भूमिसूधार तथा व्यवस्थापनन विभाग अन्तर्गत मालपोत कार्यालयहरु रहेका छन् । घर जग्गाको रुपमा रहेको नागरिकहरुको अचल सम्पत्ति र भूमि लगतको सुरक्षा गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणकोसमेत जिम्मेवारी मालपोत कार्यालयलाई रहेको छ । व्यक्तिको अचल सम्पत्ति तथा सरकारी र सार्वजनिक जग्गाको संरक्षण तथा लगत कायम राख्न भूमि प्रशासन सम्बन्धी विविध ऐन, नियम तथा कार्यविधिहरु प्रचलनमा रहेका छन् । व्यक्तिको भूस्वामित्वको रक्षा, स्वामीत्व हस्तान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने मालपोत कार्यालयले सरकारी अचल सम्पत्तिको संरक्षमा पनि त्यत्तिकै ठूलो भूमिका खेल्दछ । मालपोत कार्यालयले जग्गा प्रशासन सम्बन्धमा सम्पादन गर्ने एउटा महत्वपूर्ण कार्य दाखिल खारेज हो । सामन्यतया कानूनद्वारा निर्धारित स्रेस्तामा एउटाको नाममा रहेको जग्गाको हक अर्काको नाममा सार्ने वा दर्ने कार्यलाई दाखिल खारेज भनिन्छ । यसरी कानूनद्वारा निर्धारित कुनै प्रक्रिया वा व्योहोराले अचल सम्पत्तिको हक हस्तान्तरण भएपछि हक टुट्नेको नामको जग्गा, जमिन वा घरजग्गा निजको स्रेस्तामा खारेज गरी लिनेको वा पाउनेको वा हक सरी जानेको स्रेस्तामा दाखिल गरिन्छ । जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं २९ स्थित सरियम मियाइनको नाममा दर्ता कायम रहेको जग्गा पर्सा जिल्ला अदालतको मिति २०७४/५/२५ को फैसला अनुसार वादी प्रतिवादीबीच अंशवण्डा मुद्दामा मिलापत्र भएको थियो । अदालती मिलापत्र अनुसार दा.खा.को लागि मालपोत कार्यालय पर्सालाई लेखी पठाएबमोजिम दा.खा. गरी छुट्टाछुट्टै जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराइएको थियो । तत्पश्चात् उक्त जग्गाको स्रोतबारे चर्चा चल्न थालेको र साविक जग्गाधनी सरियम मियाइनको स्रोत नै शंकास्पद देखिन आएकोले मालपोत कार्यालयले प्रक्रिया अगाडि बढाई उक्त जग्गा नेपाल सरकारको नाममा कायम गराएको हो ।

## २. समस्याको कथन

पर्सा जिल्ला हाल वीरगंज महानगरपालिका वडा नं २९ हनिक मियाको पत्नी सरियम मियाइनको नाममा जिल्ला पर्सा साविक बसडिलवा गा.वि.स. वडा नं. ७ स्थित कि.नं. १३०, १३२, ८६, १ को क्रमश: ०-१-०, ०-६-०, ०-५-१०, १-१-० क्षेत्रफलको जग्गा दर्ता कायम रहीआएको थियो । हनिक मियाको वि.सं. २०६१ सालमा र सरियम मियाइनको वि.सं. २०६९ सालमा मृत्यु भएपछि निजका चार भाई छोराहरुले उक्त जग्गाको भोगचलन गर्दै आएका थिए । अन्य जग्गाको दाजुभाईबीच अंशबन्डा भएपनि सो जग्गाको अंशबन्डा गर्न नमानेको भनी मोजाविल मियाँले आफ्ना ३ दाजुभाई मुवारक मियाँ, बेराहीम मियाँ र मोजाहीर मियालाई प्रतिवादी बनाई पर्सा जिल्ला अदालतमा अंश मुद्दा दायर गरेकोमा पर्सा जिल्ला अदालतले २०७४/५/२५ मा मिलापत्र गराएको थियो । अदालतको फैसला अनुसार कि.नं.

१ मोजाहील मिया र मुबारक मियाको संयुक्त नाममा, कि.नं. १३० र १३२ मोजाहील मियाको नाममा र कि.नं. ८६ बेराहीम मियाको नाममा दा.खा. गरी छुट्टाछुट्टै जग्गा धनी प्रमाणपूर्जा पाउँ भनी मालपोत कार्यालय पर्सामा संयुक्त निवेदन पेश भएको थियो । मिति २०७४/५/२६ मा मालपोत कार्यालय पर्साबाट मोठ रोक्का भिडाई, सरियम मियाइनको नामबाट दा.खा. गरी मोजाहील मियासमेत चार जनाको नाममा अदालतले फैसला गरेबमोजिम दर्ता गरी जग्गा धनी प्रमाणपूर्जा उपलब्ध गराएको देखिन्छ । यसरी निजहरुले जग्गा धनी प्रमाणपूर्जा प्राप्त गरिसकेपछि सो जग्गा प्राप्तिको स्रोतबारे चर्चा चल्न थालेको हो । मालपोत कार्यालयले यस बिषयलाई अत्यन्त महत्वका साथ लिएर उक्त जग्गा को वास्तविक स्थितिको बारे अध्ययन गरी उक्त जग्गा सार्वजनिक भएकोले उनीहरुको स्रेस्ता बदर गरी नेपाल सरकारका नाममा कायम गरेको हो ।

## ३. मामिला बिश्लेषण

मालपोत ऐन, २०३४ को परिच्छेद-७ मा जग्गा आबाद गर्ने सम्बन्धी व्यवस्था अन्तर्गत दफा २४ मा सरकारी वा सार्वजनिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने भनिएको छ । सोही दफाको उपदफा १ मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति बिशेषका नाममा दर्ता वा आवाद गर्न गराउन हुँदैन भनी उल्लेख छ । उपदफा २ मा कसलै यो दफा प्रारम्भ हुनु अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो जग्गा स्वत बदर हुनेछ । त्यस्तो जग्गाको व्यक्ति बिशेषको नाउँमा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले लगत कट्टा गर्नेछ भनिएको छ । त्यस्तै उपदफा ३ मा सरकारी जग्गा र सार्वजनिक जग्गा सम्बनिधत मालपोत कार्यालयले दर्ता गरी तोकिएबमोजिमको अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै परिच्छेद ८, मा विविध अन्तर्गत दफा २९ मा सरकारी वा सार्वजनिक जग्गा कसैले दर्ता वा आवाद गराएमा मालपोत कार्यालयले निजलाई एक हजारदेखि दस हजारसम्म जरिवाना गरी त्यस्तो जग्गा बझ्याइदिनेछ भनिएको छ । यसैगरी २९ क मा मालपोत कार्यालयबाट हुने कामबारवाहीको शिलशिलामा झुटा विवरण पेश गरेमा सो विवरण पेश गर्ने व्यक्तिलाई रु.एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ भनी उल्लेख छ । मालपोत कार्यालयले नागरिकको अचल सम्पत्तिको संरक्षणको अलवा सार्वजनिक/सरकारी अचल सम्पत्तिको सुरक्षाको समेत जिम्मेवारी लिएको हुन्छ । सार्वजनिक तथा सरकारी जग्गाको रेकर्ड राख्ने, पसो को अद्यावधिक गर्ने तथा अतिक्रमण रोक्ने जस्ता कार्यमा सम्बधित अन्य सरकारी निकाय सँग समन्वय समेत मालपोत कार्यालयले गर्न सक्दछ । यहाँ प्रश्तुत मामिलामा मालपोत कार्यालयबाट जग्गाधनी प्रमाणपूर्जा जारी गरिएकोमा सो जग्गाको स्रोतबारे शंका उत्पन्न भै छानविन गर्दा उक्त जग्गा सार्वजनिक ठहरिएकोले दर्ता बदर गरी नेपाल सरकारको नाममा स्रेस्ता कायम गरिएको हो । यस मामिलालाई निम्नअनुसार बिश्लेषण गरिएको छ :

### ३.१ समस्या उत्पन्न हुनुका कारणहरु

उपर्युक्त समस्या उत्पन्न हुनुका कारणहरु निम्नअनुसार रहेको देखिन्छ :

- उक्त जग्गा मिति २०५८/५/१७ मा मि.नं. ५७, कारोबारको व्योहोरा राजीनामा भनी उल्लेख छ तर २०५८/५/१७ को निर्णय मिसिल फेला पर्न नसकेको । उक्त समयमा के कसरी सरियम मियाइनको नाममा जग्गा दर्ता हुन आयो सो को अस्पष्टता रहेको ।

- पर्सा जिल्ला अदालतमा अंशबन्डाको मुद्दा परेर अदालतले मिलापत्र गराई दा.खा. को लागि मालपोत कार्यालय पर्सामा लेखी पठाएपछि पनि सो जग्गाको मोठ भिडाउने, रोक्का हेर्ने लगायतका प्रक्रिया गरी जग्गा धनी प्रमाणपूर्जा उपलब्ध गराएको देखिन्छ । यसबाट जग्गाको बारेमा मालपोत कार्यालयले आवश्यक प्रक्रिया भने पूरा गरेको छ साथै कानूनी रुपमा जग्गा सरियम मियाइनको नै देखिन्छ ।
- सुरुवाती चरणमा ज्ञात वा अज्ञात रुपमा सार्वजनिक जग्गा सरियम मियाइनको नाममा दर्ता हुनु नै ससमस्याको मूल कारण हो जसले गर्दा गल्ति निरन्तर दोहोरिएको देखिन्छ ।
- विगत लामो समयदेखिको समस्या भएपनि हालसम्म सो बारे कुनै प्रश्न नउठ्नु ।
- सरकारी जग्गाको अभिलेख दुरुस्त नहुनु तथा अद्यावधिक नगर्नुमा मालपोत कार्यालयको समेत कमी कमजोरी देखिन्छ । विद्युतीय अभिलेख व्यवस्थापन प्रणली पूर्ण रुपमा कार्यान्वयन नहुनु ।

## ३.२ परिणामहरु

प्रश्तुत मामिला सार्वजनिक सम्पत्तिको संरक्षणमा मालपोत कार्यालय पर्साले खेलेको भूमिका सँग सम्वन्धित छ । यसका परिणामहरु मूलतः सार्वजनिक सम्पत्तिको संरक्षण र सोको निजिकरण हुनबाट रोक लगाउनमा नै केन्द्रित देखिन्छन् । यसका मुख्य परिणामहरु निम्नअनुसार छन् :

- सरकारी अचल सम्पत्तिको संरक्षण भएको छ, निजीकरण भैसकेको जग्गालाई पून सरकारी बनाइएको छ ।
- साविकमा व्यक्तिको नाममा दर्ता कायम भए पनि आवश्यक अध्ययन र अनुसन्धान पश्चात लामो समय पछि नेपाल सरकारको नाममा स्रेस्ता कायम भएको छ, जसले गर्दा मालपोत कार्यालयले सार्वजनिक सम्पत्ति संरक्षणमा आफ्नो जिम्मेवारी बहन गरेको छ ।
- स्थानीय सममुदाय पनि मालपोत कार्यालयको यस कार्य प्रति सन्तुष्ट देखिएका छन् । साविकका हकवालाको समेत जग्गा सरकारी नै हो भन्ने कुरामा मन्जुरी रहेकोले पुनरावेदन गरेको देखिएन् ।
- धेरै पुराना स्रेस्ताबाट आइपर्नसक्ने समस्याबारे मालपोत कार्यालयले पाठ सिक्दै LRIMS लाई थप प्रभावकारी बनाउँदै गएको छ ।
- सरकारी तथा सार्वजनिक जग्गाको लगत र अद्यावधिक कार्यमा मालपोत कार्यालयले सक्रियता देखाएको छ ।
- झूठो र गलत नियतबाट भएको कामको भेद जुनसुकै बेला पनि खुल्न सक्ने भएकोले यस्तो कार्य गर्न निरुत्साहित गर्ने प्रतिनिधि उदाहरणको रुपमा यो मामिला रहेको छ ।
- सार्वजनिक जग्गा संरक्षणमा स्थानीयको सक्रियता महत्वपूर्ण हुने तथ्यको प्रमाणित गरेको छ ।

## ४. समस्या समाधानका लागि गरिएका प्रयासहरु

अदालतको फैसलाबमोजिम मालपोत कार्यालयले सरियम मियाइनको नाममा दा.खा. गरी छोराहरुको नाममा दर्ता गरी जग्गाधनी प्रमाणपूर्जा उपलबध गराएपछि सो जग्गाको स्रोत र प्राप्ति बारे स्थानीयको चासो बढ्न थालेको हो । उक्त प्रक्रियामा संलग्न कर्मचारीहरुसँग सोधपुछ गर्दा जग्गाको वारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजूरी परेको र अख्तियारलेसमेत मालपोत कार्यालयको कार्यसम्पादन प्रति चासो बढाएको बुझियो । मिति २०७४/९/२४ मा मालपोत कार्यालय पर्साका खरिदार श्री सुरेन्द्र गिरीले प्रमूख मालपोत अधिकृत समक्ष विगतको सम्पूर्ण व्योहोरा खुलाई, साविक

जग्गाधनीको स्रेस्तामा उल्लेख कित्ताहरु कायम भएको मि.नं. ५७ मिति २०५८/५/१७ को निर्णय मिसिलसमेत फेला नपरेकोले सो जग्गाको प्राप्तिको स्रोत नै शंकास्पद रहेको भनी आवश्यक छानविन गरी पाउँ भनी निवेदन पेश भएको थियो । सोही दिन मालपोत कार्यालय पर्साबाट जिल्ला नापी कार्यालय पर्सालाई उल्लेखित जग्गाको फिल्डबूक उतार गरी पठाइदिन पत्राचार गरेको थियो । साथै उक्त जग्गा रोक्काको लागि मोठ फाँटमा पत्राचार समेत गरिएको हो । नापी कार्यालय पर्साबाट फिल्डबुक उतार गरी पठाइएकोमा, फिल्डबूकमा आवाद लायक ऐलानी तत्कालीन श्री ५ को सरकारको नाममा रहेको उल्लेख छ । मालपोत कार्यालयबाट उक्त जग्गा दर्ता गराइलिने व्यक्तिहरुलाई झिकाई सोधपूक्ष गर्दा, अदालतको मिलापत्रअनुसार आफूहरुले दर्ता गराएको तर गाउँघरमा बुझ्दा सो जग्गा सरकारी नै भएकोले नेपाल सरकारको नाममा गर्दा कुनै आपत्ति नरहने व्योहोराको संयुक्त मन्जूरीनामा पेश गरेका थिए । तत्पश्चात् मालपोत कार्यालयबाट गरेको रोक्का फकूवा गरी, मालपोत ऐन २०३४ को परिच्छेद ७ दफा २४ को उपदफा २ बमोजिम नेपाल सरकारको नाममा स्रेस्ता कायम गर्न निर्णायार्थ पेश भएको देखिन्छ । दाखिला खारेज गरी नेपाल सरकारको नाउँमा स्रेस्ता कायम हुने निर्णय मालपोत कार्यालयबाट भएअनुसार सोहीबमोजिम भएको देखिन्छ ।

## ५. निष्कर्ष

आम नागरिकको अचल सम्पत्तिको संरक्षण गर्नुका साथै मालपोत कार्यालयले सरकारी तथा सार्वजनिक अचल सम्पत्तिको संरक्षणको समेत जिम्मेवारी लिएको हुन्छ । सार्वजनिक प्रशासनका मुख्य कार्यहरुमा सेवा प्रवाह, नियमन तथा जनपरिचालन रहेका हुन्छन् । जनताको सेवा प्रवाहको साथसाथै नियामक भूमिकामा पनि सार्वजनिक प्रशासनले भूमिका खेल्नुपर्दछ । सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, कानूनको पालना गराउने र कानूनी शासनको प्रत्याभूति गराउनमा सार्वजनिक प्रशासनले अहम भूमिका खेल्नुपर्दछ । आम नागरिकलाई छिटो र छरितो तथा सेवाग्राहीमैत्री सेवाका नाममा नियम, कानून तथा कार्यविधिलाई नजरअन्दाज गर्न भने पटक्कै सकिँदैन् । प्रस्तुत मामिलामा मालपोत कार्यालयले आफैले एकपटक गरेको निर्णयलाई आँफै उल्टाएको छ र उक्त जग्गा सार्वजनिक नै हो भन्नेमा सरोकारवालाको पनि सहमति छ । विगतमा मालपोत कार्यालयले गरेको निर्णयले हालमा समस्या ल्याएको देखिन्छ । तथापि सार्वजनिक जग्गाको संरक्षणमा मालपोत कार्यालयले देखाएको सक्रियता भने सराहनीय देखिन्छ । मालपोत ऐन २०३४, मालपोत नियमावली २०३६, जग्गा प्रशासन कार्यविधि २०५८, तथा मूलुकी ऐनका व्यवस्था समेतलाई आधारमानी मालपोत कार्यालय पर्साले गरेको निर्णयले सार्वजनिक अचल सम्पत्ति संरक्षण गर्नमा उदाहरणीय भूमिका खेलेको छ । सार्वजनिक जग्गाको लगत राख्ने, अद्यावधिक गर्ने, सोको संरक्षण गर्नमा अन्य सरकारी निकायहरुसँग आवश्यक सहकार्य गर्दै जानुपर्ने देखिन्छ ।

# मोलहु यादव र  रामपृत यादवबीचको लेनदेन  विवाद

**रुद्र बहादुर पछाई**

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ११७ ले प्रत्येक नगरपालिकामा उपप्रमुख र प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय  न्यायिक समितिको परिकल्पना गरेको छ । न्यायिक समितिलाई आफ्नो अधिकारक्षेत्रभित्र रहेका आलीधुर,  बाँध पैनी वा पानीघाट बाडफाँड तथा उपयोग, बाली नोक्सानी गरेको, आफ्नो घर वा बलेसीबाट अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने जग्गा नछाडेको तथा अन्य घरायसी लेनदेन लगायतका विवाद निरुपण गर्ने अधिकार रहेको छ । त्यसै गरी कुनै एक व्यक्तिको नाममा रहेको जग्गा अर्को व्यक्तिले चापी, मिची वा घुसाई खाएको, आफ्नो हक नपुग्ने जग्गामा घर वा कुनै संरचना बनाएको, गाली वेइज्जती, लुटपिट जस्ता विवादको निरुपण गर्दा मेलमिलापको माध्यमबाट गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । संघीय सरकारबाट स्वीकृत ७५३ स्थानीय तहमा निर्वाचन सम्पन्न भई हाल जनप्रतिनिधिहरुले आ( आफ्नो टोल,  बस्ती र गाँउमा विकासात्मक कार्यहरु गर्न व्यस्त रहेको अवस्था छ । यसै सन्दर्भमा स्थानीय तहमा उत्पन्न भएका र न्यायिक समितिको अधिकारक्षेत्रभित्र पर्ने विवादको निरुपण यस समितिले गर्दै आएको छ ।

## २. समस्याको कथन

समाजमा लेनदेनको कारोबार बरोबर हुने गर्दछ । कानून बमोजिम लिखत नगरी भएको लेनदेन व्यवहार गरेमा नालिस लाग्दैन।त्यसैले यस्ता कारोबार हुँदा दिनेलाई आफ्नो रकमको सुरक्षाको प्रत्याभूति हुनुपर्दछ भने लिनेले ऋणीबाट लिएको भन्दा बढी दावी नगरोस् भन्ने कुराको सुनिश्चितता हुनु पर्दछ । प्रस्तुत मामिला अध्ययनमा यस्तै एक लेनदेन व्यवहार सम्बन्धी विषयलाई चर्चा गरिएको छ ।जलेश्वरनाथ नगरपालिका वडा नं ८ बस्ने वादी मोलहु यादवले मिति २०७३।०५।२५ गते प्रतिवादी रामपृत यादवलाई २५,०००।- ऋण स्वरुप वार्षिक १०० कडा २ का दरले दिएको र सो साँवा, व्याज सहित एकमुष्ट रकम मिति २०७४।१२।२५ गते बुझाउने भाखा राखी कपाली तमसुक भएको रहेछ । यसरी लिएको साँवा रकम २५,०००। र सोको व्याज ९,५००। समेत गरी जम्मा ३४,५००। मिति २०७४।१२।२५ नाघ्दा समेत बुझाउन नआएकोले न्यायिक समितिमा तमसुकी कर्जा र व्याज भराइ पाउन उजुरी गरिएको छ।

## ३. मामिला विश्लेषण

किसनु यादवको छोरा जिल्ला महोत्तरी जलेश्वरनाथ नगरपालिका वडा नं ८ बस्ने बर्ष ३३ को मोलहु यादवको फिरादबाट भगत यादवको छोरा महोत्तरी जिल्ला जलेश्वरनाथ नगरपालिका वडा नं ६ बस्ने बर्ष ३५ को रामपृत यादवले मिति २०७३।०५।२५ गते उल्लेखित साक्षीहरुको रोहवरमा पच्चीस हजार सापटी तमसुक गराई दिएको व्यहोरा जानकारी हुन्छ । घर व्यवहार चलाउनको लागि लिएको कर्जा प्रतिवादी रामपृत यादवले मिति २०७४।१२।२५ गते भित्रमा साँवा र व्याज गरी जम्मा ३४,५००।-

बुझाउनु पर्नेमा म्याद गुजारी रकम नबुझाएकोले वादी मोलहु यादवले मिति २०७५।०२।२९ मा सो रकम भराई पाउन जलेश्वरनाथ नगरपालिकाको न्यायिक समितिमा उजुरी दिएका थिए । उक्त उजुरी उपर नगरपालिकाको न्यायिक समितिबाट प्राप्त प्रमाणको छानबिन पश्चात् वादी मोलहु यादवले गरेको उजुरी अनुसार निजको उजुरी मुलुकी ऐनको अ ब ८२ नं ले हक दैया पुग्ने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने तथा नियमानुसार लाग्ने दस्तुर बुझाई फिराद गरेको पाइयो। न्यायिक समितिको सिफारिस बमोजिम नगरपालिकाबाट मिति २०७५।०३।०३ गते विपक्षीका नाममा पत्र पठाई ७ दिनभित्र नगरपालिकाको न्यायिक समितिमा हाजिर हुन पत्राचार गरियो । वादीलाई भने निजको मोबाईल नम्बर राखी प्रतिवादी हाजिर भएपछि खबर गर्ने गरी फिर्ता पठाइयो ।

मिति २०७५।०३।०७ गते विपक्षी श्री रामपृत यादव न्यायिक समितिमा हाजिर हुनु भइ उक्त उजुरी उपर न्यायिक समितिका संयोजक श्रीमती मुन्चुन देवी द्वारा निजलाई सोधनी गर्दा प्रतिवादी रामपृत यादवले विपक्षीले मलाई घर खर्चका लागि रु. २५,०००।०० दिई कागज गरेको भन्ने कुरा सही भएको तर आफ्नो घरायसी अवस्था कमजोर भइ उक्त साँवा र ब्याज हाल तिर्न सक्ने अवस्था नरहेको बताए । सोही दिन नै वादी श्री मोलहु यादवलाई फोन गरी नगरपालिकामा बोलाईयो । दुवै पक्षको संयक्त छलफलबाट कुनै ठोस निचोड निस्कन सकेन । यसरी पुनः २०७५।०३।१५ गतेका लागि दुवै पक्षलाई बोलाईयो । असार १५ गते दुवै पक्ष नगरपालिकामा हाजिर भए पश्चात पुनः शुरू भयो बहस तथा छलफल । रामपृत यादवले हाल कुनै पनि हालतमा साँवा र ब्याज एकमुष्ट बुझाउन नसक्ने, मेरो अवस्था सुध्रिएपछि मात्र तिर्न सक्ने बताए अनि उता मोलहु भने जुनसुकै हालतमा साँवा र ब्याज तुरून्तै बुझाउनु पर्ने, पैसा नगद बुझाउन नसके जग्गा भएपनि हुन्छ भन्ने अडानमा देखिए । लामो बहस र छलफल पश्चात न्यायिक समितिबाट विभिन्न विकल्पहरू प्रस्तुत गरिएका थिए । यसरी न्यायिक समितिकै सुझाव र सल्लाह बमोजिम दुवै पक्षलाई मान्य हुने गरी ३ महिनाभित्र जसरी भएपनि विपक्षी रामपृत यादवले जग्गा जमीन बेचेर भएपनि साँवा २५,०००।०० र ब्याज रू. ५०००।०० गरी जम्मा एकमुष्ट ३०,०००।०० बुझाउने र रामपृत यादवलाई रू.४,५००।०० छुट दिने । यदि २०७५।०६।१५ गते भित्र उक्त ३०,०००।०० बुझाउन नसकेमा नगरपालिकाकै पहल र रोहवरमा रामपृत यादवको जग्गा लिलामी गरी उक्त अवधि सम्मको साँवा, ब्याज पुरै एकमुष्ट हिसाव गरी असुल गर्ने गरी मिलापत्र गरियो । यसरी दबै पक्षको साक्षीहरू समेत उक्त मिलापत्रमा राजी भए पश्चात् मिलापत्र कागज तयार पारी सही छाप गर्ने कार्य सम्पन्न भयो ।

## ४. समस्या समाधानको पहल

"Justice delayed is justice denied" भन्ने कानून तथा न्यायको सर्वमान्य सिद्धान्त रहेको छ । यसको अर्थ के हो भने न्याय निरुपण वा सम्पादन गर्दा ढिलाइ गरिन्छ भने मुद्दाको फैसला भएर पनि न्यायनुभुति नभएको र न्याय दिन इन्कार गरेको भन्ने बुझिन्छ । यस्तो सुस्त न्याय प्रणालीलाई द्रुत न्याय (speedy trial) प्रणालीमा रुपान्तरण गर्ने, स्थानीय स्तरमा नै निप्टाउन सकिने विवादलाई समाधन गरि अदालती प्रकृयाबाट छुट्कारा पाउन, झगडियाको समय र लागत कम गर्न न्यायिक समितिको परिकल्पना गरिएको हो । माथि उल्लेखित मर्म र भावना अनुरूप जलेश्वरनाथ नगरपालिकामा रहेको न्यायिक समितिले प्रस्तुत मुद्दामा २०७५।०२।२९ गते दायर गरिएको उजुरी उपर वादी तथा प्रतिवादीलाई झिकाई करीव १९ दिनमा उक्त उजुरीको टुङ्गो लगाउने कार्य सम्पन्न गर्यो ।

यसरी विभिन्न चरणको वार्ता र छलफलबाट दुवै पक्षका दावी र अडानलाई केन्द्रविन्दुमा राखी न्यायिक समितिले बीचको बाटो निकाल्न सफल भइ न्यायिक निरूपण गरेको देखिन्छ ।

## ५. निष्कर्ष

मोलहु यादव र रामपृत यादव बीचको यो विवाद यदि अदालती प्रक्रिया बाट गुज्रेको भए कति समय पछि यस मुद्दाको फैसला भई पिडितले न्याय पाउने भन्ने कुरा टुङ्गो हुन्नथ्यो।यस मुद्दामा मोलहु यादवले मिति २०७५।२।२९ गते दयार गरेको फिराद पत्र र मिलापत्र भएको मिति २०७५।०३।१५ सम्मको करिब १९ दिनको समयावधिमा मुद्दाको किनारा लागेको छ । यस मद्दाबाट स्थानीय तहमा हुने विवादको कारवाही र किनारा अदालतबाट हुने न्याय सम्पादन भन्दा अति छिटो, सरल र मितव्ययी भएको गतिलो उदाहरणका रूपमा देखाउँछ । न्याय निरूपण गर्दा पीडितले न्यायको अनुभूति पाएको छ कि छैन भन्ने प्रश्न अहम् हुन्छ । यस मुद्दामा साँवा रु. २५,०००।- र ब्याज रू. ९,५००।०० दाबी गरिएको लेनदेन विवादमा साहु र ऋणी दुबैको हितलाई मध्यनजर गरी उक्त मिलापत्र गरेको अवस्था छ । किनकि साहु मोलहु यादवको साँवा नडुब्ने र ऋणीलाई पनि तत्काल सम्पर्ण रकम तिर्न वाध्य बनाइएन । अर्थात साहुले रू.४,५००।०० ब्याज ऋणीलाई छुट दिएको अवस्था छ । तर ३ महिना भित्र तिर्न नसकेमा कडा प्रावधान राखी ऋणीलाई साहुको ऋण तिर्न वाध्य पारिएको छ । छोटो समय, कम लागत र विना झन्झट यस्ता प्रकारका विवादका विषयहरू स्थानीय तहबाट निरूपण हुन सकेमा संविधानले परिकल्पना गरेको न्यायिक समितिको सान्दर्भिकता अझै बढेर जाने देखिन्छ ।

# ज्येष्ठ नागरिकप्रतिको कनिष्ठ व्यवहार विरुद्ध न्यायिक समितिको सचिवालय

**रेखा दास**

## १. पृष्ठभूमि

नेपालमा न्याय सम्पादनको अधिकार तीन तहका अदालतलाई दिइएको भएपनि संविधान र कानून बमोजिम केही न्यायिक अधिकार स्थानीय तहलाई पनि दिइएका छ। नेपालको वर्तमान संविधानको धारा १२७ ले तीन तहका अदालतका अतिरक्त कानुनबमोजिम मुद्दा हेर्न स्थानीयस्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न अवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरेको छ । संविधानको धारा २१७ मा कानुन बमोजिम अफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला निर्णाय गर्न र केही विवादमा मेलमिलाप गराउन पाईने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, घाँस, ज्याला मजुरी नदिएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरिचाह नगरेको, नाबालक छोराछोरी वा पति पत्नीलाई इज्जत अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको, अन्य व्यक्तिको घरजग्गा वा सम्पतिलाई असर पर्ने गरी रुखबिरुवा लगाएको, परापूर्वकालदेखि सार्वजनिक रुपमा प्रयोग हुदै अएको बाटो, चौर, कुलो, नहर, पोखरी, पाटीपौवा, अन्त्येती स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुयाएको जस्ता सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरुपणको जिम्मा स्थानीय तहको न्यायिक समितिलाई दिएको छ ।

स्थानीय तहको कार्यान्वयनसँगै गोरखा नगरपालिकामा पनि उपप्रमुख विनाकुमारी श्रेष्ठको संयोजकत्वमा न्यायिक समितिको गठन भएको छ र यस समितिले अफ्नो अधिकार क्षेत्रभित्रका विभिन्न प्रकृतिका विवाद तनरुपण गर्दै आइरहेका छ । यसै क्रममा मिति २०७५/२/३ मा गोरखा नगरपालिका वडा नं. १४ की ७० वर्षीया नीरमाया अधिकारी (नाम परिर्वतन) ले आफू र श्रीमान् मानबहादुर अधिकारीलाई छोराहरुले पालनपोषण, औषधी उपचार तथा हेरचाह नगरेकोले उचित न्याय पाउँ भन्ने व्यहोरा लेखिएको पत्र १४ नं वडा कार्यालयको च. नं. ५६१ को पत्रमार्फत् न्यायिक समितिको सचिवालय, गोरखा नगरपालिकालाई प्राप्त भयो । एक दशकअधि अफूले गाँउको केही जग्गा मात्र राखी आफ्नो र श्रीमान्को नाममा रहेको सबै जग्गाजमिन आफूहरुको पालनपोषण तथा हेरचाह गर्ने शर्तमा दुइ छोराहरु माझ अंशवण्डा गरिदिएको तर हाल अएर छोराबुहारीहरुले आफूहरुलाई अवहेलना गरेको भन्ने व्यहोरा निवेदनमा उल्लेख थियो । आफूहरुले राखेको जग्गाबाट कुनै उत्पादन नहुने भएकाले खानलाउन र औषधीउपचार गर्नसमेत नसकेको पीडा नीरमायाले निवेदन मार्फत् पोखेकी थिइन् ।

## २. समस्या पहिचान

माथि उल्लेखित मामिलामा मुख्य समस्या भनेको जीवनभर अफ्ना सन्तानहरुप्रति समर्पित रहेका अधिकारी दम्पति वृद्धावस्थामा भने अवहेलित र तिरस्कृत भई अधारभूत अवश्यकता परिपूर्तिबाट समेत वन्चित हुनु हो । नेपालमा अधिकारी दम्पति जस्ता धेरै ज्येष्ठ नागरिकहरु पीडित, कुण्ठित र दयनीय भई बाँच्नु पर्ने अवस्था विद्यमान छ । नेपालमा ज्येष्ठ नागरिकहरुको हक अधिकारको सुनिश्चिता हुन नसक्नुलाई यस मामलाको प्रमुख समस्याको रुपमा लिन सकिन्छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन कानुन, नीति, नियमहरुको कार्यान्वयन र अनुगमन पक्ष फितलो हुँदा ज्येष्ठ नागरिकहरु थप मर्कामा परेका छन् । हाम्रो समाजमा वृद्धप्रति गरिने व्यवहार, मायाममता, सहयोग, सम्मानमा अएको विचलनले पनि वृद्धहरूको स्थिति नाजुक बन्दै गएको पाइन्छ । अर्थिक दृष्किोणले निष्क्रिय ज्येष्ठ नागरिकलाई घरपरिवार र समाजले पनि बोझकै रूपमा हेर्ने परम्पराका कारण नेपालमा अधिकारी दम्पति जस्ता धेरै ज्येष्ठ नागरिकहरुको जीवन चुनौतीपूर्ण भएको देखिन्छ ।

## ३.मामिला विष्लेषण

छोराहरुले आफूहरुको पालनपोषण, औषधीउपचार तथा हेरिचाह गर्ने विश्वासमा नीरमाया अधिकारी र मानबहादुर अधिकारीले वि. सं. २०६३ मा अफूहरुले गाउँको केही जग्गा मात्र राखी लगभग आठ-आठ रोपनी जग्गा छोराहरु मिनबहादुर अधिकारी र किरण अधिकारीमाझ अंशवण्डा गराईदिए । यद्धपि विगत केही वर्षदेखि भने आफूहरु छोराबुहारीहरुबाट अवहेलित भएको महसुस गरिहेको अधिकारी दम्पततले बताए । आफूले राखेको जग्गाबाट कुनै उत्पादन नहुने भएकाले आफूहरुलाई अधारभूत अवश्यकता परिपूर्ति गर्नसमेत अप्ठ्यारो परिहेको पीडा उनीहरुले पोखे । अफ्नो शरीर रोगले थिचिएको भइसक्दा पनि पैसाको अभावको कारण आफ्नो उपचार हुन नसकेको तथा औषधीउपचारको लागि छोराबुहारीहरुबाट कुनै पनि किसिमको आर्थिक सहयोग प्राप्त नभएको गुनासो नीरमायाले गरिन् ।

## ३.१ समस्याको कारण

माथि उल्लखित मामिलामा समस्याको मुख्य कारण भनेको सम्मानपूर्ण जीवनयापनको लागि अनुकूल वातावरणको अभावको कारण नेपालमा ज्येष्ठ नागरिकहरु कुण्ठित र दयनीय भई बाँच्नु पर्ने अवस्थाको सृजना हुनु हो । नेपालको संविधान २०७२ को धारा ४१ मा 'ज्येष्ठ नागरिकको हक' शीर्षकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनछ उल्लेख गरिएको छ । यसैगरी ज्येष्ठ नागरिकका हकहितको सुनश्चिताको लागि विभिन्न कार्यक्रम तर्जुमा गर्न सहज होस् भन्ने उद्देश्यले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६४ पनि जारी गरिएको छ । यसका अलावा हरेक वर्ष सरकारको नीति तथा कार्याक्रमहरूमा पनि ज्येष्ठ नागरिकको विषय समेटेको पाइन्छ। उपर्युक्त व्यवस्था भइरहँदा ज्येष्ठ नागरिकले भोग्नुपने समस्यामा कमी अउन नसक्नुले राज्यको कायाप्रणाली प्रभावकारी हुन नसकेको देखिन्छ ।

राज्यको व्यवस्थापकीय कमजोरीका कारण ज्येष्ठ नागरिक संवैधानिक र कानुनीरूपमै प्रत्याभूत गरइएका सेवा तथा सुविधाबाट वञ्चित हुनुपरेको अथवा त्यस्तो सेवा तथा सुविधा उपभोग गर्न निकै सास्ती र झन्झट बेहोर्नुापर्ने अवस्था विद्यमान छ । ज्येष्ठ नागरिकलाई सुलभ ढंगमा सेवा तथा सुविधा प्रदान गर्न सरोकारवाला निकायविच समन्वयको लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र सबै जिल्लामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएका छन् । तर ती निकायको कार्यसम्पादन

प्रभावकारी हुन नसक्दा ज्येष्ठ नागरिकले सहज र सरलरूपमा सेवा तथा सुविधा उपभोग गर्न पाइरहेका छैनन् । सरकारी स्तरबाट हालसम्म ज्येष्ठ नागरिकका लागि अपेक्षित मात्रामा सामाजिक सुरक्षा, सुविधा, क्षमता उपयोग आदि जस्ता प्रभावकारी कार्यक्रम सञ्चालन हुन सकेको छैन । सो कार्यमा अन्तर्राट्रिय सहयोगको अंशसमेत अत्यन्तै न्यून देखिएको छ । राज्यले ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग गर्न सकिरहेको छैन । सरकारी तथा गैर सरकारी निकायबाट प्रभावकारी कार्यक्रम पनि सञ्चालनमा छैनन् । साथै ज्येष्ठ नागरिकप्रति समाजमा सकारात्मक भावनाको पर्याप्त विकास हुन नसक्नुले पनि समस्या निम्त्याएको देखिन्छ । अर्थिक दृष्किोणले निष्क्रिय ज्येष्ठ नागरिकलाई घर-परिवार र समाजले पनि बोझकै रूपमा हेर्ने परम्परा हट्न सकेको छैन । हाम्रो परम्परागत पारिवारिक सरचनामा अएको परिर्वतन, अधुनिकीकरण, बढ्दो शहरीकरण, जीवनशैलीमा आएको परिर्वतन, एक पुस्ताबाट अर्को पुस्तामा देखिने अन्तर, साँस्कृतिक, धार्मिक, वैचारिक, राजनतिक परिवर्तनले आएको असहज वातावरणका कारण ज्येष्ठ नागरिकको जीवन व्यवस्थापनमा चुनौती थपिएका छन् । ज्येष्ठ नागरिकप्रति परविार, समाज र राज्यको भूमिका कमजोर हुनुका पछाडि वृद्धवृद्धामैत्री कानूनको अभाव पनि प्रमुख कारण हो । ज्येष्ठ नागरिक ऐन, २०६३ ले ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य परिवारको सदस्य, नातेदार वा हकवालालाई तोकेको छ । ऐनले तोकेको व्यक्तिबाट उचित पालनपोषण तथा हेरिचाह नभएका ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरिचाहको लागि सम्बन्धित स्थानीय निकायमा उजुरी दिन सक्ने व्यवस्था पनि गरेको छ । तर जिम्मेवारी निर्वाह नगर्नेमाथि के गर्ने भन्ने विषयमा ऐन मौन छ र यसले कुनै ठोस कारबाहीको बाटो देखाईंदैन ।

**३.२ परिणाम**

नेपालमा ज्येष्ठ नागरिकको संख्या दिनप्रतिदिन बढ्दै आरहेका छ । हाम्रो देशमा झण्डै नौं प्रतिशत जनसङ्ख्या ६० वर्ष उमेर पूरा गरेका वृद्धवृद्धाको छन । सन् २०११ को जनगणना अनुसार जनसङ्ख्या वृद्धिदर एक दशमलव चार प्रतिशत छ भने वृद्ध जनसंख्याको वद्धिदर तीन दशमलव चार प्रतिशत छ । यधपी वृद्ध जनसंख्याको उपयुक्त व्यवस्थापन हुन नसक्दा ज्येष्ठ नागरिकहरू अन्य समूहको तुलनामा अझ पीडित भइ बाँच्नुपर्ने अवस्था पनि वढ्दो नै छ । ज्येष्ठ नागरिक शारीरिक तथा मानसिक रुपमा अफूलाइ अन्य नागरिकको तुलनामा विभेदको अनुभव गर्छन् । प्राय: ज्येष्ठ नागरिकले अनुभव गर्ने विभेदमा यथोचित सम्मान र आदरभावको कमी, वस्तु तथा सेवाको असमान वितरण, दुरचार र अपहेलना र अझै ग्रामीण भेगमा न्यूनतम अधारभूत अवश्यकता कमी अदि पर्छन् । उनीहरूको आय उत्पादनमा सक्रिय भूमिका नहुनु र स्वास्थ्यको कारण परिवारका सदस्यप्रति आश्रित हुनुले आफू परिवारमा बोझ भएको महसुस गर्छन् । Help Age International बाट प्रकाशित Global Age Watch Index 2015 ले विश्वका ९६ देशमा गरेको अध्ययन अनुसार नेपाल ७० औँ स्थानमा छ । उक्त प्रतिवेदनको अनुसार दक्षिण एसियाली रष्ट्रहरूको तुलनामा नेपालमा वृद्धवृद्धाहरूको अवस्था अत्यन्तै दयनीय छ । राष्ट्रिय मानव अधिकार अयोग र वृद्धवृद्धाहरूको क्षेत्रमा काम गने संस्था जेरियाट्रिक सेन्टर नेपालले जुलाइ २००८ पछिका दुइ वर्षसम्म ज्येष्ठ नागरिकसम्बन्धी भएका दुर्व्यवहारसम्बन्धी दुइ राष्ट्रिय दैनिकमा प्रकाशित १ सय १७ समाचारको अध्ययन गरेको थियो । त्यस मध्ये ५१ घटना शारीरिक र दुर्व्यवहारसँग सम्बन्धित थिए भने ४५ वटा घटना घरभित्रका अन्य दुर्व्यवहारसंग सम्बन्धित थिए । यो तथ्यले नेपालमा ज्येष्ठ नागरिकहरू कुन तहको समस्या कहाँ खेप्दै छन् भनेर बुझ्न मद्दत गर्दछ ।

## ४. समस्या समाधानको लातग पहल

निरमायाको उजुरीउपर छलफल गर्न मिति २०७५/२/३० गते दिनको १.०० बजे वादी र प्रतिवादी दुवै पक्षलाई न्यायिक समितिको सचिवालय, गोरखा नगरपालिकामा उपस्थित हुन निर्देश दियो । तर त्यस दिन नीरमाया र उनका श्रीमान् मात्र उपस्थित हुँदा छलफल हुन सकेन । त्यसपछि मिति २०७५/३/१७ गते दुवै पक्षलाइ उपस्थित गराई मुद्दाको सुनुवाई गर्ने निर्णय गरियो । प्रतिवादी पक्षलाई त्यस दिन जसरी पनि उपस्थित हुनका लागि उपप्रमुख विनाकुमारी श्रेष्ठले फोनमार्फत निर्देश गरेपश्चात् असार १७ गते सबै जना उपतस्थित भए । न्यायिक समितिका संयोजक श्री विनाकुमारी श्रेष्ठ र सदस्यहरु श्री विना कैनी र श्री मित्रा परियार को रोहबरमा विवाद निरुपण कार्य शुरु भयो । निरमयााको छोराहरुलाई एक र एक रोपनी जग्गा आमाको नाममा गराइदिन अग्रह गरियो तर उनीहरु त्यति जग्गा आमा बुवालाई दिन तयार भएनन् । ५ / ५ अना जग्गा सम्म दिन सक्ने भन्ने कुरामा उनीहरु अडीग रहे । त्यति थोरै जग्गाले बृद्ध अधिकारी दम्पतिको गुजारा चल्ने नसक्ने देखिएपछि १०/१० अना जग्गा छोराहरुको तर्फबाट आमा बुवालाई दिनु पर्ने भन्ने निर्णय गरियो । धेरै बेरको छलफल पश्चात् प्रतिवादी पक्ष सो निर्णय कार्यान्वयन गर्न सहमत भयो । मिति २०७५/४/१५ भित्र छोराहरुले आमा नीरमाया अधिकारीको नाममा १०/१० अना जग्गा रजिष्ट्रेशन गरी दिने व्यहोराको मिलापत्रमा दुवै पक्षको सहीछाप गराइयो ।

## ५. निष्कर्ष

नेपालको कानुनले बुबा आमाको सम्पतिमाथि सन्तानको हक लाग्ने संबैधानिक व्यवस्था गरेको छ तर तिनलाइ उचित स्याहार गरेर पाल्नु पने बाध्यकारी व्यवस्था भने कतै छैन । ज्येष्ठ नागरिकका लागि बनाइएका ऐनहरू यथार्थपरक र व्यवहारिक भन्दा पनि भावनात्मक प्रकृतिका छन् । सरकारले असहाय र अपहेलित ज्येष्ठ नागरिकको जीवनको उत्तरार्द्ध सुखमय बनाईन वृद्धाश्रम र ज्येष्ठ नागरिक ग्राम सञ्चालन कार्यक्रममा जोड दिएको पाइन्छ र झट्ट हेर्दा यो कार्यक्रम आर्कषक छ तर ज्येष्ठ नागरिकहरुलाई परिवारमै सम्मानयुक्त जीवनयापनको व्यवस्था मिलाउनु बढी उपयुक्त हुन्छ । यसका लागि परिवारका सदस्य, खासगरी छोरा-बुहारीलाई बढी जिम्मेवार बनाउनुपर्छ । सामाजिक लाजगाल र नैतिक शिक्षाले काम गरेन भने कानुनी औजारसमेत प्रयोग गर्न पछि हट्नुहुन्न । ज्येष्ठ नागरिक ऐन संशोधन गरेर भएपनि वृद्धा बाबुआमाको हेरिचाह नगर्ने र उनीहरुप्रतिको कर्तव्य पालन नगर्नेहरुलाई सजायको व्यवस्था गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई वृद्धावस्था व्यवस्थापनको सीपहरू व्यक्तिगत, पारिवारिक र सामाजिक समायोजनका तौरतरिका सिकाउनु जरुरी छ। राज्यले ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवलाइ उच्च कदर गदै त्यसको अधिकतम प्रयोगका लागि उचित वातावरण तयार गर्नु पर्छ । यो उमेर समूहलाई राज्यले सम्मान तवरले अर्थिक, सामाजिक तथा उत्पादनशील क्षेत्रमा उपयोग गर्न सके यसबाट निश्चय पनि पररवार, समाज र रष्ट्र लाभान्वित हुनसक्छ । त्यसैगरी असहाय र अशक्त ज्येष्ठ नागरिकको व्यवस्थापनका लागि राज्यले थप सोच्नुपने अवश्यकता छ । साथै कानुनको प्रभावकारी कार्यन्वयन तथा भएका कानुनको सामायिक संशोधन गदै जानु पर्छ । ज्येष्ठ नागरिकलाई सबल, सुरक्षित र सम्मानित तवरले जीवनयापन गर्ने र गराईने सवालमा स्वयं ज्येष्ठ नागरिक, परिवार, समाज र राज्यको एकीकृत प्रयास जरुरी छ ।

# वावुको नाँउबाट छोरीको नाँउमा घरजग्गा नामसारी गराउदाको सास्ती

**शिव नारायण शाह**

## १. पृष्ठभूमि

घरजग्गा व्यक्तिको नैसर्गिक अधिकार हो र प्रचलित कानुन बमोजिम आफ्नो कर्तव्य तथा अधिकारको पालना गर्ने कुनै पनि योग्य व्यक्तिले प्रचलित कानुनको परिधिभित्र रही घरजग्गाको स्वामित्व धारण गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था नेपालको वर्तमान संविधानमा पनि उल्लेख गरेको छ । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा २५ को सम्पत्तिको हकमा व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ भनि उल्लेख छ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरुप व्यक्तिको आयमा कर लगाउन सक्ने प्रावधान रहेको छ । त्यस्तै, धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाउन वा अतिक्रमण गरिने छैन भनि व्यवस्था रहेको पाईन्छ । नेपालभित्र जग्गा प्रशासन कार्य अन्तर्गत घरजग्गाको स्वामित्व व्यवस्थापन र प्रमाणित गर्न सबै जिल्लामा मालपोत कार्यालय तथा भूमि प्रशासन सम्वन्धी कार्य गर्न भूमिसुधार कार्यालयको व्यवस्था भएकोमा उक्त कार्यालय नरहेको जिल्लामा जग्गा प्रशासन र भूमि प्रशासन समेतको कामकाज मालपोत कार्यालयले नै गर्नुपर्ने प्रावधान रहेको छ । मालपोत कार्यालयबाट जग्गा प्रशासन अन्तर्गत घरजग्गा रजिष्ट्रेसन/राजिनामा लिखत पारित, जग्गा नामसारी, हकसफा, धितोबन्धक/दृष्टिबन्धक, दाखिल खारेज, हालैदेखिको/शेषपछिको बकसपत्र, अंश बुझेको भर्पाई र अंशवन्डा लिखत, घरजग्गा रोक्का र फुकुवा, छुट जग्गा दर्ता, भोगाधिकार/लिज सम्बन्धी कार्य, सरकारी जग्गा संरक्षण र व्यवस्थापन, कानुन बमोजिम संशोधन हुने कार्य/लिखत, गुठी कार्यालय नभएको जिल्लामा गुठीको जग्गा प्रशासन सम्वन्धी कार्य, अर्धन्यायिक निकायले जग्गा प्रशासन सम्बन्धी निर्णय गर्ने कार्य लगायत कार्यालय श्रेस्ताको सुरक्षा व्यवस्थापन, अद्यावधिक र मर्मत संभार तथा नियमानुसार कार्यक्रम तर्जुमा र सो को कार्यान्वयन गर्ने कार्य गरिन्छ भने भूमि प्रशासन अन्तर्गत हदबन्दी सम्बन्धी कार्य, मोही नामसारी र लगतकट्टा लगायत बाँडफाँड सम्बन्धी कार्य, भूमिमाथिको द्वैध स्वामित्व अन्त्य हुने तथा भू-उपयोगको उचित व्यवस्थापनमा सहयोग हुने कार्य गर्दछ ।

जग्गा प्रशासन र भूमि प्रशासन सम्बन्धी कार्यलाई व्यवस्थित तथा सहज बनाउनका लागि मालपोत ऐन २०३४, जग्गा नापजाँच ऐन २०१९, भूमि सम्वन्धी ऐन २०२१, भूमि सम्वन्धी ऐनहरुको सँगालो, जग्गा प्राप्ति ऐन २०३४ तथा विर्ता उन्मुलन ऐन २०१६, मालपोत नियमावली २०३४, भूमि सम्वन्धी नियमावली २०२१, गुठी संस्थान नियमावली २०४९, जग्गा नापजाँच नियमावली २०५८ लगायत जग्गा प्रशासन निर्देशिका २०५८, भूमिसुधार कार्य निर्देशिका २०६०, सरकारी सार्वजनिक जग्गा संरचना कार्य निर्देशिका २०६२ तथा जग्गाधनी संकेत नम्वर निर्धारण निर्देशिका/हदबन्दी भन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश २०६८, डिजिटल डाटाको वितरण प्रयोग र नियमन

निर्देशिका २०६९, भू-सूचना प्रणाली सञ्चालन निर्देशिका २०७१, जग्गा प्रशासन कार्यविधि २०६० भाग १, जग्गा प्रशासन कार्यविधि २०६१ भाग २, जग्गा प्रशासन कार्यविधि २०६२ भाग ३, कार्यविधि २०६७ पहिलो संशोधन/भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम (सञ्चालन) कार्यविधि २०६७, भू-सूचना प्रणाली सम्वन्धी आन्तरिक कार्य सञ्चालन कार्यविधि २०७४ र नयाँ मुलुकी ऐन समेत जारी भई कार्यान्वयनमा रहेको अवस्था छ । तर कार्यालयमा दरबन्दी अनुसारको कर्मचारी नभई केही जनशक्तिको अभाव र प्रचलित कानुनी व्यवस्था, प्रावधान तथा केहि जटिल प्रक्रियाका कारण आफ्ना नजिकका आफन्त नहुँदा कानुनले व्यवस्था गरेको हक अधिकारबाट कतिपय नागरिकहरु व्यवहारिक रुपले वञ्चित हुनसक्ने अवस्था देखिन गई सोही बमोजिम कतिपय व्यक्तिहरु पीडित रहेको अवस्था अझै विद्यमान छ । यसै सन्दर्भमा प्रस्तुत मामिला जग्गा नामसारी सम्बन्धमा समस्या झेल्दै आइरहेको पिडित कर्मिता पुन मगरले भोग्नुपरेको कष्ट र झेल्नुपरेको अनेक पीडाको वरिपरि रहेको छ । आफन्तबीच आपसी मतभिन्नता, एकअर्काबीच असहयोगको भावना, गरिबी तथा केही कानुनी र प्रक्रियागत जटिलताका कारण जग्गा नामसारी समयमा नभएकोले सहज तरिकाले समयमा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्ने हकबाट वञ्चित रहेको अवस्था देखिन्छ । यसरी पीडित कर्मिता पुन मगरले जग्गा नामसारी पाउनका लागि भोगेका कष्ट र कानुनी प्रक्रियागत जटिलताको घटना यस अध्ययनको प्रमुख विषयको रुपमा रहेको छ ।

## २. समस्याको कथन

जिल्ला रोल्पा साविक बुढागाऊँ गा.वि.स. वडा नं. ३ हाल त्रिवेणी गाउँपालिका वडा नं. ३ बस्ने कर्मिता पुन मगरले मेरो बुवा शेरबहादुर पुन मगरको मिति २०६४/०३/१६ मा मृत्यू भएको, मृतक बुवा शेरबहादुर पुन मगरको एक मात्र पत्नी मेरी आमा चन्द्रकली पुन मगरको पनि मिति २०७४/०८/१७ मा मृत्यू भएको हुँदा मृतक आमा चन्द्रकली पुन मगरको नाममा दर्ता श्रेस्ता कायम भएको सम्पूर्ण घर जग्गाहरु मेरो नाममा एकलौटी नामसारी गर्नको लागि सिफारिस गरि पाँऊ भनि सम्बन्धित वडा कार्यालयमा निवेदन दिएकी थिइन् । सो सम्वन्धमा स्थलगत सर्जमिन मुचुल्काबाट समेत वास्तविक बुझ्दा निवेदिका कर्मिता पुन मगरको बुवा शेर बहादुर पुन मगरको सोही मितिमा मृत्यू भएको, मृतक बुवाको पहिलो पत्नी निरमाया पुन मगरले अर्को विवाह गरी पोईल गईसकेको र निज मृतक बुवाको दोस्रो पत्नी नजिकको हकदार एकमात्र पत्नी भनिएको मृतक चन्द्रकली पुन मगरबाट जायजन्म भएका सन्तानहरुमा जेठो छोरा कालुराम पुन मगर, माहिलो तिलाधर पुन मगर, साहिलो दलबहादुर पुन मगर र कान्छो छोरा जितबहादुर पुनमगर भएको, छोरीहरुमा जेठी सुनकली पुनमगर र कान्छी कर्मिता पुनमगर भएकोमा जेठी छोरीको विवाह भई आफ्नो पतिको घरमा घरजम गरी पतिसँगै बसेकी रहिछन् । कान्छी छोरी कर्मिता पुनमगर हालसम्म अविवाहित रहेकोमा जेठो छोरा कालुराम पुनमगर मिति २०६२/०७/११ गते देखि होश ठेगाना नभइ बेपत्ता भएको, माहिलो छोरा तिलाधर पुनमगर, सांहिलो दलबहादुर पुनमगर र कान्छो छोरा जितबहादुर पुनमगरले मिति २०६७/११/२३ गते मालपोत कार्यालय रोल्पामा गई कानुनी रुपमा अंशबण्डा लिइ सकेका छ । बेपत्ता कालुराम पुनमगर र निजको एकमात्र पत्नी धनकुमारी पुनमगरबाट जायजन्म भएका सन्तानहरुमा छोरा रेशमबहादुर पुनमगर, छोरी यमकुमारी पुनमगर भएकोमा निज यमकुमारीको विवाह भई आफ्नो घरमा बसेको, छोरा रेशमबहादुर पुनमगरको वैदेशिक रोजगारीको सिलसिलामा मृत्यू भएको र धनकुमारी पुनमगर दोस्रो विवाह गरी अन्यत्र गएको भनि स्थलगत सर्जमिन मुचुल्का र स्थानिय निकायको सिफारिस समेतबाट सोही व्यहोरा खुलेको तथा कर्मिता पुनमगरको जीवीकोपार्जनमा केही कठिनाई भएको हुँदा मृतक आमा चन्द्रकली पुनमगरको हालको सबैभन्दा नजिकको एकमात्र हकदारको रुपमा एकमात्र अविवाहित छोरी निज

कर्मिता पुनमगर रहेको हुँदा आमा चन्द्रकली पुनमगरको नाममा रहेको सम्पूर्ण घरजग्गाहरु मेरो नाममा एकलौटी नामसारी गरिपाऊँ भनी स्थानिय निकाय त्रिवेणी गाउँपालिकाको सम्वन्धित वडा कार्यालयको सिफारिस र अन्य कागजात प्रमाणहरुसहित मालपोत कार्यालय रोल्पामा निवेदन दिएको ।

## ३. समस्याको विश्लेषण

### ३.१ मामिलाको इतिहास

हाल त्रिवेणी गाउँपालिका वडा नं. ३ साविक गाविस बुढागाऊँ वडा नं. ३ ठेगाना भएको हाल मृतक शेरबहादुर पुनमगरले मिति २०३६ सालमा निरमाया पुनमगरसँग समाजिक परम्परा अनुसार पहिलो विवाह गरेका थिए । यीनिहरुबाट कुनै सन्तानको जन्म नभएको, आफ्नो इज्जत आमद अनुसार पत्नीलाई राम्रोसँग खानलाउन नदिएको, दाजुभाईहरुसँग एकाघर सगोलमा बसोवास गर्दै आइरहेको भएता पनि पारिवारिक लालनपालन र भरणपोषणमा त्यति ध्यान नदिएको र विभिन्न बाहानामा पत्नी निरमाया पुनमगरलाई कुटपिट गरी घरभित्र बस्न दिन नमानेको कारणले निज निरमाया पुनमगरलाई अर्को विवाह गर्नुपरेको थियो । त्यसपछि शेरबहादुर पुनमगरले २०३९ सालमा चन्द्रकली पुनमगरसँग दोस्रो विवाह गरेको थियो । कर्मिता पुनमगरको जैविक पिता शेरबहादुर पुनमगर र आमा चन्द्रकली पुनमगरबाट निजसहित चार दाजुभाई र दुई दिदीबहिनीको जन्म भयो । शेरबहादुर पुनमगरको जेठो छोरा कालुराम पुनमगरको मानसिक अवस्था ठिक नभएकोले होस ठेगाना नभई २०६२ सालदेखि वेपत्ता रहेकोमा गरिवीका कारण अन्य तीन भाई छोराहरु, दुई छोरीहरु, नातिनातिनी र पत्नीसँग बसोवास गरी ज्याला मजदुरीबाट जीविकोपार्जन गर्दै आइरहेको थियो । सोही सन्दर्भमा २०६४ सालमा घर मुली शेरबहादुर पुनमगरको मृत्यू भएको कारण चन्द्रकली पुनमगरले आफ्ना ३ छोराहरु २ छोरीहरु, नातिनातिनीसँग एकाघर सगोलमा बस्दै आइरहेकोमा चरम गरिवी र आपसी मेलमिलापको कमिले गर्दा तीनभाई छोराहरुले मिति २०६७/११/२३ मा मालपोत कार्यालय रोल्पामा गई आपसी सहमति अनुसार कानुनी रुपमा अंशवण्डा लिइ छुट्टै बस्न थाल्यो । सो पश्चात चन्द्रकली पुनमगरले दुःख गरि आफ्नो घर व्यवहार चलाउदै जीवननिर्वाहको यात्रामा मिति २०७१/०८/१४ गते जेठी छोरी सुनकली पुनमगरको शुभविवाह सुसम्पन्न गऱ्यो । अर्को तर्फ जेठो छोराबुहारी धनकुमारी पुनमगरले दोस्रो विवाह गरी अन्यत्र गएका, नातिनी यमकुमारी पुनमगरको विवाह सम्पन्न भई घरजम गरी बसेको र नाति रेशम बहादुर पुनमगरको बैदेशिक रोजगारको सिलसिलामा मृत्यू भएको अवस्थामा आमा चन्द्रकली पुनमगर र अविवाहित कान्छी छोरी कर्मिता पुनमगर सगोलमा बस्दै आइरहेको थियो । तर आमा चन्द्रकली पुनमगरको पनि मिति २०७४/०८/१७ मा मृत्यू भईसकेपछि कर्मिता पुनमगरले एक्लो टुहुरो भएको अवस्था महसुश गरी आमाको नाममा दर्ता श्रेस्ता कायम रहेको घरजग्गाहरु प्रचलित कानुन बमोजिम आफ्नो नाममा एकलौटी नामसारी हुन स्थानीय निकायको सिफारिस र अन्य कागजात प्रमाणहरुसहित मालपोत कार्यालय रोल्पामा निवेदन दिएको अवस्था रहेको छ ।

यता कर्मिता पुनमगर बालिग भई १९ वर्षको उमेर नाघिसकेको अवस्थामा गरिवीको कारण ५ कक्षासम्म अध्ययन गरेको र जीविकोपार्जन तथा बाँच्नका लागि संघर्ष गरिरहेको निजलाई उनको जिवनमा साहारा दिने कोही भएनन् । बावुआमा गुमाईसकेको यो उमेरमा दाजुभाईहरुबाट अलग भइसक्दा महिला भएर पनि संघर्ष गर्दै एक्लो जीवनयापन गर्नुको पीडादायी कष्टप्रद यथार्थ र तितो सत्य अनुभव निज कर्मिता पुनमगरको आत्मवृतान्त घटनाबाट बुझिएको छ । यस्तो अवस्थाबाट गुज्रिरहेको बेलामा पनि स्थानीय वडा कार्यालयबाट सजिलै तरिकाले सिफारिस दिन नमानेको, सो कार्यको लागि अनेक कठिनाइहरुको सामना गर्नुपरेको र स्थलगत सर्जमिन मुचुल्कामासमेत साक्षीको

रुपमा स्थानीय बासिन्दाहरु सजिलै बस्न नमानेको, अन्य आफन्त कोही सहयोगी नभएको र दाजुभाईहरुबाट समेत सहयोग प्राप्त नभएको तथा सो कार्यमा सहयोग गर्न कोही तयार भएको नदेखिएको कारण निकै लामो दिनको समय अवधिको प्रयास पछि बल्ल स्थानीय निकायको सिफारिस पाएकोमा खुशी हुँदै मालपोत कार्यालय रोल्पामा जग्गा नामसारीको लागि निवेदन दिन जाँदा हकदावी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने भएको बुझिएकोले सो को म्याद नाघिसकेपछि ३६ औँ दिन कार्यालय समयमा उपस्थित हुन जानकारी गराइएको अवस्था देखियो । यसरी प्रचलित कानूनमा व्यवस्था भए अनुसारको सम्पूर्ण कानूनी आधार, कागजात प्रमाणहरु जुटाइ रित पुऱ्याउँदै जग्गा नामसारी भइ जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्न करिव ३ महिना अवधि लागेको गुनासो पीडित कर्मिता पुनमगरको रहेको छ । तर जे जस्तो अवस्थाबाट गुज्रिनु परेतापनि जग्गाधनी प्रमाणपुर्जा सहित घरजग्गाको स्वामित्व प्राप्त गर्दाको बखतमा निजको अनुहारको मुस्कान र खुशीबाट झल्केको हर्षित मुद्राबाट दुःख, पिडा र कष्टका वाबजुद संघर्ष गर्दै गरिवीमा एक्लोपन महिलाको जीवन, सामाजिक पीडादायिक कठिनाई र निसहाय जिन्दगानीको व्यथाले भरिएको कथा र घटना नै यो मामिलाको इतिहास बन्न गएको छ ।

## ३.२ मामिलाको कारणहरु

मथि उल्लेखित घटनाका निम्न कारणहरु रहेका छन ।

- शेरबहादुर पुनमगरले आफ्नो ईज्जत आमदअनुसार पहिलो पत्नीलाई खान लाउन नदिएको, एकाघर सगोलमा बस्दा पारिवारिक भरणपोषणमा त्यति ध्यान दिन नसकेको र बिहे भएको केही वर्षमा कुनै सन्तानको जायजन्म नहुँदा विभिन्न बहानामा दोषारोपण गर्दै पहिलो श्रीमती निरमाया पुनमगरलाई कुटपिट गरी घरभित्र बस्न दिन नमानेको ।
- शेरबहादुर पुनमगरले पहिलो पत्नीलाई स्वीकार गर्न नसकि दोस्रो विवाह गरेकोमा शेरबहादुर र निजको दोस्रो पत्नी तर नजिकको हकदार एकमात्र पत्नी भनिएको चन्द्रकली पुनमगर समेतले अशिक्षा, गरिबी र चेतनाको कमीको कारण कमजोर आर्थिक अवस्थाका वावजुद पनि परिवार नियोजन गराउन नसक्दा अधिक सन्तानको जायजन्म भएको हुँदा परिवारिक समस्या जटिल हुँदै गएको ।
- पारिवारिक मेलमिलापको अभाव भएकोले सबै सदस्यहरुले आफ्नो जिम्मेवारी वहन गर्न नसकेको ।
- स्थानिय निकायले प्रचलित कानून बमोजिम सेवामैत्री भावले सर्वसुलभ प्रक्रिया नअपनाई कठिन कार्यविधिबाट असजिलो हुने किसिमले सहयोगको भावनाबाट वञ्चित भई सेवा प्रभाव गर्दा जटिल तरिकाबाट सेवा वितरण भएको भनी सेवाग्राहीको गुनासोबाट सोही अभिप्राय बुझिन गएको ।
- संवेदनशील कार्य जग्गा नामसारीको हकमा कार्य गर्दा प्रचलित कानुन, निर्देशिका र कार्यविधि अनुसार प्रक्रिया पुऱ्याई कार्य गर्नुपर्ने हुन्छ । तर सो अनुसार कार्य गर्दा कतिपय सेवाग्राहीहरु मर्कामा पर्नजाने देखिएकोले प्रक्रियामुखी केही कानुनी जटिलताको प्रभावका कारण सरलीकृत प्रक्रिया अपनाई सेवा प्रदान गर्न मिल्ने व्यवस्था नदेखिएको ।
- सामाजिक सद्भाव, सहयोग, समन्वय, पारिवारीक एकता र सहिष्णुताको कमिका कारण अवस्था सन्तोषजनक रहेको नदेखिएको ।

- सम्बन्धित सरोकारवाला कर्मिता पुनमगरको न्युन शैक्षिकस्तरको अवस्था, सामाजिक मेलमिलाप र चेतनाको कमी तथा केही वैचारिक कमजोरीका कारण उक्त अवस्थामा आवश्यक हुने बुझिएको पारिवारिक सामाजिक सहाराको रुपमा सकारात्मक विचार भएको मनमिल्ने जीवनसाथीको लागी प्रयास भएको नदेखिएको ।

### ३.३ मामिलाको प्रभाव

- मृतक बुवा शेरबहादुर पुनमगर र मृतक आमा चन्द्रकली पुनमगरको हालको सबैभन्दा नजिकको एकमात्र हकदार छोरी कर्मिता पुनमगरले जग्गा नामसारी सम्बन्धी आफ्नो हकअधिकार पाउन लामो समय संघर्ष गर्नुपरेको र उनलाई जग्गाधनी प्रमाण-पुर्जासहित घरजग्गाको सम्पत्ति स्वामित्व हस्तान्तरण प्राप्त गर्नबाट वञ्चित पार्ने प्रयास नभए पनि वञ्चित हुनसक्ने अवस्था सृजना भएको जस्तो देखिएको ।
- आमा चन्द्रकली पुनमगरको नाममा रहेको सम्पूर्ण घरजग्गाहरु मेरो नाममा एकलौटी नामसारी हुन सिफारिश गरी पाऊँ भनी जग्गा नामसारी सिफारिशको लागी निवेदन दिएको महिना बितिसक्दा पनि स्थलगत सर्जमिन मुचुल्कामा साक्षी रोहवरमा सहिछाप सनाखत गर्ने व्यक्तिहरु नहुँदा सो कार्यको लागि राजी गराउन निकै कठिनाईको सामना गर्नुपरेको ।
- जीविकोपार्जनको लागि दैनिक ज्याला मजदुरी गरेर जीवननिर्वाह गर्दैआएको कर्मिता पुनमगरले यसरी लामो समयसम्म जग्गा नामसारी गराउने कार्यको निमित धाईरहनु पर्दा थप आर्थिकभार पर्न गई निजको आर्थिक स्थिति अझै दयनिय हुँदै गएको अवस्था रहेको देखियो ।
- प्रचलित कानुन बमोजिम रित पुऱ्याई जग्गा नामसारी गराउनुपर्दा कानुनी प्रक्रिया र सो सम्बन्धी केही जटिलता तथा आफन्त र स्थानियस्तरबाट अपेक्षितरुपमा सहयोग प्राप्त नभएका कारण अनेक कष्ट, पीडा झेल्दै लामो समयको अथक प्रयासपछि कर्मिता पुनमगरले घरजग्गा नामसारी गराउन सफल भएको देखिएको।
- जग्गा नामसारी सम्बन्धी सेवा प्राप्तगर्ने प्रयासरत अवधिभर कर्मिता पुनमगरले शारीरिक, मानसिक र आर्थिकरुपले कमजोर भएको भनी सो अवस्था महशुस गरेको बुझिएको ।

## ४. समस्या सामाधान गर्न गरिएका प्रयासहरु

मृतक पिता शेरबहादुर पुनमगरबाट मृतक आमा चन्द्रकली पुनमगरको नाममा श्रेस्ता कायम रहेको घरजग्गाको स्वामित्व हस्तान्तरण हुने खालको सबभन्दा नजिकको एकमात्र हकदार भनिएको अविवाहित छोरी कर्मिता पुनमगरले घरजग्गा नामसारी सम्बन्धी समस्यालाई लिएर करिब दुई महिना अगाडिदेखि दुई पटक मालपोत कार्यालय रोल्पामा निवेदन दिन आएको थियो । उक्त कार्यालयबाट सम्बन्धित स्थानीय निकायको सिफारिस पेश गर्नुपर्ने भएकोले सो कागजातसमेत संलग्न राखी निवेदन सहित माग गरिएकोमा त्रिवेणी गाउँपालिका अन्तर्गत आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयको सिफारिस प्राप्त गर्न नसक्दा पुनः मिति २०७५/०१/२८ गते कार्यालय समयमा उपस्थित भई मृतक आमा चन्द्रकली पुनमगरको नाममा श्रेस्ता कायम रहेको घरजग्गाहरु आफ्नो नाममा एकलौटी नामसारी गरी पाऊँ भनी मालपोत कार्यालय रोल्पाको कार्यालय प्रमुख समक्ष निवेदन दिएका थियो । सो कार्यालयको प्रमुखले निजलाई स्थानीय निकायको सिफरिससहित कागजात प्रमाणहरु लिई जग्गा नामसारी कार्यको लागी आउन भनी पटकपटक सम्झाई बुझाई सुझावसहित पठाइएकोमा सिफारिस विना प्राप्त हुनआएको कागजात उपर घरजग्गा नामसारीको लागि कुनै काम कारवाही गर्न मिल्ने नदेखिएकोले

मामिलाको सम्पूर्ण व्यहोराको जानकारी आफू स्वयं गरी मलाई अध्ययन गर्न लगाउनु भई सो सम्बन्धमा यथार्थ बुझ्न भन्नुभएकोमा निज निवेदीका कर्मिता पुनमगरसित वास्तविक अवस्था बुझ्दा स्थानिय निकायले थप व्यहोरा बुझी सिफारिस दिनमिल्ने भनि जानकारी प्राप्त हुन आयो ।

यसरी मालपोत कार्यालय रोल्पामा उपस्थित भई निवेदिका कर्मिता पुनमगरले मौखिक रुपमा घटना अवस्थाबारे गरिदिएको बयान अनुसार त्रिवेणी गाउँपालिका र सो अन्तर्गतको सम्बन्धित वडा कार्यालयको अधिकार प्राप्त सरोकारवालासँग विभिन्न माध्यमबाट सम्पर्क गरी बुझ्दा कर्मिता पुनमगरको जेठो दाई कालुराम पुनमगरको होश ठेगाना नभई वेपता भएकोमा निजको एकमात्र पत्नी धनकुमारी पुनमगर बारे कुनै जानकारी प्राप्त हुन नआएको, निजको छोरा रेशमबहादुर पुनमगरको वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएकोमा सूचक फाराम भरी मृत्यूदर्ता गराउन हालसम्म कोही आधिकारिक व्यक्ति नआएको र छोरी यमकुमारी पुनमगरको हालसम्म विवाह भए/नभएको बारे यकिन गर्नुपर्ने भएको हुनाले स्थलगत सर्जमिन मुचुल्काको साक्षी रोहवरमा बस्न कोही नमानेको देखिएकोले सिफारिस गर्न नसकेको व्यहोरा बुझिन आएकोमा निवेदिका कर्मिता पुनमगरको दयनीय निसहाय अवस्थालाई मध्यनजर गरी निजलाई सर्वपक्षीय सहयोग प्रदान गरी प्रचलित कानुन बमोजिम हुने गरी कानुनी प्रक्रिया पुऱ्याई सकेसम्म यथाशिघ्र सिफारिस गरीदिनुहुन भनि अनुरोध भएकोमा सोही अनुसारको सिफारिस प्राप्त हुँदा स्थलगत सर्जमिन मुचुल्कासहितको स्थानिय निकायको सिफारिस र आवश्यक कागजात प्रमाणहरुसमेत संलग्न राखि मालपोत कार्यालय रोल्पाको कार्यालय प्रमुख समक्ष निवेदन दिनुभएको हुँदा कार्यालय प्रमुखले जग्गा नामसारीको लागी कानुन बमोजिम आवश्यक कार्यवाही भई पेश हुन भनी मुद्दा शाखालाई तोकादेश गर्नुभयो ।

मालपोत कार्यालय रोल्पाको मुद्दा शाखामा कार्यरत आधिकारिक कर्मचारीसँग समन्वय गरी बुझ्दा यस्तो अवस्थाको घरजग्गा नामसारीको लागी भएको व्यवस्था र प्रावधान अनुसार हकदावी सम्बन्धी पैंतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने देखियो । सोही प्रावधान अनुसार स्थानीय दैनिक पत्रपत्रिकामा हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरियो । त्यस्तै, हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना टाँस गरी सोको जानकारी पठाईदिनुहुन भनी जिल्ला अदातलको नाममा पत्र लेखि बोधार्थ तथा कार्याथ भनि जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, सम्बन्धित गाउँपालिकाको ३ नं. वडा कार्यालयलाई सार्वजनिक सूचनासहितको पत्र पठाईयो । सो पश्चात् प्रचलित कानुन अनुसार उक्त घरजग्गा नामसारी सम्बन्धि कानुनी प्रक्रिया पुऱ्याई रितपूर्वक हुनेगरी सुचनाको म्याद समाप्त भएपछि निवेदिका कर्मिता पुनमगरको सहीछाप सनाखत गराई घरजग्गा नामसारी भएपछि सोको घरजग्गाधनी प्रमाणपुर्जा वितरण सहित हर्षित बनाई पठाईयो । सो समयमा निवेदिका कर्मिता पुनमगर खुशीले गदगद भएको निजको उतिबेलाको अवस्था गरिबी र कष्टपीडाले भरिएको मुस्कानबाट छर्लङ्ग बुझ्न सकिन्थ्यो ।

## ५. निष्कर्ष

पिता जंगबहादुर पुनमगर र आमा चन्द्रकली पुनमगरको मृत्यु पश्चात छोराहरु तिलाधर, दलबहादुर र जीतबहादुर पुनमगरको गल्ति, पारिवारिक एकता र सदभावको कमी तथा अशिक्षा र अज्ञानताको कारण उनीहरुले बहिनी कर्मिता पुनमगरलाई रक्तनाता सम्बन्धको सहयोगबाट वञ्चित गरी कुनै वास्ता नगरेको हुनाले निर्दोष कर्मिता पुनमगरले आर्थिक, मानसिक र सामाजिक रुपले विक्षप्त भएको जस्तो महशुस गरी अनेकौ कष्ट र कठिनाईहरुको सामना गर्नुपरेको छ । निज कर्मिता पुनमगरले ढिलोचाँडो

आफ्नो हकअधिकार प्राप्त त गरिन् तर उनले पाएको शारीरीक मानसिक कष्ट, झेल्नुपरेको समस्या, भोग्नुपरेको पीडा र आर्थिक हानि नोक्सानीको क्षतिपूर्ति कसले दिन सक्ला ? नेपालको सविधानको धारा २५ सम्पतिको हक अनुसार प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पति आर्जन गर्ने, व्यवसायिक लाभ प्राप्तगर्ने र सम्पतिको अन्य कारोवार गर्ने हक हुनेछ तथा धारा ३७ आवासको हक अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाउन वा अतिक्रमण गरिने छैन । त्यस्तै, धारा १८ समानताको हक अनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरीनेछैन तथा धारा ३८ महिलाको हक अनुसार प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ । धारा ४३ सामाजिक सुरक्षाको हक अनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकलाई कानुन बामोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख भएको देखिन्छ । तर पनि विभिन्न वहाना देखाउँदै कानुनी जटिलताको नाममा कर्मिता पुनमगर जस्ता कैयन पीडित नागरिकले समयमा सेवा प्राप्त गर्न नसकेको अवस्था विद्यमान रहनुले तिनीहरुको लागी दुखदायी र पीडादायक स्थिति सृजना हुनु शासनप्रणाली र सार्वजनिक सेवाप्रवाहको लागि चुनौतीपुर्ण हुन गएको छ ।

# वैदेशिक रोजगारीको नाममा महिला बेचबिखन तथा ओसारपसार न्युनीकरणमा जि.प्र.का बाँकेको राहदानी फाँटको भूमिका

**सुनिता पहरी**

## १. पृष्ठभूमि

जिल्ला प्रशासन कार्यालय बाँकेको विभिन्न फाँटमध्ये राहदानी फाँट पनि एक हो । राहदानी फाँटबाट राहदानी जारी गर्नका लागि आवेदन संकलन गर्ने साथै पासपोर्ट वितरण गर्ने कामसमेत हुने गरेको छ । यस्तै, द्रुत सेवामार्फत काठमाण्डूबाट राहदानी बनाउने सेवाग्राहीका लागि जिल्लाको सिफारिस पत्र समेत बनाउने काम जिप्रकाको राहदानी फाँटले गर्दै आएको छ । यहाँ हरेक दिन राहदानी बनाउन औसतमा १२ देखि १५ वटा आवेदन पर्ने गर्दछ । यसैगरी काठमाण्डूबाट द्रुत सेवामार्फत राहदानी लिनका लागि १-२ वटा आवेदन पर्ने गर्दछन् । महिनाको २ पटक मेसिन रिडेबल पासपोर्ट अर्थात एमआरपी छाप्नका लागि जिल्लामा संकलन भएका आवेदन फारम राहदानी विभाग काठमाण्डौंमा पठाइन्छ । आवेदन संकलन गरेको ४० दिनपछि राहदानी फाँटले एमआरपी सम्बन्धित व्यक्तिलाई वितरण गर्दछ । पछिल्लो समय पुरुष मात्र नभई महिलाहरु पनि वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार झण्डै ४० लाख नेपाली रोजगारीका लागि विदेशमा छन् । विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७१/७२ को अवधिमा अनुसार ३९ लाख ७४ हजार ८ सय ७० जना रोजगारीका लागि विदेशिएका छन । तीमध्ये १ लाख ४३ हजार १ सय ३६ जना महिला कामदार छन । आर्थिक वर्ष २०७२/७३ साउनसम्मको अवधिमा १ हजार ९ सय ४६ महिला कामदार श्रम स्वीकृति लिएर गएका छन । सोही अवधिमा रोजगारीमा गएका पुरुष कामदारको संख्या ३६ हजार १ सय ३५ छ । आर्थिक वर्ष २०६३/६४ पछि मात्रै वैदेशिक रोजगारीका लागि महिला कामदारको तथ्याङ्क राख्न सुरु गरिएको हो । उत्पादनमूलक क्षेत्र, औद्योगिक मजदुरका रुपमा विदेश जाने नेपाली महिला त छँदै छन, सँगसँगै घरेलु कामदारका रुपमा पनि नेपाली महिला रोजगारीका लागि विदेश पुगेका छन ।

रोजगारीका लागि विदेश जाने मानिसका आआफ्नै रहर र बाध्यता छन । घरेलु कामका लागि नेपालबाट रोजगारीमा गएका महिलाहरुको रहर भन्दा धेरै बाध्यता रहेको छ । दूरदराजका लेखपढ गर्न नसक्ने महिला, एकल महिला तथा घरेलु हिंसामा परेका धेरैजसो महिला घरेलु कामका लागि वैदेशिक रोजगारीका लागि जान्छन । तर उनीहरुको सपना त्यतिखेर टुट्छ जतिबेला गाँउमा दलालले भनेजस्तो काम र कमाई हुँदैन । घरेलु कामदारका रुपमा जाने सबैले दुखै पाएका छन भन्ने होइन । त्यहीं अनुभवले विदेशमै आफ्नै व्यवसाय खोलेर राम्रै कमाइ गरिरहेकाहरु पनि छन । तर त्यो संख्या औंलामा गन्न सकिने छ । फेरी घरेलु कामदारका रुपमा विदेश पुगेकाहरुलाई श्रम कानूनले पनि समेट्दैन । यसले गर्दा उनीहरुले कति समय काम गर्नुपर्ने हो ? तलब कति पाइने हो भन्ने कुनै टुंगो हुँदैन । श्रम शोषण त छँदैछ, यौनशोषणमा पनि घरेलु महिला कामदार पर्ने गरेको खबर बेलाबेलामा सुनिन्छ । सरकार आफैंले घरेलु काममा पठाउन कहिले बन्द गर्ने अनि कहिले खुल्ला गर्ने गर्दा गैरकानूनी रुपमा घरेलु काममा पठाउने दलालका लागि बाँदरलाई लिस्नो झैं भएको छ । हिंसामा परेका तथा दुःखी र

सोझा सीधा महिलालाई विभिन्न प्रलोभन देखाइ फकाएर राहदानी बनाउने र प्रतिबन्धित देशमा पनि पठाउने काम बढेको छ । यसले महिला हिंसा तथा बेचबिखनलाई अझ टेवा पुऱ्याइरहेको छ । बाँके जिल्ला त झन् भारतसँग सीमा जोडिएको जिल्ला भएकाले भारतको बाटो हुँदै महिलालाई असुरक्षित रुपमा विदेश पठाउन अति संवेदनशील क्षेत्रका रुपमा रहेको छ ।

## २. समस्या पहिचान

२०७४ साल माघ ३ गते कोहलपुर नगरपालिका वडा नम्बर १ बस्ने अम्बर बहादुर दमाईले आफ्नो श्रीमतीले जिल्ला प्रशासन कार्यालय बाँकेबाट जारी गर्न लागेको राहदानी रोक्का गर्न माग गर्दै निवेदन पेश गरे । उनकी श्रीमती मैत्री दमाईले घरमा सल्लाह नै नगरी पासपोर्ट बनाएर अवैध रुपमा विदेश जान लागेको विवरणसहित अम्बर बहादुर दमाईले जिल्ला प्रशासन कार्यालयमा राहदानी रोक्काका लागि निवेदन दिएका थिए । सुर्खेत माइती भएकी मैत्री दमाईले बाँकेबाट पतिको नाममा नागरिकता बनाइसकेकीले बाँकेबाटै राहदानी लिन आवेदन भरेकी थिइन् र उनको राहदानी काठमाण्डूबाट बनेर आइसकेको थिएन । राहदानीको आवेदन बुझाउने क्रममा उनले नक्कली अभिभावक खडा गरेको कुरा उनकै पतिको उजुरीपछि मात्रै थाहा भयो ।

## ३. ममिला विश्लेषण

विवाह भई आएका महिलाको हकमा राहदानी बनाउनका लागि आवेदन फारम र फोटोका साथमा आफ्नो नागरिकताको प्रतिलिपि, नागरिकताको आधिकारीकता बारे जिल्ला बुझी आएको पत्र, विवाह दर्ता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि तथा पतिको नेपाली नागरिकताको सक्कल र प्रमाणित प्रतिलिपि आवश्यक पर्ने कानुनी प्रावधान छ । राहदानी फाँटका तत्कालीन कर्मचारीले यी सबै कागजात पूरा भएपछि मैत्रीको आवेदन स्वीकार गरेका थिए । तर उनको साथमा राहदानी लिन मन्जुरी दिने अभिभावकको बारेमा जानकारी राख्न भने उनीहरु चुके । मैत्रीको साथमा आएका व्यक्तिसँगको उनको नाता सम्बन्ध खुल्ने प्रमाणपत्र माग नगराउँदा समस्या उत्पन्न भयो । राहदानी फाँटमा कर्मचारी परिवर्तन भैरहने कारणले गर्दा पनि यस्तो समस्या दोहोरिएको हुनसक्ने त्यहाँका कर्मचारीले बताए । यही कमजोरी थाहा पाएका वैदेशिक रोजगारीका दलालहरुले पटक पटक सोझा महिलाको अभिभावक बनेर राहदानी जारी गराउने गरेको समेत पाइयो । साथै केही महिलाले त विदेश गएर पैसा कमाउन जान खोज्दा रोक्न किन खोज्ने भन्दै कर्मचारीसँग झगडासमेत गर्ने गरेका छन् । मैत्रीको हकमा भने उनले नक्कली अभिभावक खडा गरेर झुक्याएर आवेदन स्वीकृत गरेको पाइयो ।

### ३.१ समस्याको कारण

आर्थिक रुपले विपन्न अनि दलित समुदायकी मैत्री दमाईले परिवारलाई नै नसोधी विदेशिने सपना देख्नुमा उनी मात्रै नभइ उनको परिवारको पनि दोष थियो । उनी घरेलु हिंसाका परेकी महिला थिइन् । सानै उमेरमा विवाह अनि आर्थिक स्थिति पनि कमजोर भएकाले उनका ईच्छा आकांक्षा पूरा हुन सकेको थिएन । साथै श्रीमान्ले पनि घर खर्च नदिने, कुटपिट गर्ने तथा परिवारबाट पनि मानसिक यातना उनले पाएकी थिइन् । यो सब कुरा थाहा पाएका वैदेशिक रोजगारका दलालले उनलाई विदेशिने र धन कमाउने सपना देखाइदिएका थिए । पासपोर्ट बनाउन लाग्ने पैसा पनि उनीहरुले नै तिरिदिएको र विदेश जाँदा लाग्ने पैसा पनि उनीहरुले नै हालेर पठाउने सम्झौता भएको थियो । यो सबै कुरा उनले पासपोर्ट लिन आउँदा रोक्का भएको थाहा पाएपछि सुनाएकी थिइन् । घरेलु हिंसा सहन बाध्य उनीजस्तो अशिक्षित तथा निम्न आर्थिक स्थिति भएकी महिलासम्म न्यायका लागि कसरी अघि बढ्ने भन्ने चेतना

पु¥याउन नसक्दा यसले अर्को समस्या निम्ति रहेको छ । राहदानी बनाउने बेलामै उनीहरु जोखिममा पर्न सक्ने कुरा ध्यानमा नराखी राहदानी दिदाँ विदेशमा गएर जोखिममा पर्ने समस्या बढिरहेको पाइएको छ ।

## ४.समस्या समाधानको पहल

